# महिला, विपन्न, असहाय र असक्षम समेतको अधिकार सम्बन्धी स्रोत पुस्तिका

# २०७२

न्यायमा पहुँच अयोग, सर्बोच्च अदालत समक्ष

प्रस्तुत

**प्रस्तुतकर्ता**

गोविन्दकुमार श्रेष्ठ

परामर्शदाता

# भाग १

## १. प्रारम्भिक

### विषय प्रवेश

प्रत्येक व्यक्तिको ज्यू धनको रक्षा गरी राजनैतिक, आर्थिक, सामाजिक, सास्कृतिक एवं धार्मिक लगायतका अधिकारहरुको निर्वाध उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्नु  र कानूनको शासनको माध्यमबाट मानव अधिकारको संरक्षणको प्रत्याभूति दिनु हरेक राज्यको दायित्व हुन्छ। संविधान प्रदत्त मौलिक हक तथा विभिन्न कानूनहरुद्वारा व्यवस्थित हक अधिकारको प्रचलनको निमित्त त्यस्ता हक अधिकारको प्रवर्द्धन र उपचार विधिको सुनिश्चितताको अभावमा संविधान तथा कानूनमा उल्लेख गरिएका हक अधकिकारको औचित्यता पुष्ठि नहुने हुदा सम्बन्धित कानूनमा नै उपचार विधिको पनि स्पष्ट व्यवस्था गरिएको हुन्छ।

राज्यको दृष्टिमा हरेक नागरिक समान हुन्छन्। यद्यपि केही विशेष अवस्थामा रहेका नागरिकहरुको हकमा राज्य विशेषरुपले संवेदनशिल हुन पनि जरुरी हुन्छ। आफ्नो हक अधिकारको उपभोग र प्रचलनको लागि व्यक्ति स्वयंको सजगता एवं कृयाशीलताको महत्वपूर्ण भूमिका रहेको हुन्छ। तर सवै वर्गका मानिसहरु समानरुपले सक्षम रहेको भने पाइदैन। संविधान र कानूनले आफूलाई के कस्ता हक अधिकारहरु प्रदान गरेको छ र ती अधिकारहरुको उल्लंघन भएको अवस्थामा के कस्तो उपचारका उपायहरु अवलम्बन गर्नुपर्छ भन्ने ज्ञान वा जानकारीको अभावमा अन्याय सहेर नै बस्नुपर्ने स्थिति कदापि वाञ्छनीय हुन सक्दैन। न्यायसम्मको पहुँचबाट टाढा रहेका यस्ता वर्गहरुप्रति राज्यले जिम्मेवारी बहन गर्नु पर्ने हुन्छ।

हाम्रो सन्दर्भमा आर्थिक, सामाजिक शैक्षिक र साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गत भएका व्यक्ति लगायतका बर्गको सशक्तिकरण वा विकासको लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने गरी संविधानमा नै व्यवस्था गरेको छ। यस्तो संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्नको लागि शिक्षा एवं चेतनामूलक कार्यहरुको विशेष महत्व रहेको हुन्छ।

कानून बारे जानकारी राख्न पाउनु प्रत्येक व्यक्तिको हक अधिकार को विषय हो। कानूनद्वारा निर्धारित आफ्नो हक अधिकारको निर्वाध उपभोग गर्न पाउने र आफ्नो हक अधिकरको उल्लंघन भएमा कानूनी उपचारको प्राप्त गर्ने वातावरणको सिर्जनाको लागि वस्तुतः कानूको ज्ञानको आवश्यकता हुन्छ। कानूनको बारेमा जानकारी थिएन भन्ने आधारमा कसैले पनि छुट वा सुविधा पाउन सक्दैन भन्ने मान्यता रही आएबाट प्रत्येक व्यक्ति आफ्नो अधिकारको वारेमा सजग रहन जरुरी हुन्छ। आफ्नो हक अधिकारको वारेमा वेवास्ता गर्ने व्यक्तिलाई कानूनले मद्दत गर्न नसक्ने अवस्था एउटा पाटो हो भने प्रत्येक नागरिकलाई आफ्नो अधिकारको वारेमा पर्याप्त जानकारी दिन कानूनी शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने राज्यको दायित्व अर्को पाटो हो। यसर्थ साना, ठूला, गरिव, धनी, शिक्षित, अशिक्षित, बालक बृद्ध (ज्येष्ठ नागरिक) कोही पनि र कुनै लिङ्ग विशेषको कारणबाट न्यायको पहुँचबाट वन्चित नहोउन भन्ने विषयमा राज्य सदैव सजग रहनु जरुरी हुन्छ।

## अध्ययनको आवश्यकता

नेपालले वि.स. २०४७ साल पश्चात अधिकारको दृष्टिकोणले निकै फट्को मारेको छ। अधिकारसंग सम्बन्धित २२ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरुमा नेपाल पक्षराष्ट्र भै सकेको छ। विषेश अवस्थाका मानिसहरु (महिला, बालबालिका, अपाङ्ग, आदी) को अधिकारको संरक्षण र सम्बर्द्धनको लागि छुट्टै महासन्धिहरु पनि बनेका र तीनमा नेपाल पनि पक्ष राष्ट्र भएको छ। एकातर्फ पक्ष राष्ट्र बन्नु आफैमा राम्रो पक्ष

हो भने अर्कोतर्फ उक्त महासन्धिहरुद्वारा संरक्षित अधिकारहरु लक्षित वर्गले निर्वाध रुपले उपभोग गर्न सकिराखेका छन छैनन् त्यसलाई सुष्मरुपले अध्यनन मनन् गर्नु अपरिहार्य हुन्छ। सो कुरा हाम्रो परिप्रेक्ष्यमा चुनौतिपूर्ण रहेको छ। विभिन्न अध्यनहरुले के देखाएको छ भने महिला, विपन्न, असहाय र असक्षमहरु आफ्ना हक अधिकारप्रति जानकार नै छैनन र कति जानकार पनि अभाव, प्रभाव र दवावको कारण त्यसको उपचारको लागि अदालत तथा अन्य सम्बन्धित निकायहरुमा जान सकिराखेका छैनन्। अर्कोतर्फ न्यायमा पहुँचको लागि अदालत जस्ता न्याय सम्पादन गर्ने निकायहरु जनताको पहुँचमा (Accessible) (भौगोलिकरुपमा सहज पहुँचमा रहेको), व्यययोग्य (Affordable) (आर्थिक रुपले खर्च गर्न सक्ने) र स्वीकारयोग्य (Acceptable) (न्यायलयमा प्रयोग हुने भाषा मुद्दाका पक्षहरुले बुझ्ने) हुनु पर्ने हुन्छ। तर हाम्रो सन्दर्भमा यी सवै कुराहरु पूर्णरुपमा लागू भएको पाइदैन। फलस्वरुप न्यायका उपभोक्ता विशेष गरेर महिला, विपन्न, असहाय र असक्षमहरु बढी प्रभावित भएको देखिन्छ। तसर्थ थोरै भएपनि यी समस्याहरुको समाधानमा यो पुस्तिका सहयोगी हुने अपेक्षा लिइएको छ।

प्रस्तुत पुस्तिकाबाट मुख्य गरेर महिला, विपन्न, असहाय एवम् असक्षम लगायतका व्यक्तिहरु लाभाम्वित हुने र राज्यका विभिन्न अंगहरुमा रहेका यो विषयका जिम्मेवार अधिकारीहरुका लागि सहायक सिद्ध हुने आशा लिईएको छ। यसका साथै अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु तथा तिनमा कार्यरत जनशक्तिहरुका लागि पनि यो पुस्तिका सहयोगी हुने अपेक्षा लिइएको छ।

## अध्ययनको उद्देश्य

महिला, विपन्न, असहाय र असक्षमसमेतलाई उनिहरुको अधिकारहरुको बारेमा सचेतीकरण गर्ने, अधिकार उल्लघंन भएको अवस्थामा के कस्ता निकायहरुमा के कुन कानूनहरुको प्रयोग गरी प्रचलनको लागि उपस्थित हुने तथा त्यस्ता अधिकारहरुको प्रचलनको सम्बन्धमा कानूनी तथा व्यवहारमा के कस्ता समस्याहरु देखिएका छन र ती समस्या समाधानको लागि के कस्तो उपायहरु अबलम्बन गर्ने भन्ने विषय उजागर

गर्ने नै प्रस्तुत स्रोत पुस्तको मुख्य उद्देश्य रहेको छ। यसका अलावा आधिकाधिक रुपमा महिला, विपन्न, असहाय, असक्षमसमेतलाई उनिहरुको अधिकारहरुको भरमजदुर प्रयोग र उपभोग गर्न सक्षम बनाउनु पनि यस पुस्तिकाको उद्देशय रहेको छ।

## कार्यदिश

यस पुस्तिकाको तयारीको लागि निम्न बमोजिमको कार्यदिश रहेको थियोः

- महिला, विपन्न, असहाय र असक्षम व्यक्तिका अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेजहरुमा भएका मुख्य व्यवस्थाहरु
- तत्सम्बन्धमा भएका नेपाल सरकारका मुख्य मुख्य नीतिगत व्यवस्थाहरु र स्रोत परिचालनको अवस्था
- संवैधानिक व्यवस्था
- विभिन्न नेपाल कानूनमा रहेका व्यवस्थाहरु
- सर्वोच्च अदालतबाट यस बारेमा भएका मुख्य मुख्य फैसला र आदेशहरुको छोटकरी विवरण
- अधिकार हनन हुँदा प्राप्त हुन सक्ने कानूनी उपचारहरु
- औपचारिक निकाय
- अनौपचारिक निकाय
- कानूनी उपचार प्राप्त गर्ने सन्दर्भमा उपनाउनु पर्ने प्रक्रिया
- कानूनी उपचार प्राप्त गर्दा राज्यबाट उपलब्ध हुन सक्ने सुविधा र सहायता
- यस्ता अधिकार सम्बन्धमा कानून र वयवहारमा देखिएका समस्याहरु
- समस्या समाधानका उपायहरु

## अध्ययन विधि

यो पुस्तिका तयारीका लागि देहायका पद्दतीहरु अवलम्बन गरिएको छः

- विशेषज्ञहरु तथा सम्बन्धित निकायहरुबाट सामाग्री सङ्कलन र विश्लेषण
- विज्ञहरु र सरोकारबालाहरुसंग छलफल तथा अन्तरक्रिया

- विशेषज्ञहरु तथा सम्बन्धित निकायहरुबाट सामाग्री सङ्कलन, विज्ञहरु तथा सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया सम्पन्न पश्चात प्राप्त सामाग्रीको विश्लेषण गरी पुस्तिकाको मस्यौदा तयारी
- मस्यौदा उपर न्यायमा पहुँच आयोग (Access to Justice Commission) को सचिवालयसँग निरन्तर सम्पर्क रही अन्तरक्रिया

## अध्ययनको क्षेत्र र सीमा

यस स्रोत पुस्तिकामा महिला, विपन्न, असहाय र असक्षमहरुको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरुमा रहेका अधिकारहरुको बारेमा अध्यन गरिएको र प्रस्तुत स्रोत पुस्तिकाको तयारी अवधी प्रस्ताब स्वीकृति भएको मितिले एक महिना पन्ध्र दिनको रहेको थियो।

# भाग २

# मानव अधिकारको परिचय

## २. मानव अधिकारको परिचय

### २.१ पृष्ठभूमि

मानिसलाई मानिस भएर बाच्नको लागि केही आधारभूत अधिकारहरुको आवश्यकता हुन्छ र यी अधिकारलाई मानव अधिकार भनिन्छ। (प्रस्तुत स्रोत पुस्तिकामा अधिकार भन्नाले मानव अधिकारलाई समेत समेट्ने गरी शब्दको प्रयोग गरिएको छ) यी अधिकारहरु मानिसको जीवन, स्वतन्त्रता, समानता, प्रतिष्ठा मर्यादासंग सम्बन्धित छन। मानिसका यी अधिकारहरु जन्मसिद्ध, सर्वमान्य, अविभाज्य, अपरिहार्य एवं प्राकृतिक अधिकारहरु हुन र मानवीय मूल्य र मऱ्यादासंग सम्बन्धित हुन्छन। यी अधिकार मानिस भएर बाच्नुको अर्थसंग सम्बन्धित छन। मानिसलाई अन्य प्राणीभन्दा भिन्न देखाउने प्रमुख आधारमध्य मानव अधिकार एक प्रमुख आधार हो। मानव अधिकार र मौलिक स्वतन्त्रतालाई लोकतन्त्रको आधारशीला मानिन्छ। जहाँ मानव अधिकार र मौलिक स्वतन्त्रतामा अंकुश लगाइएको हुन्छ, त्यहाँ लोकतन्त्रको अस्तित्व नै संकटमा पर्ने खतरा रहन्छ। सन १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना पश्चात मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा अर्न्तराष्ट्रिय प्रयासको थालनी भएको पाईन्छ। मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रुपमा स्वीकार गर्दै संयुक्त राष्ट्रसंघको महासभाले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणा जारी गरेको थियो। उक्त घोषणा मानवको जन्मसिद्ध एवं नैसरगिक अधिकारको परिभाषा गरिएको पहिलो अर्न्तराष्ट्रिय दस्तावेजको रुपमा लिईन्छ। संयुक्त राष्ट्रसंघको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणालाई आधार मानेर मानव अधिकारको विविध पक्षहरुलाई समेट्ने गरी मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरु जारी हुदै आएका छन।

संसारका धेरैजसो मुलुकहरुमा अधिकार उल्लङ्घनका धेरै घटनाहरु घटिरहेको कुरा हामीले पढ्न र सुन्न पाइरहन्छौं। यसबाट नेपाल पनि अछुतो रहन सकेको छैन। यस्ता अधिकार उल्लङ्घनका घटनाहरुलाई रोकथाम गर्ने र उल्लङ्घन भएको अवस्थामा अधिकार बहालिकोलागि प्रयासहरु भै राखेको पनि छ। बास्तवमा मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि जसरी अन्तर्राष्ट्रिय स्तरबाटै मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरुको निर्माण हुदै आएको छ सोही किसिमबाट उक्त कानूनहरुमा उल्लिखित अधिकारहरुको बहालिको लागि अन्तर्राष्ट्रिय स्तरबाटै विभिन्न संयन्त्रहरुको निर्माण पनि हुदै आएको छ। यसरी अन्तर्राष्ट्रिय स्तरबाटै अधिकारको उल्लङ्घनलाई रोकी मानव अधिकारको संस्कृतिको निर्माण गरी विश्वमा दिगो शान्ति र विकासका लागि जे जस्तो सकरात्मक प्रयास भए तापनि यो प्रयास पूर्णरुपमा सफल हुन नसकिरहेको अवस्था हाम्रो सामु विद्यमान छ। मानव शोषण, अन्याय र मानव अधिकारको हननका पुराना स्वरुप समाप्त हुँदै गए पनि यिनका नयाँनयाँ स्वरुप विकसित भइरहेका छन। जसलाई सहजै सम्बोधन गर्न कठिन छ तर पनि विश्व जगतले विभिन्न उपाय अवलम्बन गरी मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने प्रयास गर्दै आएको छ। यस प्रयासमा राज्यको प्रमुख भूमिका हुने भएकोले राज्यलाई बढी जिम्मेवार बनाउने बिभिन्न उपायहरु पनि अवलम्बन गर्रिंदै आएको छ। यही प्रमुख भूमिकालाई मध्यनजर गर्दै नेपाल राज्यले पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा अधिकारको क्षेत्रमा आफूले जनाएको प्रतिवद्धतालाई व्यवहारिक रुपमा प्रचलनको लागि विभिन्न संयन्त्रहरुको व्यवस्था गरेको छ। तसर्थ यस्ता कानूनमा उल्लेख भएका आफ्ना अधिकार र उपचारका संयन्त्रहरुको बारेमा जनता सचेत हुनु अति आवश्यक हुन्छ।

## २.२ परिभाषा

"मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ" [1]

अधिकार भन्ने शब्दबाट नै यो कुनै व्यक्तिले उपयोग गर्ने, यसलाई सबै तह र तप्काबाट उच्चसम्मानका साथ आदर गरिने र यसको बाध्यात्मकहरुमा पालना हुने कुराको अनुभूति हुन्छ। मानव अधिकार प्रत्येक मानिसमा जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभाव बिना प्राप्त हुने अधिकार हो[2]

मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाच्नका लागि आवश्यक पर्ने सवै अधिकारहरुलाई मानव अधिकार भनिन्छ।[3]

मानव अधिकार भगवान वा दैवीशक्तिको उपहार ( Gift of the God) भएकोले यसलाई कसैले खोस्न, नास्न, मास्न वा मानव जीवनबाट छुट्याउन सक्दैन भन्ने पनि मानिन्छ। प्राकृतिक अधिकार (Natural Rights) को रुपमा मानव अधकारलाई लिइने हुनाले पनि यसको महत्व अझ बढेको छ। मानव अधिकारलाई जुसुकै विशेषणद्वारा विभूषित गरिएको भए तापनि बास्तबमा यो मानिसका लागि मानिस भएर बाँच्न अपरिहार्य रुपमा स्थापित भएको अधिकार हो। [4]

---

[1] राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा.....

[2] मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८ धारा २

[3] मानव अधिकार प्रश्नउत्तर सँगालो २०७१, राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवन ललितपुर, नेपाल

[4] सेलर्ड, २०६० पृष्ठ ५

## २.३ मानव अधिकारको आधारभूत सिद्धान्त

मानव अधिकारका सिद्धान्त भन्नाले मानव अधिकारका दस्तावेजका सार हुन। यिनै सिद्धान्तहरुको आधारमा मानव अधिकारको उपभोग तथा प्रचलन सम्भव हुन्छ। यी सिद्धान्तहरुलाई तल वर्णन गरिएको छः

**विश्वव्यापकता**

मुलत मानव अधिकारको सिर्जना अन्तर्राष्ट्रिय कानूनबाट हुने हुँदा यो विश्व व्यापी हुन्छ। मानव अधिकार विश्व भरका मानिसलाई कुनै भेदभाव विना प्रयोग हुने हुन्छ। कुनै एक देशको मानिसले मानव अधिकारको उपभोग गर्न पाउने तर सोही अधिकार अर्को देशका मानिसले उपभोग गर्न नपाउने हुदैन र सवै मानव अधिकार विश्वभरका मानिसहरुले समान रुपले उपभोग गर्न पाउने हुँदा नै मानव अधिकारलाई विश्वव्यापी हुन्छ भनिन्छ।

**समानता तथा अभेदभाव**

मानव अधिकारको मूल मर्म भनेको मानवीय आत्मसम्मान भएको र विभेदले आत्मसम्मानलाई निषेध गर्ने हुँदा समानता तथा भेदभावरहित मानव अधिकारको कार्यान्वयन अत्यन्त महत्वपूर्ण हन्छ। सवै मानव अधिकार सवै मानिसले समानरुपले उपभोग गर्न पाउनुपर्छ। कुनै पनि कानूनको प्रयोग गर्दा कुनै पनि मानिसबीच जात, वर्ण, धर्म, लिङ्ग, वर्ग, जन्म (कुन मुलुकमा जन्मेको हो) शारीरिक अवस्था (अपाङ्गता एचआइभी सङ्क्रमीत) लगायत् कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन। कानूनको अगाडि सवै मानव समान हुन्छन र सवैले समानरुपमा आफ्ना अधिकार उपभोग गर्न सकुन् भन्नाका लागि आफ्ना अधिकार दावी तथा संरक्षण गर्न नसक्ने कमजोरवर्गको अधिकार सुरक्षित गराउन राज्यले प्राथमिकता दिनुपर्छ।

**अहस्तान्तरणीयता**

मानव अधिकारको मूल तत्व भनेको मानवीय आत्मसम्मानको रक्षा हो। जीवनको अधिकार भन्नु नै आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार हो। मानवीय आत्मसम्मानविना मानव जीवन पशुतुल्य हुने हुँदा कुनै पनि मानिसलाई उसको कुनै पनि अधिकारबाट वञ्चित गर्न मिल्दैन। मानव अधिकार अरुलाई हस्तान्तरण गर्न पनि मिल्दैन।

**अन्तरनिर्भरता**

मानव अधिकार अविभाज्य हुनुका साथै तिनीहरु एक अर्कासँग अन्तरनिर्भर र अन्तरसम्बन्धित पनि छन। जस्तैः स्वास्थ्यको अधिकार पुरा हुन खाद्य, पानी, स्वच्छ वातावरण, यातना विरुद्ध, समानता लगायत विभिन्न अधिकार पूरा हुनु जरुरी हुन्छ।यसैगरी खाद्य अधिकार पूरा हुन रोजगारी, पेसा व्यवसाय, तथा रोजगारीको अधिकार पूरा हुनु पर्दछ।

**अविभाज्यता**

मानव अधिकारलाई तिनको कार्यान्वयनका सन्दर्भमा कुनै अधिकार दिने र अर्को अधिकार नदिने गरी विभाजन गर्न मिल्दैन। जस्तै स्वास्थ्यको अधिकार दिने र समानताको अधिकार नदिने भन्न मिल्दैन। एउटा मानिसलाई पोसिलो र पर्याप्त खाना, शिक्षा  तथा स्वास्थ्यको अधिकार नदिने हो भने बोल्न पाउनुको कुनै अर्थ हुदैन। त्यसैगरी मानिसलाइ खाना, नाना, छानाको अधिकार दिने तर स्वतन्त्रतापूर्वक हिंडडुल गर्न, बोल्न तथा संगठित हुन नदिने हो भने उसको जीवन मर्यादित हुदैन।तसर्थ मानव अधिकार अविभाज्य हुन्छन भन्ने मान्यता राखिएको हुन्छ।

## २.४ मानव अधिकार र राज्यको दायित्व

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले मानव अधिकारप्रति राज्यका केही निश्चित दायित्वहरुको सिर्जना गरेको हुन्छ। मानव अधिकारसम्बन्धी कुनै अन्तर्राष्ट्रिय कानूनमा राज्य पक्ष बनेपछि त्यस्ता राज्यले तल उल्लिखित दायित्वहरु पूरा गर्नुपर्छ।

**सम्मान गर्ने दायित्व**

कुनै पनि मानव अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय कानूनको पक्ष राष्ट्र भै सकेपछि उक्त कानूनहरुमा उल्लिखित अधिकारहरुप्रति त्यस्तो राज्यले सम्मान व्यक्त गर्दै ती अधिकारहरुको उपभोगमा हस्तक्षेष नगर्ने दायित्व राज्यको पहिलो र महत्वपूर्ण दायित्व हो।

**संरक्षण गर्ने दायित्व**

नागरिकहरुका लागि मानव अधिकारको निर्वाध उपभोगको सुनिश्चित गर्दै प्रभावकारी रुपमा नियमन गर्ने तथा तेस्रो पक्षबाट कुनै नागरिकको मानव अधिकारको उपभोगमा बाधा व्यवधान उत्पन्न भएमा उक्त बाधा व्यवधान तथा अवरोध हटाई नागरिकलाई मानव अधिकारको उपभोगको सुनिश्चित गर्नु राज्यको अर्को महत्वपूर्ण दायित्व हो।

**पुरा गर्ने दायित्व**

नागरिकहरुलाई मानव अधिकारको प्रयोग र प्रचलनको लागि कानूनी व्यवस्थाहरु एवं नीति तथा नियमहरु र कार्ययोजनाहरु निर्माण गरी त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु तथा मानव अधिकार संरक्षणको लागि संयन्त्रहरुको निर्माण गरी मानव अधिकारको उपभोगको सहज वातावरण बनाईदिनु पर्ने राज्यको अर्को महत्वपूर्ण दायित्व हो।

# भाग ३

# मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजमा महिला, विपन्न, असहाय र असक्षमहरुको अधिकार

## ३. मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजमा महिला, विपन्न, असहाय र असक्षमहरुको अधिकार

### ३.१ मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८

जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, वैचारिक आस्था, जन्म आदि कुनै पनि आधारमा भेदभाव नगरी विश्वका सवै मानिसहरुको अधिकारलाई सम्बोधन हुनेगरी अर्न्तराष्ट्रिय स्तरबाट घोषणा गरिएको प्रथम दस्तावेजको रुपमा मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८ लाई लिइने गरिन्छ। यो दस्तावेजलाई संयुक्त राष्ट्रसंघको महासभाले डिसेम्बर १०, सन १९४८ मा घोषणा गरेको थियो र यो घोषणा भएको दिनको सम्झना स्वरुप प्रत्येक वर्षको डिसेम्बर १० लाई अर्न्तराष्ट्रिय मानव अधिकार दिवसको रुपमा हरेक देशहरुले मनाउदै पनि आइरहेका छन। यो घोषणामा महिला, विपन्न, असहाय र असक्षम समेतको लागि देहायबमोजिमको अधिकारहरुको व्यवस्था गरेको छः

- सवै व्यक्तिको समान प्रतिष्ठा र अधिकार हुने। (धारा १)
- जाति, वर्ण, लिङ्ग, धर्म, राजनीतिक वा अन्य मत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरु कुनै मर्यादाको आधारमा भेदभाव विरुद्धको अधिकार। (धारा २)
- वैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार। (धारा ३)
- दासत्व विरुद्धको अधिकार। (धारा ४)
- यातना विरुद्धको अधिकार। (धारा ५)
- कानूनको दृष्टिमा सर्वत्र एक व्यक्तिको रुपमा मान्यता पाउने अधिकार। । (धारा ६)
- कानूनको दृष्टिमा सवै समान हुने र विना भेदभाव सवै कानूनको समान संरक्षणको अधिकारी हुने अधिकार। (धारा ७)

- संविधान वा कानूनद्वारा दिइएको मौलिक अधिकारहरुको उल्लघंन विरुद्ध योग्य राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार।(धारा ८)
- मनोमानि ढंगले देश निकाला वा गिरफ्तारी वा नजरबन्द विरुद्धको अधिकार।(धारा ९)
- निष्पक्ष सुनुवाईको अधिकार।(धारा १०)
- कुनै पनि दण्डनीय अपराधको आरोप लागेको व्यक्तिलाई खुला अदालतको कानूनअनुसार अपराधी नठहराउन्जेल निर्दोष मानिने र कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत अपराध मानिदैन भने त्यस्तो कामको लागि कुनै पनि व्यक्तिलाई दोषी नठहऱ्याउने र अपराध गर्दाको समयमा दिन सकिने सजाय भन्दा बढी सजाय नदिने अधिकार।(धारा ११)
- गोपनियताको हक।(धारा १२)
- स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकार।(धारा १३)
- राष्ट्रियताको अधिकार।(धारा १५)
- जाति, राष्ट्रियता वा धर्मको भेदभावबिना वयस्क महिला र पुरुषलाई आपसमा विवाह गर्ने र परिवार बसाउने अधिकार।(धारा १६)
- सम्पत्तिको अधिकार।(धारा १७)
- धार्मिक स्वतन्त्रताको अधिकार।(धारा १८)
- विचार, स्वतन्त्रता र अभिव्यक्तिको अधिकार।(धारा १९)
- शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार।(धारा २०)
- सरकारमा भाग लिने र सरकारी जागिरमा समान प्रवेशाधिकारको अधिकार।(धारा २१)
- सामाजिक सुरक्षाको अधिकार।(धारा २२)
- काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने र बेकारीबाट सुरक्षा, समान कामको लागि समान ज्याला पाउने, काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि

मानविय प्रतिष्ठा अनुरुप आफ्नो जीविकाको बन्दोवस्तको लागि उचित र अनुकूल पारिश्रमिक पाउने तथा ट्रेड युनियन स्थापन गर्ने र त्यसमा भाग लिन पाउने अधिकार। (धारा २३)

- तलवि विदा सहित आराम र विश्रामको अधिकार। (धारा २४)
- पर्याप्त जीवनस्तरको अधिकार। विरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको नियन्त्रण बाहिरको अरु कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षा तथा आमा र शिशुहरुलाई विशेष हेरचाह, सहायता पाउने अधिकार। (धारा २५)
- शिक्षाको अधिकार। (धारा २६)
- सामाजिक सास्कृतिक जीवनमा भाग लिने अधिकार। (धारा २७)

## ३.२ दासत्व महासन्धि, १९२६

यो महासन्धिको मुख्य उद्देश्य भनेको नै मानिसलाई दासको रुपमा बेचविखन (अफ्रिकी दासहरुको वेचविखन) गरिने परम्परालाई रोक्नु हो। २५ सेप्टेम्वर १९६५ मा हस्ताक्षर गरिएको यो महासन्धि सन ९ मार्च १९२७ देखि लागू भएको हो। नेपालले यो महासन्धिलाई ७ जनवरी १९६३ तद अनुसार २३ पुष २०१९ मा पक्ष राष्ट्र भएको हो। यो महासन्धिले दास व्यपारलाई यसरी परिभाषित गरेको छ " दास व्यापारले दासत्वको अवस्थामा पुर्याउने मनसायले कुनै व्यक्तिको कब्जा, प्राप्ति वा बिक्रीसँग सम्बन्धित सम्पूर्ण कार्यहरु, दासलाई बिक्री गर्ने वा विनिमय गर्ने उद्देश्यस्यले सो दासको प्राप्ति सम्बन्धी सम्पूर्ण कार्यहरु, दासहरुको व्यापार वा ओसारपसारको सामान्यतः प्रत्येक कार्य तथा बिक्री गर्ने वा आदान प्रदान गर्ने उद्देश्यले प्राप्त गरिएको दासको बिक्री वा आदानप्रदानका सम्पूर्ण कार्यहरुसमेतलाई जनाउँदछ"

**यस महासन्धिको मुख्य मुख्य व्यवस्थाहरु निम्न छनः**

- दास व्यापारको रोकथाम तथा अन्त्य गर्ने
- सकेसम्म छिटो तथा प्रगतिशील रुपमा सब प्रकारको दासत्वको पूर्ण उन्मूलन गर्ने
- अनिवार्य वा बलयुक्त श्रम सार्वजनिक उद्देश्यहरुका लागि मात्र गराउन सकिने

- सार्वजनिक उद्धश्यकालागि बाहेक अन्य उद्धश्यको लागि अझैसम्म पनि अनिवार्य वा बलयुक्त श्रम प्रचलनमा रहेका इलाकाहरुमा त्यस्तो व्यवहारको सकेसम्म चाँडो अन्त्य गर्नु पर्ने
- सबै अवस्थाहरुमा अनिवार्य वा बलयुक्त श्रम गराएकोमा सम्बन्धित ईलाकाका सक्षम केन्द्रीय अधिकारी सोकालागि उत्तरदायी हुने
- प्रस्तुत महासन्धिका उद्देश्यहरुलाई लागू गर्नको लागि तत्काल कठोर सजाय दिन सक्ने गरी कानूनको निर्माण गर्नु पर्ने
- दासत्व र दास व्यापार उन्मूलनको लागि पक्ष राष्ट्रहरुले एक अर्कालाई सबै प्रकारको सहयोग गर्नुपर्ने

## ३.३ सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

यो महासन्धिको मुख्य उद्देश्य भनेकोनै सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने तथा जातीय भेदभावका कारण पीडित भएका व्यक्ति वा समूहको अधिकारको संरक्षण र सम्बर्द्धन गर्नु हो। यो महासन्धि संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९६५ डिसेम्बर २१ मा पारित भई सन् १९६९ जनवरी ४ देखि लागू भएको हो। यसमा जम्मा २५ वटा धाराहरु रहेका छन। नेपालले यस महासन्धिलाई सन् १९७१ जनवरी ३० मा अनुमोदन गरेको थियो।

यो महासन्धिको धारा १ मा जातिय भेदभावलाई निम्न बमोजिम परिभाषित गरेको छ “ राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनमा या कुनै क्षेत्रमा जाति, वर्ण, वंश, वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई बुझाउँछ” भनी उल्लेख गरेको पाईन्छ।

**यस महासन्धिले प्रदान गरेका अधिकारहरु निम्न छनः**

- न्यायाधीकरण तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरुका अगाडी समान व्यवहार पाउने अधिकार

- कुनै व्यक्तिमाथि कुनै सरकारी अधिकारी, समूह वा संस्थाहरुबाट हुने हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट पीडित व्यक्तिले संरक्षण पाउने अधिकार
- राष्ट्रको सिमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार
- राष्ट्रियताको अधिकार
- विवाह गर्ने र वरवधु छान्ने अधिकार
- एक्लै वा अरुसंग मिलेर सम्पत्ति राख्ने अधिकार
- पुख्यौंलि सम्पत्ति प्राप्त गर्ने अधिकार
- विचार, सदविवेक र धर्मको स्वतन्त्रताको अधिकार
- विचार र अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकार
- शान्तिपूर्ण भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताको अधिकार
- काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगारीविरुद्धको संरक्षण पाउने, समान कामका लागि समान तलब पाउने र उचित पारिश्रमिक पाउने अधिकार
- ट्रेड यूनियन स्थापना गर्ने र त्यसमा भाग लिने अधिकार
- आवासको अधिकार
- सार्वजनिक स्वास्थ्य, औषधीउपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरु प्राप्त गर्ने अधिकार
- शिक्षा तथा तालिमको अधिकार
- सास्कृतिक क्रियाकलापहरुमा समान सहभागिताको अधिकार
- यातायात, होटल, रेष्टुरेन्ट, क्याफे, नाचघर तथा उद्यानजस्ता सार्वजनिक स्थान वा सेवामा पहुँचको अधिकार

## ३.४ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६

यो अनुबन्धको मुख्य उद्देश्य भनेको कुनै राष्ट्रको नागरिक भएका हैसियतले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारहरुलाई संरक्षण र सम्बर्द्धन गर्नु हो। यो अनुबन्ध संयुक्त राष्ट्रसंघीय महासभाबाट सन् १९६६ डिसेम्बर १६ मा पारित

भई पारित भएको १० वर्ष पछि सन् १९७६ मार्च २३ देखि लागू भएको हो। यसमा ५३ वटा धाराहरु छन। नेपालले यस अनुवन्धलाई सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो।

यस अनुबन्धले निम्न बमोजिमका अधिकारहरु प्रदान गरेको छः

- आत्मनिर्णयको अधिकार, (धारा १)
- बाँच्न पाउने अधिकार, (धारा ६)
- क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकार, (धारा ७)
- दासत्व र बलपूर्वकको श्रमिकविरुद्धको अधिकार, (धारा ८)
- करारीय दायित्व पूरा नगरेकोमा कैदमा नराखिने अधिकार, (धारा ११)
- स्वतन्त्र रुपमा आवतजावत गर्न पाउने अधिकार, (धारा १२)
- कानूनको अगाडि समान व्यवहार गरिने अधिकार, (धारा १४)
- कानूनको अगाडि व्यक्तिको रुपमा मान्यता पाउने अधिकार, (धारा १६)
- विचार सदविवेक तथा धर्मको स्वतन्त्रताको अधिकार, (धारा १८)
- गोपनीयताको अधिकार, (धारा १७)
- विचार र अभिव्यक्तिको अधिकार, (धारा १९)
- शान्तिपूर्वक भेला हुने अधिकार, (धारा २०)
- ट्रेड यूनियन खोल्ने र त्यसमा सम्मेलित हुने अधिकार,(धारा २२)
- विवाह र परिवार आरम्भ गर्ने अधिकार, (धारा २३)
- बालबालिकाले बिना भेदभाव आवश्यक संरक्षण पाउने अधिकार, (धारा २४)

## ३.५ आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

यस अनुबन्धको मुख्य उद्देश्य भनेको मानव जातिको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारहरुको संरक्षण र सम्बर्द्धन गर्नु हो। यो अनुबन्धलाई संयुक्त राष्ट्रसंघको महासभाले सन् १९६६ डिस्मबर १६ मा पारित गरी सन् १९७६ जनवरी

३ देखि लागु भएको हो। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध र आर्थिक, सामाजिक तथा सास्कृतिक अनुबन्ध दुवै एकै मितिमा पारित र लागु भएका हुन।

यस अनुबन्धले निम्न अधिकारहरुको प्रत्याभुत गरेको छः

- आत्म निर्णयको अधिकार, (धारा १)
- महिला र पुरुषको समान अधिकार, (धारा ३)
- काम गर्ने अधिकार,(धारा ६)
- समान कामका लागि समान पारिश्रमिक पाउने अधिकार, (धारा ७)
- संगठन तथा ट्रेड यूनियन खोल्ने अधिकार, (धारा ८(१) क)
- हड्ताल गर्न अधिकार, (धारा ८(१) घ)
- सामाजिक सुरक्षाको अधिकार, (धारा ९)
- विवाह तथा पारिवारको अधिकार, (धारा १० (१)
- मातृत्वको संरक्षणको अधिकार, (धारा १० (२)
- आर्थिक सामाजिक शोषणबाट सुरक्षा पाउने अधिकार, (धारा १०(३)
- खाना, कपडा, र आबासको अधिकार , (धारा ११ (१)
- भोकबाट मुक्त हुने अधिकार, (धारा ११ (२)
- स्वास्थ्य सम्बन्धी अधिकार, (धारा १२ (१)
- शिक्षा सम्बन्धी अधिकार, (धारा १३ (१)

## ३.६ महिलाविरुद्ध हुने सवै प्रकारको भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, १९७९

महिलाको अधिकार संरक्षण तथा सम्बर्द्धनको लागि सामान्य मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय कानूनहरुको निर्माण भए तापनि महिलाहरुको अधिकार अपेक्षीत रुपमा संरक्षण हुन नसकेको तथ्यलाई महसूस गरी महिलाको अधिकार संरक्षण र सम्बर्द्धनको लागि छुट्टै र विशेष कानूनको निर्माण गर्ने अर्न्तराष्ट्रिय अठोटको फलस्वरुप यो महासन्धिको निर्माण गरिएको हो। यो

महासन्धिको मुख्य उद्देश्य भनेको नै महिला विरुद्ध हुने भेदभाव उन्मूलन गरी महिला र पुरुषबीच  समानता कायम गर्नु हो। यो महासन्धि संयुक्त राष्ट्रसंघको महासभाद्वारा सन् १९७९ डिसेम्बर १८ मा पारित भई सन् १९८१ सेप्टेम्बर ३ देखि लागू भएको हो। यी महासन्धिमा ३० ओटा धाराहरु रहेका छन। नेपालले यो महासन्धिलाई सन १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो। यो महासन्धिको धारा १ ले महिला विरुद्धको भेदभावलाई "राजनीतिक, आर्थिक, सास्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा वैवाहिक स्थिति जे(जस्तो रहेको भए तापनि लिङ्गका आधारमा हुने कुनै पनि भेदभाव, बहिष्कार वा प्रतिबन्धलाई जनाउँछ" भनी परिभाषित गरेको छ।

यो महासन्धिले महिलाहरुको लागि प्रदान गरेका मुख्य अधिकारहरु निम्न छनः

- बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषणविरुद्धको अधिकार, (धारा ६)
- सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार, (धारा ७)
- अन्तर्राष्ट्रिय तहमा समान हिसाबले सहभागी हुन पाउने अधिकार, (धारा ८)
- राष्ट्रियता सम्बन्धी अधिकार, (धारा ९)
- शिक्षा सम्बन्धी अधिकार, (धारा १०)
- रोजगारीको अधिकार, (धारा ११)
- स्वास्थ्य सम्बन्धी अधिकार, (धारा १२)
- आर्थिक तथा पारिवारिक लाभको अधिकार, (धारा १३)
- ग्रामिण महिलालाई विशेष अधिकार, (धारा १४)
- कानूनी समानताको अधिकार, (धारा १५)
- विवाह तथा परिवारको अधिकार, (धारा १६)

## ३.७ अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६

यो महासन्धिको मुख्य उद्देश्य भनेको अपाङ्गता भएका व्यक्तिहरुको मर्यादा, सम्मान, सहभागिता र समावेशीकरण तथा समान अवसरको लागि मानव अधिकारका आधारभूत सिद्धान्तहरुलाई आत्मसाथ गर्दै अपाङ्गता भएका व्यक्तिहरुले पनि अन्य व्यक्ति सरह सवै प्रकारका मानव अधिकारहरु समान रुपले प्रयोग तथा उपभोग गर्न पाउने व्यवस्था गर्नु रहेको छ। यो महासन्धिलाई संयुक्त राष्ट्रसंघको महासभाले सन २००६ डिसेम्बर १३ मा पारित गरेको हो। यो महासन्धिलाई नेपालले सन २००९ डिसेम्बर २८ मा अनुमोदन गरेको थियो।

यो महासन्धि अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालिन अशक्तताद्वारा सिर्जित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी कमजोरी तथा तिनका विभिन्न अवरोधका कारण समाजमा अन्य व्यक्तिहरुसरह समान तथा प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ भनी उल्लेख गरेको छ।

यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार निम्न बमोजिमका हुने भनी उल्लेख गरेको छः

- स्तरयुक्त जीवन र काम प्राप्तिको अधिकार
- सम्पत्तिको अधिकार
- रोजगारी र स्वरोजगारीको अवसरमा प्रवर्द्धनको अधिकार
- स्वास्थ्य र शिक्षाको अधिकार (सांकेतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने)
- आफ्नो इच्छा अनुसारको व्यवसायिक वा व्यवहारीक शिक्षा, अवसर र छात्रवृत्तिको अधिकार
- सार्वजनिक संरचना, सार्वजनिक यातायात र स्थानहरुमा पहुँचको अधिकार
- उचित र आधारभूत स्वास्थ्य सेवा र वासस्थानको अधिकार
- लघुवित्तीय योजनाबाट गरिबी निवारणको अवसर प्राप्त गर्ने अधिकार
- राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार

- सूचना प्राप्तिको अधिकार
- गोपनीयताको अधिकार
- गुणस्तरीय जीवनस्तर र सामाजिक जीवनमा सहभागिताको अधिकार
- सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको अधिकार।

## ३.८ बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

बाल अधिकारको संरक्षण तथा संबर्द्धनको लागि स्थापना भएको अन्तर्राष्ट्रिय महासन्धिलाई नै बाल अधिकार सम्बन्धी महासन्धि भनिन्छ। यो महासन्धिलाई संयुक्त राष्टसंघीय महासभाबाट सन् १९८९ नोभेम्बर २० मा पारित भई सन् १९९० सेप्टेम्बर २ देखि लागू भएको हो।यो महासन्धिमा जम्मा ५४ वटा धाराहरु रहेका छन। यो महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको हो।

यो महासन्धिको धारा १ ले बालबालिकालाई सम्बन्धित पक्षराष्ट्रहरुको बालबालिकासम्बन्धी कानूनले पहिलेनै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई बालबालिका मान्नुपर्छ भनी परिभाषित गरेको छ।

**यो महासन्धिले बालबालिकालाई निम्न अधिकारहरु प्रदान गरेको छः**

- भेदभाव विरुद्धको अधिकार, (धारा २)
- आमाबाबु वा अन्य जिम्मेवार मानिसहरुले बेवस्ता गरेमा राज्यबाट पर्याप्त स्याहार पाउने अधिकार, (धारा ३)
- दिर्घजीवन र विकासको अधिकार, (धारा ६)
- नाम र राष्ट्रियताको अधिकार, (धारा ७)
- परिचय संरक्षणको अधिकार, (धारा ८)
- आमाबाबुसंग बसोबास गर्न पाउने अधिकार, (धारा ९)
- पारिवारिक पुनर्मिलनको अधिकार, (धारा १०)
- बालबालिकाको विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार, (धारा ११)

- अभिव्यक्ति स्वतन्त्रताको अधिकार, (धारा १३)
- विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार, (धारा १४)
- संगठन सम्बन्धी स्वतन्त्रताको अधिकार, (धारा १५)
- उचित जानकारी प्राप्तिको अधिकार, (धारा १६)
- बालबालिकाहरुले ज्ञानवर्द्धक जानकारी पाउने अधिकार, (धारा १७)
- दुर्व्यवहार र उपेक्षाबाट संरक्षण पाउने अधिकार, (धारा १९)
- अपाङ्ग बालबालिकाको अधिकार, (धारा २३)
- परिवारविहीन बालबालिकाले संरक्षण पाउने अधिकार, (धारा २०)
- स्वास्थ्य र स्वास्थ्यसेवाको अधिकार, (धारा २४)
- सामाजिक सुरक्षाको अधिकार, (धारा २६)
- शिक्षाको अधिकार, (धारा २८)
- अल्पसङ्ख्यक वा आदिवासी जनताका बालबालिकाले पाउनुपर्ने अधिकार, (धारा ३०)
- फुर्सद, आराम र सांस्कृतिक क्रियाकलापहरु गर्न पाउने अधिकार, (धारा ३१)
- बाल मजदुरबाट संरक्षण पाउने अधिकार, (धारा ३२)
- लागू पदार्थको दुरुपयोग सम्बन्धी अधिकार, (धारा ३३)
- यौन शोषणबाट संरक्षण पाउनुपर्ने अधिकार, (धारा ३४)
- अन्य किसिमका शोषणबाट सुरक्षित हुने अधिकार, (धारा ३६)
- सामाजिक पुनर्स्थापनाको अधिकार, (धारा ३९)
- उचित न्यायिक कारबाही पाउने अधिकार, (धारा (४०)

## ३.९ आदिवासीहरु र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १६९

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ भन्नाले आदिवासीहरुको बिशिष्ट पहिचान, संस्कृति र जीवन पद्धती लगायतका अधिकारहरु समेटेको अन्तर्राष्ट्रिय सन्धि भन्ने बुझिन्छ। यो महासन्धिमा भूमि, भूभाग र स्रोत, आत्मनिर्णीत विकासका

प्राथमिकताका अधिकारलाई स्वःव्यवस्थापन र सहव्यवस्थापनका रुपमा पहिचान गर्ने लगायतका प्रावधानरु समेटिएका छन्।

**यो महासन्धि अन्तर्गत राज्यको दायित्व के के हुन्छ ?**

- आदिवासीहरुसंग परामर्श र उनीहरुको प्रतिनिधित्व गराएर संयन्त्रहरु बनाउने र सञ्चालन गर्ने,
- आदिवासीहरुसंग परामर्श गरेर परामर्शका लागि उपयुक्त संयन्त्र र पकृयाहरु स्थापीत गर्ने,
- मुलुकको अन्य समुदायहरुसंग बराबरी हैसियतमा सबै अधिकार उपभोग सुनिश्चित गर्ने,
- आदिवासीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरु पूर्णरुपमा उपभोग गर्न प्रवर्द्धन गर्ने,
- आदिवासीहरु र मुलुकका अन्य समुदायबीच विद्यमान सामाजिक आर्थिक दूरी अन्त्य गर्ने,
- आदिवासीहरुका संस्थाहरुलाई प्रबर्द्धन र सहयोग गर्ने

**आदिवासीहरुको सहभागिता सम्बन्धमा मसहासन्धि नं. १६९ मा कस्तो व्यवस्था गरिएको छ?**

- सरकारले सम्बन्धित समूहरुले उनीहरुलाई सरोकार राख्ने नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक एवं अन्य अंगहरुको निर्णय लिने सवै तहहरुमा स्वतन्त्रतापूर्वक र कम्तीमा पनि जनसंख्याको अन्य समूहहरुले जत्तिकै सहभागी हुन पाउने माध्यमहरु निर्माण गर्नु पर्छ।

# भाग ४

# (महिला, विपन्न, असहाय र असक्षमको अधिकारको सम्बन्धमा नेपालको संविधान तथा विभिन्न नेपाल कानूनमा रहेका व्यवस्थाहरु र उपचार सम्बन्धी व्यवस्था)

# ४.१ महिला अधिकार र उपचारसम्बन्धी व्यवस्था

## ४.१.१ महिला अधिकार भनेको के हो?

महिला विरुद्ध हुने भेदभावको अन्त्य गरी पुरुष सरह समान तरिकाबाट हक र अधिकारको उपभोग गर्न र उनिहरुको सर्वाङ्गीण विकास र उत्थानको लागि महिलालाई मात्र लच्छित गरी प्रदान गरिएका विशेष अधिकारहरुलाई महिला अधिकार भनिन्छ। अर्को बाक्यमा महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्न एवं महिला र पुरुषबीच समानता कायम गर्नको लागि महिलालाई प्रदान गरिएका अधिकारहरु नै महिला अधिकार हुन।

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि,१९७९ को धारा १ ले महिला विरुद्धको भेदभावलाई यसरी परिभाषित गरेको छ " महिला विरुद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सास्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा वैवाहिक स्थिति जे-जस्तो भए तापनि लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव, बहिष्कार वा प्रतिबन्धलाई जनाउछ भनी परिभाषित गरेको छ।

## ४.१.२ महिला विरुद्धको हिंसा भनेको के हो?

महिला माथि लिङ्गका आधारमा गरिएको शारीरिक, मानसिक तथा मनोबैज्ञानिक आघात, धम्की दवाव वा स्वतन्त्रताबाट गरिएको वञ्चितिकरणलाई नै महिला विरुद्धको हिंसा भनिन्छ। यसलाई महिला विरुद्ध हुने हिंसा उन्मूलनसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रले यसरी परिभाषित गरेको छ "महिलाको नीजि वा सार्वजनिक जीवनमा शारीरिक, यौनिक तथा मनोवैज्ञानिक रुपमा आधात पुऱ्याउने गरी सञ्चालित गरिने लिङ्गमा आधारित क्रियाकलाप वा त्यसकिसिमको आघात पुऱ्याउने धम्की, दबाब वा स्वतन्त्रताबाट वञ्चित गरिने कार्यलाई महिला विरुद्धको हिंसा भनिन्छ"[5] यसरी महिला विरुद्ध हुने हिंसाको प्रकृतिमा यौन दुर्व्यवहार, हत्या, यातना, कुटपीट, ज्यान मार्ने धम्की, बेइजेती, जबरजस्ती करणी, वेचविखन, बोक्सीको आरोप, करकाप, शारीरिक शोषण,

[5] महिलाविरुद्ध हुने हिंसा उन्मूलनसबन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९३ को धारा १

जबरजस्ती गर्भाधारण तथा गर्भपतन, यौनजन्य हिंसा, मनोवैज्ञानिक हिंसा आदि यस हिंसा भित्र पर्दछन।

सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य, लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बन्चित गर्ने कार्यसमेतलाई लैङ्गिक हिंसा जनाउछ।[6]

## ४.१.३ नेपालको संविधानमा महिलाको अधिकार

- समानताको हक अन्तर्गत सामान्य कानूनको प्रयोगमा लिङ्ग, शारीरिक अवस्था, अपांगता, गर्भावस्थासमेतका आधारमा भेदभाव नगरिने।[7]
- राज्यले नागरिकहरुका वीच लिङ्ग लगायतका आधारमा भेदभाव नगर्ने तर पिछडिएका महिला, गर्भावस्थाका व्यक्ति लगायतका नागरिकहरुको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने[8]
- महिलाको हक अन्तर्गत १.लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, २.सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, ३.धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन आदीको आधारमा महिलालाई हिंसाजन्य कार्य र शोषण नगरिने यस्तो भएको खण्डमा क्षतिपूर्ति पाउने, ४.राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने, ५.शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा

---

6 मुलुकी ऐन अं. वं. ११ (४) (ख)

7 नेपालको संविधान धारा १८

8 ऐ धारा १८ को प्रतिवन्धात्तक वाक्यांश

सकरात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त हुने, ६.सम्पत्ति र पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुने[9]

- सामाजिक न्यायको हक हक अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिलासमेतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने,[10]
- सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक असहाय एकल महिलालगायतलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुने[11]
- नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने[12]

## ४.१.४ मौलिक हकहरुको उल्लंघन भएको अवस्थामा उपचार प्रक्रियाः

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा
- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने

---

[9] ऐ धारा ३८

[10] ऐ धारा ४२

[11] ऐ धारा ४३

[12] नेपालको संविधान धारा ११ (५)

- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

## ४.२ प्रचलित कानूनहरुमा महिलाको अधिकार तथा अधिकारको उपचार विधि

### (क) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

**कस्तो कार्यलाई घरेलु हिंसा जानाउँछ?**

"घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ"

"शारीरिक यातना" भन्नाले कुटपीट गर्न, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुर्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्की वा सो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्नेसमेतको कामलाई जनाउँछ

"मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुट्टा वात लगाउने, घरबाट निकाला गर्ने वैचारिक, धार्मिक, सांस्कृतिक प्रथा परम्पराको आधारमा भेदभाव गर्ने, रुप रङ्ग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्म हत्या गर्न दुरुत्साहान दिने वा आत्म हत्या गर्ने परिस्थिति खडा गर्ने र मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै कामसमेतलाई जनाउँदछ।

"यौनजन्य यातना" भन्नाले यौनजन्य प्रवृतिको दुर्वयवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यालाई सम्झनु पर्छ।

आर्थिक यातना भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक श्रोत र साधनको पहुँच वा प्रयोगमा बन्चित गर्ने र महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दवाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कारसमेतलाई जनाउँदछ।[13]

## घरेलु हिंसाको उजुरी कसले, कहाँ र कहिले दिनु पर्दछ ?

- घरेलु हिंसा सम्बन्धमा जुनसुकै व्यक्तिले प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने।[ञढ] पीडित व्यक्ति आफैंले चाहेमा अदालतमा सोझै उजुरी दिन सक्ने। कसुर भए गरेका मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने[ञछ]
- अङ्ग भङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोलि डामी दली घसी ज्यूमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारीदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूरको सम्बन्धमा जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्ने।[ञट]

## घरेलु हिंसाबाट पीडित व्यक्तिको अधिकार के कस्ता हुन्छन ?

- पीडितलाई शारीरिक वा मानसिक यातना पुगेको देखिएमा उपचारका लागि नजिकको अस्पतालमा लगेर घाजाँच लगायत परीक्षण गराउनु पर्ने।[ञठ]
- पीडित र निजसँग आस्रित व्यक्तिलाई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्ने।
- अदालतले पीडितलाई तत्काल संरक्षण दिनुपर्ने देखिएमा संरक्षणात्मक आदेश जारी गरी पीडितको संरक्षण प्रदान गर्न सक्ने।[ञड]

---

[13] घरेलु हिंसा कसूर र सजाय ऐन,२०६६ दफा २(क)(ग)(घ)(ङ)(च)

[14] ऐ दफा ४ (१)

[15] ऐ दफा १४

[16] ऐ दपा ५क

[17] ऐ दफा ४(६)

[18] ऐ दपा ४(७)

- पीडितलाई अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकबाट पीडितले भराई लिन पाउने[19]
- पीडकको आर्थिक अवस्था कमजोर भएको कारणबाट उपचार खर्च भराई लिन नसक्ने भएमा अदालतले सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार पाउने गरी अदालतले आदेश गर्न सक्ने।[20]
- अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराईदिन सक्ने
- पीडितले चाहेमा छुट्टै कानून व्यवसायी राख्न सक्ने। पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता मार्फत निःशुल्का कानूनी सहायता उपलब्ध गराउनु पर्ने[21]

## मुद्दाको अनुसन्धान प्रक्रिया

- प्रहरीमा वा स्थानीय निकायमा उजुरी दर्ता भएपछि २४ घण्टाभित्र पीडकलाई झिकाई बयान गराउनु पर्ने।
- प्रहरी वा स्थानीय निकायमा पीडकलाई झिकाएपछि तारेखमा राखी कारवाही गर्नुपर्ने।
- पक्षहरूबीचमा मेलमिलाप हुनसक्ने भए मेलमिलाप गराउने र मेलमिलाप हुन नसकेमा अदालतमा सो उजुरी पठाउनु पर्ने।

## यस्तो मुद्दा कस्तो प्रकृतिको मुद्दा हुन्छ?

- ➢ यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार बादी हुने र पीडित व्यक्तिलाई निजको अनुरोधमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु पर्ने[22] संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाई बन्द इजलासमा कारवाही गरिने।[23]

---

[19] ऐ दफा ९(१)

[20] ऐ दफा ९(२)

[21] ऐ दफा ६क र १२ख

[22] ऐ दफा १२(ग)(ख)

[23] ऐ दफा ७ र ८

**सजाय सम्बन्धी व्यवस्था**

कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले कसुर गरेमा थप दश प्रतिशत सजाय हुने[24]।

**(ख) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्ने मुख्य उद्देश्य राखी यस ऐनको निर्माण भएको हो।

**कस्तो अवस्थामा मानव बेचबिखन भएको मानिन्छ?**

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
- प्रचलित कानूनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने
- वेश्यागमन गर्ने

**कस्तो अवस्थामा मानव ओसारपसार भएको मानिन्छ?**

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाईदा लिई, बेहोस पारी, वा शक्तिको दुरुपयोग गरी अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने।

[24] ऐ दफा १३ र

**मानव बेचविखन तथा ओसारपसारसम्बन्धी कसूरको उजुरी कसले कहाँ र कहिले दिनु पर्छ?**

मानव बेचविखन तथा ओसारपसारसम्बन्धी कसूरको बारेमा पीडित आफैले वा अन्य जुनसुकै व्यक्तिले जहिले सुकै पनि नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्छ

**मानव बेचविखन तथा ओसारपसारसम्बन्धी कसूरबाट पीडतको के कस्ता अधिकार हुन्छन?**

- पीडितले आफ्नो छुट्टै कानून व्यवसायी राख्न पाउने
- पीडितले दोभाषे, शाङ्केतिक भाषा बिज्ञ वा अनुवादक राख्न सक्ने। यसमा लाग्ने रकम मध्ये तोकिएको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्ने
- मुद्दाको कारवाही गर्दा बन्द इजलासमा गर्नुपर्ने,
- पीडितको नाम प्रचार प्रसार गर्न नहुने,
- पीडित वा उजुरकर्ताले सुरक्षाको माग गरेमा अदालतमा जाँदा आउँदा वा कुनै निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने।
- उजुरीकर्ताले चाहेमा नाम गोप्य राख्नु पर्ने
- कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत रकम बराबरको रकममा नघट्ने गरी पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्ने,
- पीडितलाई शारीरिक वा मानिसक उपचार गराउन सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनका लागि पुनर्स्थापना केन्द्रको स्थापना गर्नु पर्ने।

**मानव वेचविखन तथा ओसारपसार अपराधबाट आफू बच्न गरिएको प्रयासबाट कसैको ज्यान गएमा सजाय हुन्छ वा हुदैन?**

आफूलाई किन्न वा बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा किनेको वा बेचेको वा वेस्यावृत्तिमा लगाएको थाहा पाई त्यहाँबाट भाग्न उम्कन

लाग्दा कसैल बाधा विरोध गरेकोमा केही गर्दा निजको ज्यान गएमा वा कुनै चोट पटक लागेमा त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुदैन।

**मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसूर गरेमा के कस्तो दण्ड सजाय हुन्छ?**

मानव बेचविखन तथा ओसारपसार सम्बन्धी अपराधमा कसूरको प्रकृति अनुसार बढीमा २० वर्ष कैद र २ लाख रुपैया जरिवाना हुने व्यवस्था गरेको छ।

**मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा कस्तो प्रकृतिको मुद्दा हुन्छ?**

मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा सरकारवादी भई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचि १ मा समावेस गरिएको छ र यसलाई गम्भीर प्रकृतिको फौजदारी मुद्दा मानिन्छ।

**(ग) केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७**

- सार्वजनिक स्थानमा महिलालाई हातपात गरी बेइजत गर्ने, महिलालाई जिस्काउने, हैरानी गर्ने वा निजसंग अन्य यस्तै अस्वभाविक व्यवहार गर्न नहुने।[25]

**(घ) गाली बेइज्जत्ति ऐन, २०१६**

- कसैले कुनै आईमाईको अपमान गर्ने नियतले, निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा एकसय रुपैयाँदेखि पाँचसय रुपैयासम्म जरिवाना हुनेछ र ६ महीनासम्म कैदको सजाय पनि हुन सक्छ।[26]
- गाली बेइज्जति कसूरमा पीडितले गाली बेइज्जती भएको मितिले छ महिनाभित्र (सम्बन्धित जिल्ला अदालत) नालेस दिनु पर्छ।[27]

---

[25] केही सार्वजनिक अपराध र सजाय ऐन,२०२७ दफा २(छ)

[26] गाली बेइज्जत्ति ऐन, २०१६ को दफा ८

[27] ऐ को दफा ११

### (ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

**कस्तो व्यवहारलाई यौनजन्य दुर्व्यवहार गरेको मानिन्छ?**

कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा

- यौनजन्य आशयले शरीरको कुनै अंगमा छोएमा वा छुने प्रयास गरेमा
- अश्लिल तथा यौनजन्य क्रियाकलापसंग सम्बन्धित शब्द चित्र, पत्रपत्रिका, श्रब्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, बस्तु वा सामाग्री प्रयोग वा प्रदर्शन गरेमा
- लेखेर, बोलेर वा इसाराले अश्लिल तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा
- यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा
- यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा[28]।

**यस ऐन अन्तर्गतको अपराधमा कसले कहाँ र कहिले उजुरी दिनु पर्छ?**

- पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले यौजन्य दुर्व्यवहार भए गरेको मितले ९० दिन भित्र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिनु पर्ने।[29]

**दण्ड सजाय र  क्षतिपूर्ति सम्बन्धी व्यवस्था**

- कसूरको प्रकृति हेरी ६ महिनसम्म कैद वा ५० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने। पीडितलाई शारीरिक वा मानसिक रुपमा कुनै क्षति पुग्न गएको भए त्यस्तो क्षति बापत मनासिब माफिकको क्षतिपूर्ति र उजुरी गर्दा वा उजुरीको प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च क्षतिपूर्ति बापत पीडकबाट पीडितलाई क्षतिपूर्ति रकम भराइदिने।[30]

---

[28] कार्यस्थलमा हुने यौनजन्य दुर्व्यववहार(निवारण) ऐन, २०७१ दफा ४

[29] ऐ दफा (७)(१४)

[30] ऐ दफा १२(१)(१३)

**उजुरीसम्बन्धी कार्यविधि**

यस सम्बन्धी उजुरीको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्ने र पीडितले लिखित रुपमा अनुरोध गरेमा उजुरीको सुनुवाई बन्द इजलासमा गर्नु पर्ने।[31]

**(च) निजामती सेवा ऐन, २०४९**

- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलालाई तेत्तीस प्रतिशत छुट्टाईएको।

**(छ) स्थानीय स्वायत्त शासन ऐन, २०५५**

- गाउँ परिषदको गठन गर्दा गाउँ विकास क्षेत्र भित्रका एकजना महिला सहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये गाउँ परिषदमा प्रतिनिधित्व हुन नसकेका वर्गका योग्यता पुगेका व्यक्तिहरुमध्येबाट गाउँ परिषदद्वारा मनोनित छ जना व्यक्तिहरु समेत सदस्य रहनु पर्ने[32]

**(ज) शिक्षा नियमावली, २०५९**

- संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने[33]
- सामुदायिक विद्यालयले गरिवीको रेखामुनी रहेका दलित, जनजाति र महिला लगायतका अन्य विद्यार्जथीहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने[34]

---

[31] ऐ दफा १५

[32] स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८ (१)(ग)

[33] शिक्षा नियमावली, २०५९ नियम १५१(१)

[34] शिक्षा नियमावली, २०५९ नियम १२१(२)

### (झ) एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०

- आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि एकल महिला सुरक्षा कोष नामको कोष स्थापन गरिने[35]

### (ञ) मुलुकी ऐन ,२०२०

शास्त्रबाटमात्र कालका प्रभावले सबै व्यवहार चल्न नसक्ने हुँदा छोटा बढा सवैलाई कसूर अनुसार एकै सजाय गर्न, नेपालमा चिरकालसम्म शान्ति र व्यवस्था कायम राख्न, विभिन्न वर्ग, जाति, र क्षेत्रका जनताको सुसम्बन्ध बनाई राख्ने मुख्य उद्देश्य राखी यस ऐनको निर्माण गरिएको हो। यस ऐनमा व्यवस्था गरिएका महिला अधिकार र सोको उपचार विधीलाई तल उल्लेख गरिएको छः

**महिलाले कस्तो अवस्थामा लोग्नेसँग सम्बन्ध विच्छेद गर्न पाउँछ?**

- *लोग्नेले अरु स्वास्नी ल्याएमा वा राखेमा*
- *स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा*
- *स्वास्नीको खोजखवर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा*
- *स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा*
- *लोग्ने नपुंसक हुन गएमा*
- *लोग्नेलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा*
- *लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा*
- *स्वास्नीलाई जबरजस्ती करणी गरेको गरेको ठहरेमा*
- *लोग्ने स्वास्नी दुवैको मञ्जुरी भएमा*[36]

---

[35] एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० नियम ३

[36] मुलुकी ऐने लोग्ने स्वास्नीको महलको १ नं

**सम्बन्ध विच्छेद गर्न कहिले र कहाँ नालिस दिनु पर्छ?**

- सम्बन्ध विच्छेद गुर्न चाहने महिलाले सम्बन्ध विच्छेद गर्नु पर्ने कारण खुलाई जहिले सुकै सम्बन्धित जिल्ला अदालतमा नालिस दिन सक्ने। लोग्ने स्वास्नी दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न चाहेमा भने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा निवेदन दिनु पर्छ।[37]

**सम्बन्ध विच्छेद भएमा नावालक छोराछोरीको पालन पोषणको सम्बन्धमा महिलाको के कस्तो दायित्व हुन्छ?**

- नाबालकलाई आमाले आफै पाल्न चाहेमा निजले प्राथमिकता पाउने
- आमा बाबु दुवैको मञ्जुरी भएमा त्यस्तो नाबालकलाई आमा बाबुमध्ये कुनैले वा आलोपालो गरी पाल्नु पर्ने
- आमाले पाल्दा बाबुले इज्जत आमद अनुसार नाबालकलाई खान लाउन, शिक्षा औषध उपचारसमेतको मनासिफ खर्च दिनुपर्ने
- आमाले नपाली बाबुले पालेको रहेछ र बाबुको भन्दा आमाको आयस्ता बढी रहेछ भने  अड्डाले तोकिदिएबमोजिम त्यस्तो महिलाले पनि नाबालकको खान, लाउन, शिक्षा र औषधि उपचारको खर्च व्यहोर्नु पर्ने।[38]

**कस्तो अवस्थामा विवाह बदर हुन्छ?**

- लोग्ने मानिस वा महिलामध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन् भने अठार वर्ष पुग्पछि मन्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउने,[39]
- कसैले देहायको अवस्थाको पुरुषलाई झुक्याई बिवाह गरे गराएमा विवाह वदर हुन्छ

[37] ऐ १क र ६ नं.

[38] मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ३ नं.

[39] मुलुकी ऐन विहावरीको महलको ४(९) नं.

(**क**) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आइ. भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको

(**ख**) पुरुस्वत्व हीन भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भै सकेको

(**ग**) पूर्ण रुपमा बोल्न वा सुन्न वा देख्न नसक्ने

(**घ**) होस ठेगानमा नरहेको

(**ङ**) विवाह भैसकेको

(**च**) गर्भवती भैसकेको

(**छ**) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।[40]

- विवाहित, विदूर वा सम्बन्ध विच्छेद भइसकेको लोग्नेमानिसलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा परी विवाह गर्ने स्वास्नीमानिसले मञ्जुरी नगरे त्यस्तो विवाह बदर हुन्छ।[41]
- स्वास्नीमानिसको मञ्जुरी बिना जबरजस्ती विवाह गरे गरिदिए त्यस्तो विवाह वदर हुने,[42]

## बिवाह बदर गराउँन कसले, कहाँ र कहिले उजुरी दिनु पर्छ?

- विवाह बदर गराउन चाहने पीडितले मञ्जुरी बिना जवरजस्ती विवाह गरि दिएकोमा सो काम भए गरेको मितिले र अरु अवस्थामा थाहा पाएको मितिले तीन महिना भित्र सम्बन्धित जिल्ला अदालतमा नालिस दिनु पर्छ।[43]

---

[40] ऐ को ४ नं.

[41] ऐ को ८ नं.

[42] ऐ को ७ नं.

[43] ऐ को ११ नं.

**महिलाले मानाचामल भराई लिन पाउने अवस्था**

- लोग्ने स्वास्नीबीचको सम्बन्ध विच्छेद हुने भएमा अंशबण्डा नभएसम्मको लागि स्वास्नीमानिसको जीविकाको निमित्त मासिक रुपले अदालतबाट खर्च (मानाचामल) भराइदिनु पर्ने,[44]
- सम्बन्ध विच्छेद हुने स्वास्नीमानिसले अंश नलिई सो बापत लोग्नेसँग वार्षिक वा मासिक खर्च भराइ लिन चाहेमा अदालतले त्यस्ती स्वास्नीमानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताबाट वार्षिक वा मासिक खर्च (मानाचामल) भराईदिनु पर्ने,[45]
- लोग्ने स्वास्नीबीच सम्बन्ध विच्छेद भएको र सम्बन्ध विच्छेद हुँदा लोग्नेसँग बण्डा गर्नुपर्ने कुनै सम्पत्ति नभई लोग्नेबाट अंश नपाएकी स्वास्नीमानिसले लोग्नेबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो लोग्नेको आम्दानी आयस्ता भएमा अदालतले त्यस्ती स्वास्नीमानिसलाई लोग्नेको आयस्ताको आधारमा खान लाउन खर्च (मानाचामल) भराई दिनुपर्ने।[46]

**महिलाले अंश पाउन सक्ने अवस्थाहरु**

- अविवाहिता छोरीले अरु अंशीयार सरह अंश छुट्याई लिन पाउने।[47]
- अंश नहुदै लोग्नेको मृत्यु भएमा निजले पाउने अंश स्वास्नीले पाउँछ[48]
- लोग्नेले स्वास्नीलाई र बाबुआमाले छोरीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकतानुसार उचित शिक्षा दीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरे [49]
- विधवा स्वास्नीमानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउने [50]

---

[44] ऐ. को ४क नं.

[45] ऐ. को ४ख नं.

[46] ऐ. को ४ग नं.

[47] मुलुकी ऐन अंश वण्डाको १

[48] ऐ. को ५ नं.

[49] ऐ. को १० नं.

[50] ऐ को १२ नं.

- फैसलाबमोजिम अंश, रकम वा खर्च पाउने भएकी स्वास्नीमानिसले अंश, रकम वा खर्च नपाएमा सो व्यहोरा खुलाई मुद्दा छिन्ने अड्डामा दरखास्त दिनुपर्ने र अड्डाले अंश, रकम वा खर्च नदिनेलाई पाँच हजार रुपैयास्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गरी फैसलाबमोजिम यथाशक्य छिटो अंश, रकम वा खर्च दिलाई दिनुपर्ने
- अंश लिईसकेकी छोरीको बिवाह भएमापनि अंश वापत निजले प्राप्त गरेको सम्पत्तिमा निजको नै हक कायम हुने।
- अंशमा चित्त नबुझे बण्डापत्रको कागज भएका मितिले तीन महिनाभित्र नालिस गर्नु पर्ने

**महिलाले आफूखुस गर्न पाउने सम्पत्ति**

- कन्या सधवा वा विधवाले महिलाले आफ्नो आर्जनको चल अलत सम्पत्ति[51]
- भिन्न भएको कन्या, सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति[52]
- आफ्नो दाइजो वा पेवा ( माइतिपट्टिका नातेदार इष्टमित्रले दिएको चल अचल सम्पत्ति र त्यसबाट बढेबढाएको सम्मत्तिलाई "दाइजो" मानिने र लोग्ने वा लोग्ने पट्टिका अंशीयारले सवै अंशीयारको मञ्जुरीको लिखत गरी दिएको र लोग्नेपट्टिका अरु नातेदार व इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्तिलाई "पेवा" मानिने)[53]

**बहुविवाह गरेको मानिने अवस्था**

- एकासगोलमा बस्न नसक्ने कारणबाट लोग्ने र स्वास्नीबीच अंशवण्डा भई भिन्न बसेमा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की

[51] मुलुकी ऐन स्त्री अश धनको १ नं.

[52] ऐ. को २ नं.

[53] ऐ. को ५ नं.

महिलासंग विवाह गरेमा वा अर्को पत्नी राखेमा बहुविवाह गरेको मानिन्छ:[54]

## बहुविवाह गर्नेलाई हुने सजाय

- बहुविवाह गर्नेलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैया देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हन्छ। महिलाले जानी जानी बहुविवाह गरेको ठहरे निजलाई पनि सोही बमोजिम सजाय हुन्छ।[55]

## बहुविवाह सम्बन्धी कसूरमा कसले, कहाँ र कहिले उजुरी दिनु पर्छ?

- बहुविवाह सम्बन्धी कसूरमा  पीडितले वा अन्य जो कोहीले सो काम भए गरेको मितिले ३ महिना भित्र प्रहरी कार्यालयमा उजुरी दिन सक्ने। बहुविवाह सम्बन्धी मुद्दा  सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको भै नेपाल सरकार बादी भै चल्दछ।

## जबरजस्ती करणी गरेको मानिने अवस्था

- कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा,
- सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको मानिने,
- गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा
- डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मञ्जुरीलाई मञ्जुरी नमानिने, त्यसैगरी होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई पनि मञ्जुरी नमानिने।[56]

---

[54] मुलुकी ऐन विहावरीको ९ नं.

[55] ऐ को १० नं.

[56] मुलुकी ऐन जबरजस्ती करणीको १ नं.

- कुनै नावालकसंग कुनै किसिमको बाल यौन दुराचार गरे गराएमा।[57]

**जबरजस्ती करणी सम्बन्धी कसूर गरेमा के कति सजाय हुन्छ?**

- पीडित दश वर्षभन्दा मुनिकी बालिका भए दश देखि पन्ध्र वर्षसम्म कैद
- दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठ वर्षदेखि बाह्र वर्षसम्म कैद
- चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म कैद
- सोह्र वर्ष वा सोभन्दा बढी बीस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म कैद
- बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँच वर्षदेखि सात वर्षसम्म कैद
- लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन वर्षदेखि पाँच वर्षसम्म कैदको सजाय हुने[58]
- गर्भवती वा असक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जवर्जसती करणी गरेमा वा सामूहिक रुपमा जवरजस्ती करणी गरेमा थप पाँच वर्ष कैद हुन।[59]
- जवर्जस्ती करणीको उद्योग गर्नेलाई जवरजस्ती करणी गर्दा हुने सजायको आधा सजाय हुन्छ।[60]

**जबरजस्ती करणी गर्नेको ज्यान मारेमा सजाय हुन्छ हुदैन?**

- जबरजस्ती करणी लिन नपाउदै वा उसै बखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिईसकेपछि सोही कुराको रिस थाम्न नसकि उसै बखत करणी लिएकै

---

[57] ऐ ९ (क)

[58] ऐ. को ३ नं.

[59] ऐ को ३(क)

[60] ऐ को ५ नं.

थलामा वा लपेट्दै गई हातहतियार लाठो ढुङ्गा इत्यादी चलाई ज्यान मारेमा कुनै सजाय हुदैन।

- आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई बन्धक गरी वा हातपात, छेकथुन, बाँधछाँद आक्रमण इत्यादी जोरजुलुम गर्न लागेकोमा त्यस्तो जुल्मीको पञ्जाबाट उम्की भागी आफुलाई करणी गर्नबाट रोक्न नसक्ने विश्वास भएमा र ततकाल कसैको संरक्षण वा मद्दत उपलब्ध नहुने अवस्था भएमा र त्यस्तो जुल्मीलाई आफ्नो अक्कल बर्कतले सक्नेसम्मका उपाय तत्काल केही नगरे आफूमाथि करणी हुनेसम्मको डर र त्रासको अवस्था हुनु पर्ने।[61]

**जबरजस्ती करणीबाट पीडित महिलाले पाउने क्षतिपूर्ति तथा सुविधा**

- कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिने।[62]
- कसूरदारको कुनै सम्पत्ति नभई पीडीतले क्षतिपूर्ति नपाउने देखिएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरुप उचित रकम भराई दिने गरी अदालतले आदेश दिन सक्ने[63]
- लोग्नेले स्वास्नीलाई जवरजस्ती करणी गरेको विषयमा प्रारम्भीक छानविनबाट स्वास्नीलाई तत्काल वा मुद्दा किनारा नुहुँदासम्म आवश्यक देखेमा अदालतले लोग्नेको नाममा निम्न आदेश जारी गर्न सक्ने

  (क)स्वास्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, स्वास्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न

---

[61] ऐ. को ८ नं.

[62] ऐ. को १० नं.

[63] ऐ को १०(ग) नं.

(ख) स्वास्नीलाई आवश्यक उपचार गराउन वा उपचारको लागि उपयुक्त रकम दिन

(ग) एकै ठाउँमा बसोबास गर्न उपयुक्त नभई अलग बस्दा स्वास्नीको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न

(घ) स्वास्नीलाई दुःख दिने वा सताउने वा निजको अहित हुने कुनै कार्य नगर्न।[64]

- पीडितमैत्री वातावरणमा सकभर एकै पटक पीडितको बयान गराउनु पर्ने। अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित महिलाको बयान गराउदा महिला प्रहरी कर्मचारीले गराउनु पर्ने। महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्ने।[65]

**जबरजस्ती करणी सम्बन्धी कसूरमा कसले कहिले र कहाँ उजुरी दिनु पर्छ?**

- जवरजस्ती करणी सम्बन्धी कसूरमा सो भए गरेको मितिले ६ महिना भित्र पीडित वा जो कोहिले प्रहरी कार्यालयमा उजुरी दिन सक्ने। जवरजस्ती करणी सम्बन्धी मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको भै नेपाल सरकार वादी भै चल्दछ।

**कस्तो कार्य गरेमा आशय करणी (यौन दुर्व्यवहार) गरेको मानिन्छ?**

कसैले जतिसुकै उमेरका कुनै महिलालाई निजको मञ्जुरी बेगर देहायको कार्य गरेमा आशयकरणी (यौनदुर्व्यवहार) गरेको मानिन्छः

**(क)** महिलाको संवेदनशील अंग छोएमा वा छुन प्रयास गरेमा,

**(ख)** निजको भित्रि पोसाक खोलेमा वा खोल्ने प्रयास गरेमा,

**(ग)** अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा,

**(घ)** आफ्नो यौन सम्बन्धी अंग छुन, समाउन लगाएमा,

---

[64] ऐ ९ख नं.

[65] ऐ १०क नं.

(ङ) अश्लिल वा अन्य यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र तस्विर देखाएमा,

(च) यौनका आसयले जिस्काएमा वा हैरानी दिएमा,

(छ) करणीका आशयले समातेमा,

(ज) कुनै किसिमले अस्वभाविक, अबान्छित वा अमर्यादित व्यवहार गरेमा। [66]

**आसयकरणी गरेमा पीडकलाई के कस्तो सजाय हुन्छ र पीडितलाई क्षतिपूर्ति भराईन्छ भराइदैन?**

- आसय करणी (यौन दुर्व्यवहार) गर्ने कसूरदारलाई ३(तीन) वर्षसम्म कैद र ३०(तीस हजार) रुपैयासम्म जरिवाना हुने
- पीडितले कसूरदारबाट मनासिव माफिकको क्षतिपूर्ति पाउने
- आफू वा अरुसंग गैर कानूनी करणी गर्न फकाउने वा वेश्यागमनको लागि सम्पर्क र व्यवस्था गरिदिने व्यक्तिलाई ६ (छ) महिना देखि २ (दुई) वर्षसम्म कैद वा ५ (पाँच) सय रुपैया देखि ६ (छ) हजार रुपैयासम्म जरिवाना वा दुवै हुने।

**कसैले आसयकरणी गरेमा कसले र कहाँ उजुरी दिनु पर्छ?**

- आसय करणी (यौन दुर्व्यवहार) को कार्य प्रकाश भएको मितिले ३५ (पैतीस) दिनभित्र पीडितले सम्बन्धित जिल्ला अदालतमा उजुर गर्नु पर्छ।

**के कस्तो अवस्थामा गर्भपतन गराउन हुन्छ?**

- नेपाल सरकारले तोके बमोजिमको प्रक्रिया अपनाई निर्धारित योग्यता पूरा गरेका इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले गर्भपतन गराउने सक्ने
- गर्भ बोक्ने महिलाको मञ्जुरीले बाह्र (१२) हप्तासम्मको गर्भ पतन गराउन हुने

---

[66] मुलुकी ऐन आशय करणीको १ नं.

- गर्भ बोकेको महिलाको मञ्जुरीले जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार (१८) हप्ता सम्मको गर्भ पतन गराउन हुने
- गर्भपतन नगराएमा गर्भ वोक्ने महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको स्वास्थ्य शारीरिक वा मानसिकरुपले खतरा हुन सक्तछ व विकलाङ्ग बच्चा जन्मन्छ भन्ने योग्यता प्राप्त चिकित्सकको राय भै त्यस्तो महिलाको मञ्जुरीले गर्भपतन गराउनु हुने।[67]

**गर्भपतन गराउनेलाई के कस्तो सजाय हुन्छ?**

- गर्भवती महिलालाई करकाप, धम्की ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुदैन
- बाह्र (१२) हप्तासम्मको गर्भ तुहाएमा एक (१) वर्ष कैद हुन्छ
- पच्चिस (२५) हप्ताको गर्भ तुहाएमा तीन (३) वर्ष कैद हुन्छ
- पच्चिस (२५) हप्ता भन्दा बढीको गर्भ तुहायमा पाँच (५) वर्ष कैद हुन्छ।[68]
- लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई ६ महिना देखि २ वर्षसम्म कैद हुन्छ।

**गर्भपतन सम्बन्धी कसूरमा कस्ले कहाँ र कहिले उजुरी दिनु पर्छ?**

- गर्भपतन सम्बन्धी कसूरमा कसूरदार आफै मुख सावित भएकोमा हदम्याद लाग्दैन। सो बाहेक गर्भ तुहायो भन्ने कुरामा सो भए गरेको मितिले ३ (तीन) महिना भित्र प्रहरी कार्यालयमा उजुरी दिनु पर्छ। यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको भै नेपाल सरकार वादी भै चल्छ।

---

[67] मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ (ख) नं.

[68] ऐ को २८ (क) नं.

**मुलुकी ऐनमा भएका महिला अधिकारसंग सम्बन्धित अन्य व्यवस्थाहरु**

- महिलालाई पक्रन पठाउनु पर्दा महिला सिपाही भएका अड्डाले स्वास्नीमानिस र नभएका अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउनु पर्दछ। लोग्ने मानिसले हात हाली पक्रन हुँदैन। नआइ अडिई भनेमात्र नाडीमा समाई ल्याउनु पर्छ।[69]
- स्वास्नीमानिसलाई केही कुराको अभियोग लागि आउदा बेमनासिव ठट्टा मस्करीका हिसाव संग सोधपुछ गर्न हुदैन।[70]
- तलासी लिने घर वा ठाउँको सम्बन्धित व्यक्तिले प्रहरी अधिकृतलाई प्रवेश गर्न नदिएमा प्रहरी अधिकृतले सो घर वा ठाउँमा रहेबसेका स्वास्नीमानिसहरुलाई हट्ने सूचना र मौका दिई आवश्यकतानुसार झ्याल, ढोका फोडी भित्र पसी तलासी लिन हुन्छ[71]
- महिलाको आँगको तलासी लिनु परेमा स्वास्नीमानिसको बेइज्जत नहुने गरी पत्यारकी अर्की स्वास्नीमानिसबाट लिन लाउनु पर्छ[72]
- अड्डा खुलेदेखि बन्द नभएसम्म अड्डाको काम बाहेक ठट्टा मस्करी गर्न नहुने[73]
- स्वास्नीमानिस वादी वा पुनरावेदक भएको न्वारान गराई पाऊँ वा नाता कायम गराई पाऊँ भन्ने मुद्दा वा विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दा र कैदमा परेको, बेवारिसे नाबालक अशक्त, बृद्धबृद्धा भएको मुद्दा प्राथमिकतामा राखी किनारा गर्नु पर्ने[74]

---

[69] मुलुकी ऐन अ.वं. ११७ नं.

[70] ऐ. १३४ नं.

[71] ऐ. १७२(२)

[72] ऐ. १७२(५)

[73] ऐ. ३ नं.

[74] ऐ. ११ नं.

### (ट) सुरक्षित गर्भपतन सेवा प्रक्रिया २०६०

- मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ (ख) नं. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले जारी गरेको सुरक्षित गर्भपतन सेवा प्रक्रिया २०६० मा सुरक्षित गर्भपतनलाई परिभाषित गरेको छ जसअनुसार सुरक्षित गर्भपतन भन्नाले मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८(ख) नं. अनुसार गर्भ तुहाएको नमानिने अवस्थामा गर्न सकिने गर्भ पतन सम्झनु पर्दछ भनी परिभाषित गरी सुरक्षित गर्भपतनको लागि आवश्यक हुने विधि, प्रक्रिया र संयन्त्र सम्बन्धी व्यवस्था गरेको पाईन्छ।

# ४.२. बालबालिकाको अधिकार र उपचार सम्बन्धी व्यवस्था

## ४.२ बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था

### ४.२.१ बालअधिकार भनेको के हो?

बाल अधिकार भनेको बालबालिकाका लागि लागू हुने विशेष अधिकार हो। गर्भदेखि बालक रहुन्जेलसम्म उपभोग गर्न पाउने सबै अधिकारहरु बालअधिकारभित्र पर्दछन्। यस अधिकारहरुभित्र नाम र राष्ट्रियताको अधिकार, आमाबाबुसंग बसोबास गर्ने अधिकार, पारिवारिक पुनर्मिलनको अधिकार, बालबालिकाको विचार प्रकट गर्न पाउने अधिकार, शिक्षाको अधिकार आदि पर्दछन।

### ४.२.२ बालबालिका भन्नाले कसलाई बुझाउछ?

बालअधिकार सम्बन्धी महासन्धी, १९८९ को धारा १ ले बालबालिका भन्नाले बालबालिका सम्बन्धी कानूनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई सम्झनुपर्छ भनी परिभाषित गरेको छ। हाम्रो बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा २(क) ले १६ वर्ष उमेर पुरा नगरेको व्यक्तिलाई बालबालिका सम्झनुपर्छ भनेको छ। यसरी हाम्रो बालबालिका सम्बन्धी ऐनले १६ वर्ष नपुगेका व्यक्तिलाई बालबालिकाको रुपमा परिभाषित गरेपछि हाम्रो सन्दर्भमा बालबालिका भन्नाले १६ वर्ष कम उमेरका व्यक्तिलाई बुझाउछ।

### ४.२.३ बालबालिका सम्बन्धी छुट्टै कानूनी व्यवस्था किन आवश्यक हुन्छ?

बालबालिकाहरु कलिलो उमेरका हुने हुँदा उनिहरुले आफ्नो हित र अहितको विषयमा आफै निर्णय गर्न नसक्ने हुँदा यिनिहरुको हितको विषयमा निर्णय गर्नको लागि राज्य तथा अभिभावकको महत्वपूर्ण भूमिका रहने हुन्छ। त्यसैले बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरुको शारीरिक बौद्धिक विकास गर्नको लागि नै बालबालिका सम्बन्धी छुट्टै कानूनको आवश्यकता हुन्छ। यही बास्तविकतालाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरबाट मध्यनजर गरी बालबालिका सम्बन्धी कानूनहरुको निर्माण भएको छ।

### ४.२.४ नेपालको संविधानमा बालअधिकार

- सवै नागरिक कानूनको दृष्टिमा समान हुने। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने। समान्य कानूनको प्रयोगमा धर्म, शारीरिक अवस्था लगायतका आधारमा भेदभाव नगरिने।राज्यले नागरिकहरुका बीच उत्पत्ति, लिङ्ग, लगायतका कुनै आधारमा भेदभाव नगरिने तर बालबालिका लगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने।[75]
- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने । त्यसैगरी प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने[76]
- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने।[77]
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वागीण व्यक्तित्व विकासको हक हुने।[78]
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने।[79]
- १.कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाईने। २.कुनै पनि बालबालिकालाई बाल विवाह, ३.गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाईने। कुनै पनि

---

[75] नेपालको संविधान धारा १८

[76] ऐ. धारा ३१

[77] ऐ धारा ३९ (१)

[78] ऐ धारा ३९ (२)

[79] ऐ. धारा ३९(३)

बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाईने। ४.कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाईने। ५.प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने। ६.असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने।

- बालबालिकाको हक अधिकार विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिमम क्षतिपूर्ति पाउने हक हुने।[80]

### ४.२.५ बाल अधिकारको उल्लंघन भएको अवस्थामा उपचार प्रक्रिया

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा
- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने
- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको

---

80 ऐ धारा ३९ (४)(५)(६)(७)(८)(९)(१०)

कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

### ४.२.६ प्रचलित कानूनमा बाल अधिकारसम्बन्धी व्यवस्था

**(क) बालकालिका सम्बन्धी ऐन, २०४८**

**बालबालिकाको नाम राख्ने कुरामा बाबु आमा लगायतको कस्तो कर्तव्य हुन्छ?**

प्रत्येक बालक जन्मेपछि बाबु आमाले र बाबु आमा नभए परिवारमा अन्य सदस्यले आफ्नो धर्म, सस्कृति, र चलन अनुसार बालकको नाम राखिदिनु पर्ने। बालकको बाबुआमा वा परिवारको कुनै सदस्य नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने[81]

**पालन पोषण तथा शिक्षा दिक्षामा अविभावकको कर्तव्य कस्तो रहन्छ?**

बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुको अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरुको व्यवस्था गर्नुपर्ने साथै बाबु, आमा वा संरक्षकले आफ्ना बालकलाई रोगबाट बचाउन दिनुपर्ने खोपहरु दिलाउनु पर्ने यस कार्यमा स्थानीय निकायहरु र नेपाल सरकार सम्बद्ध निकायहरुले सहयोग गर्नु पर्ने[82]

**बालबालिकाको पालन, पोषण, शिक्षा तथा स्वास्थ्योपचारमा छोरा छोरी विच भेदभाव गर्न हुन्छ हुदैन?**

बालकको पालनपोषण, शिक्षा तथा स्वास्थ्योपचारमा छोरा वा छोरीको आधारमा मात्र छोरी छोरीको बीच कुनै भेद्भाव गर्न नहुने[83]

---

[81] बालबालिका सम्बन्धी ऐन, २०४८ दफा ३

[82] ऐ. दफा ४(१)(२)

[83] ऐ. दफा ५

**बालबालिकाको विरुद्धमा लगाईएको फौजदारी अभियोगमा अदालतमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा मुद्दाको सुनुवाई हुन्छ हुदैन?**

कुनै बालकको बिरुद्ध लगाईएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले त्यस्तो मुद्दाको कारवाही र किनार गर्न नहुने र यस्तो अवस्थामा अदालतले नै नेपाल सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराई दिनु पर्ने[84]

**बैवाहिक सम्बन्ध कायम हुनु अघि वा पछि जन्मेका सन्तान वा धर्मपुत्र वा आफूले जन्माएका बालबालिकाबीच भेदभाव गर्न हुन्छ हुदैन?**

कुनै स्त्री पुरुषको बैवाहिक सम्बन्ध कायम हुनु अघि वा बैवाहिक सम्बन्ध कायम कायम भई सकेपछि जन्मेका बालकहरुको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्न नहुने र आफूले जन्माएको बालक तथा आफूले राखेको धर्मपुत्र वा धर्मपुत्रीबीच कुनै किसिमको भेदभाव गर्न नहुने[85]

**आमा बाबु तथा परिवारको सदस्यले बालकलाई हप्काउन वा पिट्न हुन्छ हुदैन?**

बालकको हितको लागि बाबु, आमा, परिवारको सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काउन हुने तर यातना तथा कुटपीट गर्न हुदैन[86]

**कस्तो अवस्थामा औपचारिक काम कारवाईमा आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाईन्छ?**

कुनै औपचारिक काम कारवाई वा लिखतमा कानूनबमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको पत्ता नलागेसम्म बालकले आमा र आमाको बाबुको नाम उल्लेख गर्न सक्ने र बाबु र आमा दुवै पत्ता नलागेको बालकको हकमा निजलाई

---

[84] ऐ. दफा १९

[85] ऐ. दफा ६

[86] ऐ. दफा ७

पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुने।[87]

**बालबालिकाले कानूनबमोजिमको अपराध ठहरिने कार्य गरेमा निजलाई सजाय हुन्छ हुदैन?**

कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुदैन[88]

**देवी देवताको नाममा बालबालिकालाई चढाउन हुन्छ हुदैन?**

कसैले आफ्नो वा अरु कसैको बालकलाई किनी वा कुनै प्रलोभन दिई वा कुनै किसिमको करकाप वा अनुचित प्रभावमा पारी आफ्नो कुनै भाकल वा अन्य कुनै धार्मिक अभिप्राय पूरा गर्ने उद्देश्यले कुनै देवी देवताको नाउमा चढाउनु वा समर्पण गर्न नहुने[89]

**बालबालिकालाई कठोर सजाय दिनबाट रोक**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे वापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने।[90]

**कस्ता बालबालिकालाई बाल सुधार गृहमा राख्नु पर्छ?**

- कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानून बमोजिम थुनामा बस्नु पर्ने बालक,
- प्रचलित कानून बमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानु पर्ने बालक,
- लागू औषधको कुलतमा लागेको बालक,
- बाबु, आमा वा घर परिवारबाट भागी हिंड्ने गरेको बालक,

[87] ऐ. दफा १०

[88] ऐ. दफा ११

[89] ऐ. दफा १४

[90] ऐ. दफा १५

- अनैतिक वा अवाञ्छनीय कृयाकलापमा संलग्न व्यक्तिसंग बस उठ गर्ने वा त्यस्ता व्यक्तिहरुको कृयाकलापमा सरिक हुने वा तितीहरुको आम्दानीको आश्रित रहने बालक।[91]

**के कस्तो उमेरका बालबालिकाले कानून विपरितको कार्य गरेमा कस्तो सजाय हुन्छ?**

- १० वर्ष भन्दा मुनीको बालकलाई कुनै प्रकारको सजाय नहुने,
- दश वर्ष वा सो भन्दा माथि र चौध वर्षभन्दा कम उमेरको रहेछ भने निजलाई कानून बमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई गर्ने र कैद हुने अपराध गरेकोमा कसूर हेरी छ महिना कैद हुने,
- चौध वर्ष वा सो भन्दा माथि र सोह्र वर्षभन्दा मुनीको रहेछ भने उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने,
- बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह पुरा सजाय हुने।[92]

**बालबालिकालाई के कस्तो पेशामा संलग्न गराउन हुदैन?**

कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न, बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्ने वा प्रदर्शन गर्न, कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्न तथा बालकलाई मादक पदार्थको बिक्रि वितरण वा ओसार पसार गर्ने काममा लगाउन नहुने।[93]

**बालबालिकालाई माग्ने काममा लगाउन वा मुड्न हुन्छ हुदैन?**

- धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालना गर्दा बाहेक बालबालिकालाईज भिक्षा मागने काममा लगाउन नहुने कसैले सन्यासी, भिक्षु, वा फकीर बनाउने उद्देश्यले बालबालिकालाई मुड्न नहुने र मुडेको भएपनि मान्यता प्राप्त नहुने,

---

[91] बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२

[92] ऐ. दफा ११

[93] ऐ. दफा १६

- बालबालिका सम्बन्धी ऐन, २०४८ प्रारम्भ हुनुअघि सन्यासी, भिक्षु वा फकीर बनाईएको बालबालिकाले चाहेमा त्यस्तो भेष त्यागेर पारिवारिक जीवन ग्रहण गर्न सक्छन।[94]

**हक प्रचलन गर्न कहिले र कहाँ उजुरी गर्नु पर्छ?**

बालकको यस प्रकारको हकको प्रचलनको लागि बालकको तर्फबाट जो सुकैले पनि बालक रहे बसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिन सक्ने। कसूर भए गरेका मितिले एक वर्ष भित्र मुद्दा दायर गर्नु पर्ने।[95]

**बालबालिकाको मुद्दाको सुनुवाईको क्रममा को कस्ता मानिस सहभागी हुन सक्छन?**

बालक सम्बन्धी कुनै मुद्दाकझो कारवाई चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखि अनुमति दिएमा बालकको हक हित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्ने[96]

**मुद्दामा अपनाउनु पर्ने कार्यविधी**

अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतले मुद्दाको कारवाई र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाउने।[97] नेपाल सरकारले आवश्यकता अनुसार बाल अदालतको गठन गरिनसकेको अवस्थामा सम्बन्धित जिल्ला अदालतबाट मुद्दाको किनारा गरिने।

**(ख) बाल न्याय सम्बन्धी कार्यविधि नियमावली, २०६३**

**बालबालिकाले गरेको कसूरमा अनुसन्धान तथा तहकिकात प्रक्रिया**

- अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा योग्यता पुगेकफो प्रहरी कर्मचारी छुट्टै इकाई खडा गर्नु पर्ने। त्यस्तो इकाई नभएसम्म कुनै प्रहरी कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्ने।
- प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई साधा पोसक लगाउनु पर्ने

---

[94] ऐ. दफा १३

[95] ऐ दफा ५४

[96] ऐ दपा ४९

[97] ऐ दफा ५५

- पक्राउ गर्दाको अवसथामा प्रहरीले आफ्नो परिचय खुल्ने कागजात देखाउनु पर्ने र पक्राउ गर्नु पर्नाको कारण खुलाउनु पर्ने
- पक्राउ परेको बालबालिकालाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनु पर्ने
- बाबु, आमा वा संरक्षक मध्ये कुना एक जनालाई बालबालिकाले गरेको कसूरको सम्बन्धमा जानकारी गराउनु पर्ने
- बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गराउनु पर्ने
- सर्जमीन गर्दा बाबु, आमा वा संरक्षक मध्ये कुनै एकजनालाई रोहवरमा राख्नु पर्ने
- अनुसन्धान तथा तहकिकातको सिलसिलामा बालबालिकासंग सोधपुछ गर्दा बालमैत्री वातवरण बनाई सहज किसिमबाट सोधपुछ गर्नु पर्ने
- बालबालिकासंग सोधपुछ गर्दा निजको बाबु, आमा संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथलयमा बसेको भए सोको प्रतिनिधिलाई रोहवरमा राख्नु पर्ने
- बालबालिकालाई सोधपुछ गर्दा एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्न।
- बालकसंग सोधपुछ गर्दा आवश्यक परेमा दोभाषेको सुविधा उपलब्ध गराइ सोधपुछ गर्न सक्ने[९८]

**सुनुवाई सम्बन्धी प्रक्रिया**

- बालबालिकाको मुद्दाको सुनुवाई गर्दा बाल अदालत वा बाल इजलासमा बाल मैत्री बातावरणमा गर्नु पर्ने
- यसरी सुनुवाई गर्दा बालबालिकाले बुझ्ने भाषाको प्रयोग गर्नु पर्ने,
- आरोपित बालकलाई कसूरको प्रकृति र प्राप्त साक्षी प्रमाणको सम्बन्धमा जानकारी दिनु पर्ने,
- बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गर्नु पर्ने र सो सोधपुछको कुरा इजलासको पर्दामा देखिने व्यवस्था गर्नु पर्ने

---

[९८] बाल न्याय कार्यविधि नियमालवी २०६३ नियम ३,४,५र २४

- सोधपुछ गर्दा निजको बाबु आमा संरक्षक वा कानून व्यवसायी रोहवरमा बस्न सक्ने
- मुद्दा दायर भएको १२० दिनभित्र फैसला गर्नु पर्ने
- फैसलाको प्रतिलिपि सम्बन्धित बालकलाई निःशुल्क उपलब्ध गराउनु पर्ने।[99]

**(ग) बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६**

- कसैले पनि चौध वर्ष उमेर पुरा नगरेका बालकलाई श्रमिकको रुपमा काममा लगाउन नहुने साथै कसैले बालकलाई अनुसुचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नहुने[100]
- कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास, वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउन नहुने[101]
- कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यलय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनु पर्ने[102]
- प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्ने[103]
- बालकलाई बेलुका छ बजेपछि र बिहान छ बजेसम्मको अवधिभर काममा लगाउन नहुने, बालकलाई काममा लगाउँदा दिनमा छघण्टा र एकसप्ताहको छत्तीसघण्टाभन्दा बढी अतिरिक्त पारीश्रमिक दिई वा नदिई काममा लगाउन नहुने, बालकलाई प्रत्येक दिन लगातार तीनघण्टा काम गरेपछि आधाघण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको विदा दिनुपर्ने[104]

---

[99] ऐ दफा १२ र १६

[100] बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ दफा ३

[101] ऐ. दफा ४

[102] ऐ. दफा ६

[103] ऐ. दफा १०

[104] ऐ. दफा ९

- यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा प्रतिष्ठानको कर्मचारी, सम्बन्धित इलाकाको प्रहरी, सम्बन्धित बालक वा निजको बाबु, आमा वा संरक्षक, सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका, प्रतिष्ठान स्तरको ट्रेड युनियन वा बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानूनबमोजिम स्थापित निकाय वा गैरसरकारी संस्थाले सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजुरी दिनुपर्ने[105]
    - यस ऐन अन्तर्गतको कसूर गर्नेलाई सवैभन्दा बढी एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरीवाना वा दुवै सजाय हुने र यस ऐन अन्तर्गतको अपराध भएमा श्रम कार्यालयमा उजुर दिनुपर्ने[106]

**(घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५**

- राष्ट्रिय नीति अनुरुप अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपाङ्ग तथा अशक्तहरुको संरक्षण सम्बन्धी कार्य गर्ने र सामाजिक कुरीति हटाउने तथा चेलीबेटीकी एवं नारीको संरक्षण सम्बन्धी काम गर्नेसमेत जिल्ला विकास समितिक काम कर्तव्य हुने[107]

**(ङ) नागरिक अधिकार ऐन, २०१२**

- स्त्री जाति, बालकवर्ग र कुनै अनुन्नत नागरिकवर्गको लागि विशेष व्यवस्था गर्न नेपाल सरकारलाई अधिकार हुने[108]
- चौध वर्ष भन्दा कम उमेरका कुनै बालकलाई कुनै कारखाना वा खानीको काममा लगाउन वा अरु कुनै जोखिमी काममा भर्ना गर्न नहुने[109]

---

105 ऐ. दफा २०

106 ऐ. दफा १९ र २१

107 स्थानीय स्वायत शासन ऐन, २०५५ को दफा १८९ (१)(च)

108 नागरिक अधिकार ऐन, २०१२ दफा ५

109 ऐ. दफा १४

### (च) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

- जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले व्यक्तिगत घटना दर्ताको लागि पंजाकाधिकारीको कार्यालयमा सूचना दिनुपर्ने।[110]
- व्यक्तिगत घटना दर्ताको लागि सूचना प्राप्त हुनासाथ स्थानीय पंजिकाधिकारीले त्यस्तो घटना सम्बन्धित दर्ता किताबमा दर्दा गरी त्यस्तो व्यक्तिलाई निःशुल्क दर्ताको प्रमाणपत्र दिनुपर्ने[111]
- बच्चाको उमेर, नाम वा जात एक पटक दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त गरिसकेपछि सच्चाउन परेमा सम्बन्धित व्यक्तिले प्रमाणपत्र पाएको मितिले ६ मिहनाभित्र स्थानीय पंजिकाधिकारीको कार्यालयमा दरखास्त दिएमा निःशुल्क सच्चाउनु पर्ने[112]

### (छ) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रीबितरण नियन्त्रण) ऐन, २०४९

स्तनपानको संरक्षण र सम्बर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्री वितरणलाई नियमित गरी बच्चाहरुको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्ने मुख्य उद्देश्य यस ऐनको रहेको।

### (ज) आपतकालिन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७

- जोखिमपूर्ण श्रममा संलग्न रहेका, हराएको वा वेवारिस अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको, दुर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसंग सम्बन्धित रहेको कारणले वेवारिसे भएको, यौनशोषण, यौन दूर्व्यवहार, वेचबिखन, वा ओसारपसारमा परेको, हिंसाबाट प्रभावित भएको, बाबुआमा वा संरक्षकबाट बन्चित भएको, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको, सडक बालबालिका, एच. आई. भी. एड्स संक्रमित भएको

---

[110] जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ दफा ४

[111] ऐ. दफा ५ र ६

[112] ऐ. दफा ९क (१)(२)

बालबालिकालाई उद्धार गर्न, राहत दिन तथा पुनर्स्थापना लगायतका काम गर्न कोषको स्थापन गरिने।

# ४.३. जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार र उपचार सम्बन्धी व्यवस्था

## ४.३ जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार र उपचार सम्बन्धी व्यवस्था

### ४.३.१ दलित भनेर कसलाई बुझिन्छ?

हिन्दु वर्णाश्रम जाति व्यवस्था अन्तर्गत वि.स. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाती भनी जातीय भेदभाव गरी समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रुपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका जातजाती नै दलितको समूह भित्र पर्दछन।[113]

### ४.३.२ नेपालको संविधानमा दलित, जातीय विभेद तथा छुवाछूत सम्बन्धि अधिकार

- राज्यका सवै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्थगा गरिने[114]
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने र प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने[115]
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिने[116]
- दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत

[113] ढुण्डीप्रसाद निरौला,शासन सञ्चालनका नवीन मान्यताहरु पेज १०५,

[114] नेपालको संविधानको धारा ४० (१)

[115] ऐ. धारा ४०(२)

[116] ऐ. धारा ४०(३)

पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ।[117]

- राज्यले भूमिहिन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ।[118]
- राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ।[119]
- दलित समुदायलाई धारा ४० द्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।[120]
- कुनै पनि व्यक्तिलाई निजको जात, जाति, लगायतको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन।[121]
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाईने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन।[122]
- जात जाति लगायतका आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्योयोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साह गर्न नपाईने।[123]
- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाईने।[124]

---

[117] ऐ. धारा ४०(४)
[118] ऐ. धारा ४०(५)
[119] ऐ. धारा ४०(६)
[120] ऐ. धारा ४०(७)
[121] ऐ. धारा २४(१)
[122] ऐ. धारा २४(२)
[123] ऐ. धारा २४(३)
[124] ऐ. धारा २४(४)

- धारा २४ को प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने।[125]
- सामाजिक रुपले पछाडि परेका दलित लगायतका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने।[126]
- आर्थिक रुपले विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसरर तथा लाभ पाउने हक हुने।[127]
- आर्थिक रुपले विपन्न लगायतका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने।[128]

### ४.३.३ मौलिक हकहरुको उल्लंघन भएको अवस्थामा उपचार प्रक्रिया

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा
- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने
- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात

---

[125] ऐ. धारा २४(५)

[126] ऐ. धारा ४२(१)

[127] ऐ. धारा ४२(२)

[128] ऐ. धारा ४३

सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

## ४.३.४ प्रचलित कानूनमा दलितको हक

### (क) स्थानीय स्वायत्त शासन ऐन, २०५५

- गाउँ परिषदको गठन गर्दा गाउँ विकास क्षेत्र भित्रका एकजना महिला सहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये गाउँ परिषदमा प्रतिनिधित्व हुन नसकेका वर्गका योग्यता पुगेका व्यक्तिहरुमध्येबाट गाउँ परिषदद्वारा मनोनित छ जना व्यक्तिहरु समेत सदस्य रहनु पर्ने।[129]
- वडा भित्रका पिछडिएका जनजाति, असहाय, अपाङ्ग तथा वेवारिस व्यक्तिहरुको संरक्षण र जीविकोपार्जन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउनु वडा समितिको काम कर्तव्य र अधिकार हुने[130]
- गाउँ विकास समितिको योजना तर्जुमा गर्दा पिछडिएका वर्ग तथा महिला गर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिनुपर्ने[131]
- नगरपरिषदको गठन गर्दा नगरपालिका क्षेत्र भित्रका महिला सहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये नगरपरिषदमा प्रतिनिधित्व हुन नसकेका वर्गमा दफा ७८ बमोजिम नगरपरिषदको सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नगर परिषदद्वारा मनोनित कम्तिमा छजना र बढीमा बीसजना व्यक्तिहरु सदस्य रहने।[132]

[129] स्थानीय स्वाय्त शासन ऐन, २०५५ को दफा ८(१)(ग)

[130] ऐ. दफा २५ (१)(ञ)

[131] ऐ. दफा ४३ (३)(ङ)

[132] ऐ. दफा ७६ (१)(ग)

## (ख) शिक्षा नियमावली, २०५९

- संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने[133]
- सामुदायिक विद्यालयले गरिवीको रेखामुनी रहेका दलित, जनजाति र महिला लगायतका अन्य विद्यार्जथीहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने[134]

## (ग) नागरिक अधिकार ऐन, २०१२

- कुनै सरकारी पदमा नियुक्ति नेपाल सरकारले योग्यताको आधारमा मात्र नियुक्ति गर्नेछ र सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरक माथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने[135]
- स्त्री जाति, बालकवर्ग र कुनै अनुन्नत नागरिकवर्गको लागि विशेष व्यवस्थगा गर्न नेपाल सरकारलाई अधिकार हुने[136]

## (घ) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८

- विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरुबीच बैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने कुराहरु किताव वा पत्रपत्रिकामा प्रकाशित गर्न नपाइने[137]
- विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरुबीच बैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने उद्देश्य भएको वा त्यस्तो सम्भावित परिणाम हुनसक्ने सामाग्री भएको विदेशी प्रकाशनको पैठारीमा रोक लगाउने गरी नेपाल सरकारले आदेश जारी गर्न सक्ने[138]

---

[133] शिक्षा नियमावली,२०५९ को नियम १५१ (१)

[134] ऐ. निय १५१ (२)

[135] नागरिक अधिकार ऐन, २०१२ दफा ४

[136] ऐ. दफा ५

[137] छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १४(घ)र(ङ)

[138] ऐ. दफा १४(ङ)

### (ङ्) चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ऐन, २०२६

- विभिन्न वर्ग वा जातिका बीचको सुसम्बन्धमा बिरोध पर्ने देखिएका त्यस्तो चलचित्रलाई प्रदर्शन गर्ने चलचित्र जाँच समितिले अनुमति दिने छैन[139]

### (च) महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३

धर्म, जात, जाति, वर्ण, लिङ्ग वा कुनै मतको आधारमा कुनै व्यक्तिलाई विश्व विद्यालयको कुनै पद वा कुनै स्नातकोत्तर उपाधि, स्नातक उपाधि, प्रमाणपित्र वा अन्य शैक्षिक उपाधि हासिल गर्न वा अध्ययन गर्न वा सुविधा पाउनबाट वञ्चित नगरिने[140]

### (छ) निजामती सेवा ऐन, २०४९

- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी दलितलाई नौ प्रतिशत छुट्टाईएको।

### (ज) जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८

**कस्तो कार्यलाई जातीय भेदभाव तथा छुवाछूतको कसूर मानिन्छ?**

**निम्न कार्यलाई जातीय भेदभाव तथा छुवाछूत गरेको मानिन्छ**

- कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा छुवाछूत गरी सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिवन्ध लगाउने,
- व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने,

---

[139] चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ऐन,२०२६ दफा ८(३)

[140] महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३ दफा १२

- जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट बञ्चित गर्ने,
- जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक समारोह आयोजना गर्ने वा सार्वजनिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट बञ्चित गर्ने,
- जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी जानी सहभागी हुने,
- जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिवन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य गर्ने,
- जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्ने,
- जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्ने वा रोक्न लगाउने,
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वा वितरण गर्ने वा गराउने,
- जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्ने वा गराउने,
- प्रचलित कानून बमोजिम उमेर पुगेका वर वधुबाट मञ्जुर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भईसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउने,
- कसैले श्रव्य दृश्य सामाग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उचनीच दर्शाउने, जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहर्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शब्दको प्रयोग गर्ने वा

आचरण, हाउ भाउ वा व्यवहारबाट त्यस्तो सङ्केत गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउने वा दुरुत्साहन गर्ने वा गराउने,

- जात, जाति, वंश वा समुदायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्ने वा गराउने।[141]
- कसैले लैङ्गिक, आर्थिक, सामाजिक, सास्कृतिक, प्रथा परम्परा, वैवाहिक स्थिति वा जबरजस्ती करणीबाट पीडित भएको, कुनै रोग लागेको वा यस्तै अन्य कुनै आधारमा कसैलाई भेदभाव गरेमा।[142]

**जातीय भेदभाव तथा छुवाछूतको कसूरसम्बन्धी उजुर कसले, कहाँ र कहिले दिनु पर्छ?**

- जातीय भेदभाव तथा छुवाछूतको कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्ने,
- जातीय भेदभाव तथा छुवाछूतको कसूर नेपालबाहिर गरेमा निज बसोवास रहेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्नु पर्ने,
- प्रहरी कार्यालयले उजुरी दर्ता नगरेमा वा उजुरी उपर कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सक्ने र यसरी प्राप्त उजुरीलाई राष्ट्रिय दलित आयोग वा स्थानीय निकायले सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु पर्ने,
- राष्ट्रिय दलित आयोग र स्थानीय निकायबाट लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरीउपर कारवाही अगाडी बढाउनु पर्ने,
- जातीय भेदभाव तथा छुवाछूत भएको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नु पर्ने।[143]

---

[141] जातीय भेदभाव तथा छुवाछूत(कसूर र सजाय) ऐन, २०६८ दफा ४

[142] मुलुकी ऐन अदलको १०ग नं.

[143] ऐ दफा ५ र १०

**जातीय भेदभाव तथा छुवाछूतको कसूर गरेमा कस्तो सजाय हुन्छ?**

- जातीय भेदभाव तथा छुवाछूतको कसूर गर्नेलाई अपराधको प्रकृति बमोजिम अधिकतम तीन महिनादेखि तीनवर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुने,
- सार्वजनिक पद धारण गरेको व्यक्तिले जातीय भेदभाव तथा छुवाछूतको कसूर गरेमा निजलाई पचास प्रतिशत थप सजाय हुने। [144]

**जातीय भेदभाव तथा छुवाछूतको कसूरबाट पीडितलाई के कस्तो क्षतीपूर्ती भराईन्छ वा भराईदैन?**

- अदालतले कसूरदारबाट पीडितलाई पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराईदिन सक्ने,
- क्षतिपूर्ति बाहेक कसूरदारले पीडितलाई कुनै हानी नोक्सानी पुर्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि नोक्सानीको मनासिव रकम कसूरदारबाट पीडितलाई भराउने आदेश दिन सक्ने।[145]

**जातीय भेदभाव तथा छुवाछूतको कसूर सम्बन्धी मुद्दा कस्तो प्रकृतिको हुन्छ?**

- जातीय भेदभाव तथा छुवाछूतको मुद्दा सरकारवादी हुने र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएको मानिने। त्यस्तो मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्ने।[ज्ञद्धट]

**(झ) बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२**

**कस्तो कार्य गरेमा बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिन्छ?**

**निम्न कार्य गरेमा बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिन्छ**

- बोक्सीको आरोप लगाउने
- बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने

---

[144] ऐ दफा ७

[145] ऐ दफा ९

[146] ऐ दफा ११ र १२

- बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक व्यवहार गर्ने
- बोक्सीको आरोपमा सामाजिक बहिस्कार गर्ने
- बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने
- धामी, झाक्रि, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने
- बोक्सीको आरोपमा  कुटपिट लगायत क्रुर र अमानवीय वा अपमानजनक व्यवहार गर्ने
- बोक्सीको आरोपमा अंगभंग गर्ने
- बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने।[147]

**पीडितकोसंग सम्बन्धित क्षतिपुर्ति लगायतका अन्य व्यवस्था**

- पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले निजलाई अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्ने
- पीडितले चाहेमा बोक्सीको आरोप सम्बन्धी कसूरसँग सम्बन्धित मुद्दाको प्रतिरक्षा गर्न छुट्टै कानून व्यवसायी राख्न सक्ने
- अदालतले पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्दाको अन्तिमनिर्णय नभएसम्मको लागि पीडका नाममा पीडितलाई निज बसीआएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न, पीडितलाई चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लाग उचित रकम दिन, गालि बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार नगर्न नगराउन, पीडित बसेको ठाउँ, बाटोघाटो वा कार्यालयमा गई दुःख दिन वा सताउने काम नगर्न अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने

[147] बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ दफा ३

- पीडितलाई पुगेको क्षति लगायत पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी अदालतले पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने। पीडितलाई अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडितलाई पीडकबाट भरादिने

**सजायसम्बन्धी व्यवस्था**

कसूरदारलाई कसूरको मात्रा हेरी अधिकतम पाँच वर्ष देख आठ वर्ष सम्म कैदा र पचास हजार देखि एक लाख रुपैयासम्म जरीवाना हुन सक्ने।

**यस ऐन अन्तर्गतको मुद्दा कस्तो प्रकृतिको मुद्दा हुन्छ?**

- यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुने र पीडितले माग गरेमा बन्द इजलासबाट सुनुवाई गरिने।

# ४.४ अपाङ्गता भएका व्यक्तिको अधिकार र उपचार सम्बन्धी व्यवस्था

## ४.४ अपाङ्गता भएका व्यक्तिको अधिकार र उपचार सम्बन्धी व्यवस्था

### ४.४.१ अपाङ्गता भएका व्यक्ति भन्नाले कसलाई बुझिन्छ?

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि, २००६ ले अपाङ्गता भएका व्यक्तिलाई यसरी परिभाषित गरेको छ "अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्वारा सिर्जित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी कमजोरी तथा तिनका विभिन्न अवरोधका कारण समाजमा अन्य व्यक्तिसरह समान आधारमा र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएका व्यक्ति समेतलाई जनाउँछ"।

त्यसैगरी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अनुसार "अपाङ्ग" भन्नाले सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई सम्झनुपर्छ। सो शब्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, कुजो, लगडो, खोरण्डो, डुँडो वा सुस्त मनस्थिति भएको व्यक्तिलाई समेत जनाउँछ भनि परिभाषित गरेको छ। [148]

त्यस्तै "असाय अपाङ्ग" भन्नाले जायज्येथा केही नभका वा स्याहार सुरार गर्ने कोही नभएका आफै रोजगार गरी खान नसक्ने अपाङ्ग सम्झनु पर्दछ। [149]

### ४.४.२ अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा नेपालको संविधानमा भएका अधिकारहरु

- प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाच्न पाउने हक हुनेछ[150]
- सवै नागरिक कानूनको दृष्टिमा समान हुनेछन।कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने र सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था, अपाङ्गता लगायतका आधारमाभेदभाव नगरिने। [151]

---

[148] अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा २ (क)

[149] ऐ दफा २ (ख)

[150] नेपालको संविधान धारा १६

[151] ऐ.धारा १८(१)(२)

- अपाङ्गता भएका व्यक्ति लगायतका नागरिकको संरक्षण सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने।[152]
- अपाङ्गता भएका व्यक्ति लगायतलाई समावेशी समानुपातिक सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने।[153]
- अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविमा समानव पहुँचको हक हुने।[154]
- अपाङ्गता भएका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने।[155]
- जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा अपाङ्गता भएका व्यक्ति लगायतलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने।[156]

### ४.४.३ अपाङ्गको मौलिक हकहरुको उल्लंघन भएको अवस्थामा उपचार प्रक्रिया

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा
- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने

[152] ऐ.धारा १८ (३) को प्रतिबन्धात्मक बाक्यांश
[153] ऐ. धारा ४२ (१)
[154] ऐ. धारा ४२ (३)
[155] ऐ.धारा ४३
[156] ऐ. धारा ४२(५)

- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

### ४.४.४ प्रचलित कानूनमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार

### (क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९

**समानताको सम्बन्धमा**

- अपाङ्गपनको आधारमा मात्र नेपाल राज्यभित्रको शिक्षा र तालिम दिने वा सामाजिक वा साँस्कृतिक कार्यक्रम गर्ने कुनै पनि संस्था वा क्लव वा समुदाय वा समारोहमा प्रवेश गर्नबाट रोक्न नपाईने।[157]
- अरुले पाए सरहको राजनैतिक अधिकार, आर्थिक र सामाजिक सुरक्षा पाउने, सम्मानपूर्ण जीवनयापन गर्ने, रोजगारी पाउने, उपयोगी, उत्पादनशील र अर्थपूर्ण कुनै व्यवसायमा लाग्न मानवोचित सम्मान पाउने समेतको अधिकारबाट बन्चित गर्न नपाईने।[158]
- सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै अपाङ्गलाई निजलको केवल अपाङ्गपनको आधारमा मात्र भेदभाव गर्न वा बढुवा वा वृद्धि वा समान व्यवहार पाउनबाट बन्चित गर्न नपाईने।तर खास कुनै प्रकारको सेवाका कामको लागि वा कामको प्रकृति अनुरुप कुनै प्रकारको अपाङ्गको नियुक्ति, बढुवा, वृद्धि वा समान व्यवहार अनुपयुक्त हुने भएमा सो गर्न सकिने [159]

[157] अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा ५ (१)

[158] ऐ. दफा ५(२)

[159] ऐ. दफा ५(३)

**शिक्षा तथा तालिमको सम्बन्धमा**

- कुनै अपाङ्गले शिक्षा प्राप्त गर्नको लागि कुनै शिक्षण संस्थामा भर्ना हुने भएमा निजलाई त्यस्तो शिक्षण संस्थामा शुल्क नलिईने।[160]
- अपाङ्गलाई शिक्षा दिने शिक्षकहरुलाई उपयुक्त तालीमसम्बन्धी आवश्यक व्यवस्था गर्न सकिने।[161]
- अन्धा, बहिरा र सुस्त मनस्थिति भएकालाई शिक्षा दिने विशेष प्रकारको व्यवस्था गर्न सकिने।[162]

**स्वास्थ्य तथा औषधि उपचार सम्बन्धमा**

- निरोध वा निवारण हुन सक्ने अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारकतत्वहरु पत्ता लगाई त्यस्को निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपार गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने।[163]
- अपाङ्गबाट उत्पन्न हुने विभिन्न प्रतिकूल असरलाई यथाशक्य घटाउनका लागि आवश्यक पर्ने उपचार उपलब्ध गराउन त्यसको लागि गरिने परीक्षण तथा स्वास्थ्य सेवा प्रदान गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने।[164]
- अपाङ्गपन आईपर्ने अवस्थालाई यथासम्भव निराकरण गर्न नेपाल सरकारले पौष्टिक आहारमा वृद्धि, किटाणुजन्य रोगको रोकथामको लागि आवश्यक व्यवस्था गर्न सक्ने[165]

**तालीम तथा रोजगारीको सम्बन्धमा**

- अपाङ्गलाई आर्थिक रुपमा स्वावलम्बी बनाउन उपयुक्त तालीम तथा रोजगारीको आवश्यक व्यवस्था मिलाउन सकिने र निजहरुको अवस्था सुहाउँदो वातावरणमा श्रमको उचित प्रतिफल पाउन सक्ने प्रकारको तालीम दिने व्यवस्था गर्न सक्ने।[166]

---

[160] ऐ.दफा ६(१)

[161] ऐ.दफा ६(२)

[162] ऐ. दफा ६(३)

[163] ऐ दफा ७(१)

[164] ऐ दफा ७(२)

[165] ऐ. दफा ७(३)

[166] ऐ. दफा ८(१)

- श्रम आपूर्ति व्यवस्थाद्वारा अपाङ्गलाई खुला तथा स्वावलम्बनकारी उद्योग वा ग्रामीण रोजगारी जस्ता श्रम वा रोजगारी व्यवस्था लगाउने व्यवस्था गर्न सक्ने।[167]
- अपाङ्ग श्रमिकहरुलाई कम्तीमा सामान्य जीवनयापनको लागि थप सुविधा दिईने व्यवस्था गर्न सक्ने।[168]
- पच्चीस जना भन्दा बढी मजदूर नियुक्त गरिने कारखानाले जम्मा मजदूर संख्याको पाँच नघटाई प्रतिशत संख्यामा नघटाई अपाङ्गलाई उनीहरुको शारीरिक क्षमता, तालीम योग्यता र अनुभवको आधारमा उपयुक्त हुने काममा उपलब्ध भएसम्म नियुक्ति गर्नु पर्ने गरी तोक्न सक्ने यस्तो मजदुरले अन्य मजदूरले पाए सरशको पारिश्रमिक पाउने र तिनीहरुको सेवाका शर्तहरु तथा वृत्ति विकासका अवसरहरु पनि मजदुर सरह हुने तर कुनै कारखानाले अपाङ्गलाई नियुक्त गर्दा निजको स्वास्थ्य तथा अन्य अवस्थामा हानि हुने सम्भावना विद्यमान छ भन्ने तथ्य त्यस्तो कारखानाले दर्शाई समाज कल्याण अधिकृतको पूर्व अनुमति प्राप्त गरेमा त्यस्तो कारखानालाई उक्त बाध्यात्मक व्यवस्थाबाट छुट हुन सक्ने [169]
- अपाङ्गको निम्ति मात्र निजी रोजगारिको व्यवस्था गर्न घरेलु तथा ग्रामीण साना उद्योग सञ्चालनका लागि ऋण, कच्चा पदार्थको उपलब्धि, बजार व्यवस्था इत्यादि आधारभूत सुविधा तथा संरक्षण प्रदान गर्ने व्यवस्था गर्न सकिन।[170]
- अपाङ्गको निम्ति मात्र रोजगारी तथा जीविकोपार्जवनका उपायहरु र त्यसलाई दिन सकिने तथा दिनु पर्ने सुविधा सहुलियतको सम्भाव्यताबारेमा अध्ययन गर्ने गराउने व्यवस्था गरिने।[171]
- कुनै यन्त्रको काममा अपाङ्गलाई लगाउँदा निजको  सुरक्षा हुने गरी सुरक्षा उपकरण प्रयोग गर्नु पर्ने व्यवस्था गर्न सकिने।[172]

---

[167] ऐ. दफा ८(२)

[168] ऐ. दफा ८(३)

[169] ऐ. दफा ८(४)

[170] ऐ. दफा ८(५)

[171] ऐ. दफा ८(६)

[172] ऐ. दफा ८(७)

### अपाङ्गहरुमा प्राथमिकता सम्बन्धमा

- अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा व्यवस्था गरिएका तथा अन्य उपलब्ध हुन सक्ने सुविधा तथा सहुलियतहरु प्रदान गर्दा अपाङ्गमध्ये बढी मात्रामा अपाङ्ग भएका व्यक्तिको अवस्थालाई ध्यानमा राखी प्रदान गर्न सकिने।[173]

### सुविधा तथा सहुलियत सम्बन्धमा

- घरबास नभएका अपाङ्गलाई आफ्नो घरवास बनाउन वा कुनै अपाङ्गलाई कृषि व्यवसायमा लाग्न जग्गा चाहिएमा नेपाल सरकारले प्रचलित कानून बमोजिम वितरण गरिने वा हाल आवादी गर्न दिईने जग्गा तोकिएको शर्तबन्देजको अधीनमा रहने गरी उपलब्ध गराई दिन सकिने।[174]
- कुनै अपाङ्गले खेलकूद,  मनोरञ्जन वा सांस्कृतिक प्रदर्शन इत्यादिमा भाग लिन चाहेमा सो कामको लागि सम्बन्धित संस्थामा उपयुक्त तालीम दिने, सिकाउने र सो कामको लागि व्यवस्था गरिदिने सम्बन्धमा प्राथमिकता दिन सकिने।[175]
- कुनै अपाङ्गलाई बस, रेल अवाईजहाजबाट यात्रा गर्दा निजलाई अरु कुनै व्यक्तिको सहारा निरन्तर चाहिने  भए त्यस्तो एकजना व्यक्तिलाई यात्रुभाडाको आधा भाडा छूट दिन सकिने।[176]
- आफूले प्रयोग गर्नुपर्ने सहायक साधान, उपकरण वा औजार तथा अपाङ्गको तालीमको लागि वा निजी रोजगारीमा लागेका अपाङ्गको रोजगारीको लागि प्रयोग गरिने मालसमान यन्त्र, पूर्जा तथा कच्चा पदार्थहरुमा भन्सार, अन्तः शुल्क, बिक्रिकर, स्थनीय कर लगायत अन्य दस्तुर समेत नेपाल सरकारले सम्पूर्ण वा आंशिक रुपमा छुट दिन सक्ने।[177]
- अपाङ्गलाई र अपाङ्गको पुनर्स्थापनाको लागि स्थापन भएका वा सो कामको कार्यान्वयन गर्न प्रयोग गरिएका संस्थाहरुलाई आयकर तथा अन्य सबै प्रकारका करहरुबाट नेपाल सरकारले छूट दिन सक्ने।[178]

---

[173] ऐ. दफा ९

[174] ऐ. दफा १०(१)

[175] ऐ दफा १०(२)

[176] ऐ. दफा १० (३)

[177] ऐ. दफा १०(४)

[178] ऐ. दफा १०(५)

- अपाङ्गलाई रोजगारी दिने कारखानालाई सो कारखानाले नियुक्त गरेको, अपाङ्गको अनुपातमा नेपाल सरकारले तोकिए बमोजिमको दरले आयकरबाट छूट दिन सक्ने र अपाङ्गलाई नियुक्त गर्न आफ्नो कारखानाको यन्त्रमा गरिएको विशेष अदल वा बदल वा जडान गरिएका पार्टपूर्जाहरुको वापतमा भएको खर्चलाई तोकिए बमोजिमको परिमाणमा आयकर छूट पाउने अंकमा जोड्न अनुमति दिन सक्ने।[179]
- अपाङ्गका निम्ति मात्र तालीम दिने वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरी दिने सामाजिक संस्था, व्यापारिक वा औधोगिक प्रतिष्ठानलाई बैंक तथा आर्थिक संस्थाहरुबाट सरल व्याज दरमा ऋण दिलाउने व्यवस्था गर्न सकिने।[180]
- वृद्ध अपाङ्ग तथा असाहय अपाङ्गलाई बसोबासको लागि अपाङ्ग घरको व्यवस्था गर्न र त्यस्तो अपाङ्ग घरमा मनोरञ्जन तथा समय सुविस्तासंग बिताउने साधनहरुको व्यवस्था गर्न सकिने[181]
- अपाङ्गहरुको निमित्त तोकिएबमोजिमको बेकारी भत्ता, जीवनयापन भत्ता, वृद्धाअवस्था निवृत्तिभरण वा कमाई गरी खान नसक्ने अपाङ्ग व्यक्तिलाई विशेष भत्ताको व्यवस्था मिलाउन सकिने।[182]
- सार्वजनिक यातायातको साधनहरुमा अपाङ्ग व्यक्तिहरुको लागि केही स्थान सुरक्षित राख्ने प्रबन्ध गर्न सकिने।[183]

**अपाङ्गको पालन पोषण सम्बन्धमा**

- अपाङ्गलाई परिवारका सदस्य, संरक्षक वा हकवालाले हेरविचार गरी पालन पोषण गर्नु पर्ने[184]

---

[179] ऐ. दफा १०(६)

[180] ऐ. दफा १०(७)

[181] ऐ. दफा १०(८)

[182] ऐ. दफा १० (९)

[183] ऐ. दफा १०(१०)

[184] ऐ. दफा ११

### संरक्षक र चिकित्सकको कर्तव्य सम्बन्धमा

- कुनै व्यक्ति अपाङ्ग भएको छ वा हुने अवस्थामा पुगेको छ भन्ने लागेमा नजीकको अस्पताल वा नेपाल सरकारले तोकिदिएको ठाउँमा यथासम्भव चाँडो सूचना गर्नु वा पुऱ्याउनु निजको संरक्षक र निजलाई जाँच्ने चिकित्सकको कर्तव्य हुनेछ। त्यस्तो व्यक्तिलाई प्राथमिकताको आधारमा उपचार गर्न र सो ठाउँमा उपचार हुन नसक्नेमा उपचार हुन सक्ने ठाउँमा सिफारिस गरी पठाई दिनु त्यस्तो अस्पताल वा चिकित्सकको कर्तव्य हुने[185]

### रकम छुट्याउनु पर्ने सम्बन्धमा

- कारखाना वा औद्योगिक प्रतिष्ठान वा धार्मिक संस्थाहरुले अपाङ्ग भएका व्यक्तिलाई संरक्षण सम्बर्द्धन गर्न आफ्नो आम्दानीको तोकिएको प्रतिशत रकम छुट्याउनु पर्ने।[186]

### कुष्ठरोगी अपाङ्गसम्बन्धी थप व्यवस्था

- कुष्ठरोग लागेको अपाङ्ग व्यक्तिलाई कसैले पनि छुन नहुने भनी वा त्यस्तै आधारमा तिरस्कार गर्न नहुने।[187]

### अपाङ्गसम्बन्धी अपराध र दण्ड सजाय

- कसैले पनि व्यक्तिलाई भिक्षा माग्ने वा अनैतिक काम गर्ने वा त्यस्तै अन्य काममा प्रयोग गर्ने उद्देश्यले निजको मञ्जुरी लिई वा नलिई अपाङ्ग बनाउन वा बनाउने उद्योग गर्न नहुने
- कसैले पनि मागि खाने वा अनैतिक काम गर्ने वा अन्य त्यस्तै कारोवारमा कुनै अपाङ्गलाई प्रयोग गर्न नहुने
- कुनै पनि अपाङ्गले अनैतिक वृत्ति वा व्यवसाय गरेर खान नपाउने
- यस ऐनबमोजिम निषेध गरिएको कुनै काम गर्ने वा त्यस्तो काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न अह्राउने वा मद्दत गर्नेलाई प्रचलित कानून बमोजिम कुनै सजाय हुनेमा त्यस्तो सजायमा थप हुने गरी र सो नभएमा यसं ऐन

---

[185] ऐ. दफा १२

[186] ऐ. दफा १४

[187] ऐ. दफा १५

बमोजिम हुने गरी बढीमा एक वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुन सक्ने।

- माथि उल्लेख गरिएको सजायको अतिरिक्त यस ऐनबमोजिम निषेध गरिएको कुनै काम गरेको कारणबाट वा अन्य कुनै काम गर्नुपर्ने नगरेबाट वा अन्य कुनै गर्नुपर्ने नगरेबाट कुनै स्वास्थ्य व्यक्ति अपाङ्ग हुन गएको रहेछ भने त्यस्तो व्यक्तिको औषधीउपचारको लागि र पछि सामान्य रुपमा जीविकोपार्जन गर्न नसक्ने हुन जाने रहेछ भने त्यस वापत समेत विचार गरी मनासिव माफिकको क्षतिपूर्ति दिलाइदिनु पर्ने[188]

**यस ऐन अन्तर्गतको मुद्दा कस्तो प्रकृतिको मुद्दा हुन्छ? र उजुरी दिने निकाय कुन हो?**

- यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुने र सरकार मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिने।[189] यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची भित्र पर्ने हुँदा पीडित पक्षले नजिकको प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ।

### (ख) शिक्षा नियमावली, २०५९

- संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने[190]

### (ग) निजामती सेवा ऐन, २०४९

- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी अपाङ्गता भएका व्यक्तिलाई पाँच प्रतिशत छुट्टाईएको।

---

[188] ऐ. दफा १७(१)(२)(३)(४)(५)(६)

[189] ऐ. दफा १९

[190] शिक्षा नियमावली, २०५९ नियम १५२(२)

# ४.५ ज्येष्ठ नागरिकको अधिकार र उपचार सम्बन्धी व्यवस्था

# ४.५ ज्येष्ठ नागरिकको अधिकार र उपचार सम्बन्धी व्यवस्था

### ४.५.१ ज्येष्ठ नागरिक भन्नाले कसलाई बुझाउछ?

"ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेका नेपाली नागरिक सम्झनु पर्दछ।[191] त्यसैगरी असाय ज्येष्ठ नागरिक भन्नाले जीवन यापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको र परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको ज्येष्ठ नागरिकलाई जनाउने भनी परिभाषित गरेको छ।[192] त्यसैगरी "अशक्त ज्येष्ठ नागरिक" भन्नाले शारीरिक वा मानसिकरुपले अशक्त ज्येष्ठ नागरिकलाई सम्झनु पर्ने भनी परिभाषित गरेको छ।[193]

### ४.५.२ नेपालको संविधानमा ज्येष्ठ नागरिकको हक अधिकार

- ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने[194]
- सवै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने।सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था लागायतका अन्य कुनै आधारमा भेदभाव नगरिने। राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण लगायतका आधारमा भेदभाव नगर्ने तर ज्येष्ठ नागरिक लगायतका नागरिकहरुको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने[195]

### ४.५.३ मौलिक हकको उल्लंघन भएको अवस्थामा उपचार प्रक्रिया

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता

---

[191] ज्येष्ठ नागरिक ऐन, २०६८ दफा २ (क)

[192] ऐ. दफा २ (ख)

[193] ऐ दफा २ (ग)

[194] नेपालको संविधान धारा ४१

[195] ऐ धारा १८

हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा

- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने
- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

**४.५.४ प्रचलित कानूनमा ज्येष्ठ नागरिकका अधिकारहरु**

**(क) ज्येष्ठ नागरिक अधिकार ऐन, २०६८**

**ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरविचारको सम्बन्धमा को कस्को कस्तो दायित्व हुन्छ?**

- ज्येष्ठ नागरिकलाई आफ्नो हैसियत तथा इज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने र ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नु पर्ने हुन्छ। कसैले ज्येष्ठ नागरिकको इच्छाविपरित निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउन हुदैन। ज्येष्ठ नागरिक वा निजलाई पालनपोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालनपोषण तथा हेरचाहको व्यवस्था गर्नु पर्दछ। माथि जुनसुकै कुरा लेखिए तापनि ज्येष्ठ

नागरिकको चल, अचल सम्पत्ति प्रयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नु पर्दछ।[196]

## भिक्षा माग्न लगाउन नहुने

- कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन नहुने र ज्येष्ठ नागरिकलाई निजको ईच्छाविपरीत सन्यासी, भिक्षु वा फकिर बनाउन पनि नहुने।[197]

## छुट र सुविधाको व्यवस्था

- सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थतमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने।
- नेपाल सरकारले तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सीट सुरक्षित राख्नु पर्ने र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने।
- स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने
- नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संख्यामा ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छूट दिनु पर्ने
- खानेपानी, बिजुली, टेलिफोन लगायतक सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्ने
- यसरी दिएको छुट र सुविधाको अतिरिक्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छूट र सुविधा दिन सक्ने।[198]

---

196 ऐ. दफा ४ (१)(२)(३)(४)(५)

197 ऐ. दफा ८

198 ऐ. दफा ९

**कस्तो सम्पत्ति जेष्ठ नागरिकले आफूखुस गर्न पाउँछन?**

- अंशबण्डा गरिरहनु नपर्ने, आफ्नो अंशभागको चल, अचल र सोबाट भढेबढाएको सम्पत्ति ज्येष्ठ नागरिकले आफूखुश गर्न पाउछन।[199]

**ज्येष्ठ नागरिक संलग्न मुद्दामा के कस्तो प्राथमिकता र प्रतिनिधित्व हुन्छ?**

- ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारवाही र किनारा गर्नु पर्ने। त्यसैगरी कुनै असहाय वा असक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाई गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नु पर्ने। कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालतसमक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्ने।[200]

**ज्येष्ठ नागरिकलाई लागेको कैद छूटको सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ?**

- सरकारवादी भई चलेको मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी निम्न बमोजिमको कैद छूट दिन सकिने हुन्छः

  (क) पैसठ्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेलाई पच्चीस प्रतिशतसम्म

  (ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेकालाई पचास प्रतिशतसम्म

  (ग) पचहत्तर वर्ष उमेर पुरा भएकालाई पचहत्तर प्रतिशतसम्म

  (घ) कैद सजाय पाएको ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्ने।[201]

---

[199] ऐ. दफा ६

[200] ऐ. दफा १०

[201] ऐ. दफा १२

**ज्येष्ठ नागरिकले परिचयपत्र कहाँबाट पाउँछन?**

- नेपाल सरकारले जेष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र निजहरु बसोबास गरेको गाउँ विकास समिति वा नगरपालिकामार्फत उपलब्ध गराउदछ।[202]

**दण्ड सजाय सम्बन्धी व्यवस्था**

- हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा अन्य कुनै व्यक्तिले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरेमा निजलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुन्छ
- ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाएमा तीन महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ
- ज्येष्ठ नागरिकलाई निजको इच्छा विपरीत सन्यासी, भिक्षु वा फकिर बनाएमा त्यस्तो व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ
- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिक विरुद्ध प्रचलित कानूनबमोजिम कसूर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा पच्चीस प्रतिशत थप सजाय हुन्छ।[203]

**यस ऐन अन्तर्गतको अपराधको सम्बन्धमा उजुरी सुन्ने निकाय कुन हो?**

- यस ऐन विरुद्धको अपराधको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ।[204] यस ऐन विरुद्धको कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्छ।

**यस ऐन अन्तर्गतको मुद्दा कस्तो प्रकृतिको मुद्दा हुन्छ?**

- यस ऐन अन्तर्गतको अपराध सरकारवादी हुन्छ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिने।

---

[202] ऐ. दफा २५

[203] ऐ. दफा २६

[204] ऐ. दफा २७

# ४.६ आदिवासी जनजातिको अधिकार र उपचार सम्बन्धी व्यवस्था

# ४.६ आदिवासी जनजातिको अधिकार र उपचार सम्बन्धी व्यवस्था

## ४.६.१ आदिवासी जनताति भन्नाले कसलाई बुझाउँछ?

आदिवासी/ जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सास्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय सम्झनु पर्छ।[205]

## ४.६.२ नेपालको संविधानमा आदिवासी/जनजातिको अधिकार सम्बन्धी व्यवस्था

- आदीवासी जनजाति लगायतका नागरिकको संरक्षण, सश्कत्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने[206]
- आदिवासी जनजाति लगायतलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुने[207]

**मौलिक हकको उल्लंघन भएको अवस्थमा उपचार प्रक्रिया**

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा
- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने

---

[205] आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ दफा २ (क)

[206] नेपालको संविधान धारा १८ को प्रतिवन्धात्मक वाक्यांश

[207] ऐ. धारा ४२

- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

### ४.६.३ प्रचलित कानूनमा आदिवासी जनजातिको हक

**(क) स्थानीय स्वायत्त शासन ऐन, २०५५**

- आर्थिक दृष्टिले अत्यन्त पिछडिएमा जनजातिहरुको छात्रछात्राहरुलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउनु गाउँ विकास समितिको कर्तव्य हुने[208]
- वडाभित्रका पिछडिएका जनजाति, असहाय, अपाङ्ग तथा वेवारिस व्यक्तिहरुको संरक्षण र जीविकोपार्जन सम्बन्धि कार्यमा सहयोग पु¥याउनु नगर वडा समितिको काम, कर्तव्य र अधिकार हुने[209]
- आर्थिक दृष्टिले अत्यन्त पिछडिएमा जनजातिहरुको छात्रछात्राहरुलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउनु नगरपालिकाको कर्तव्य हुने[210]
- जिल्ला परिषदको गठन गर्दा जिल्लाभित्रका एकजना महिला सहित समाजसेवी आर्थिक तथा सामाजिक दृष्टिकोणले पीछडिउका जाति, जनजाति, दलित तथा आदिवासी मध्ये जिल्ला परिषदमा प्रतिनिधित्व हनु नसकेका वर्गका दफा १७४ बमोजिम जिल्ला परिषदद्वारा मनोनित छजना व्यक्तिहरु सदस्य रहने[211]
- आवधिक योजना तयार गर्दा पिछडिएका जनजाति एवं बढी गरीबी भएको क्षेत्रको तथा त्यस क्षेत्रमा गरिएको वा गरिनुपर्ने बिभिन्न विकास कार्यहरुको वषयलाई समावेश गर्नुपर्ने[212]

---

[208] ऐ दफा २८ (१)(घ)(१)(७)

[209] ऐ. दफा ९३ (१)(फ)

[210] ऐ. दफा

[211] ऐ. दफा १७२ (२)(ङ)

[212] ऐ. दफा १९५ (४)(ग)

- संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने[213]
- सामुदायिक विद्यालयले गरिवीको रेखामुनी रहेका दलित, जनजाति र महिला लगायतका अन्य विद्यार्थीहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने[214]

**(ख) निजामती सेवा ऐन, २०४९**

- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी आदिवाशि जनजातिलाई सत्ताईस प्रतिशत छुट्टाईएको।

---

[213] शिक्षा नियमावली, २०५९ को नियम १५१(१)

[214] ऐ. १५१(२)

# ४.७ श्रमिकहरुको हक अधिकार र उपचार सम्बन्धी व्यवस्था

## ४●७ श्रमिकहरुको हक अधिकार र उपचार सम्बन्धी व्यवस्था

### ४.७.१ श्रमिक भन्नाले कसलाई बुझाउँछ?

श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौधिक कार्य गर्ने कामदार वा मजदुर सम्झनु पर्छ[215]

### ४.७.२ नेपालको संविधानमा श्रमिकको अधिकारसम्बन्धी व्यवस्था

- श्रमिक लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने[216]
- प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने। प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हने। प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड यूनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुने[217]
- श्रमिक लागयतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने[218]

### ४.७.३ मौलिक हकको उल्लंघन भएको अवस्थमा उपचार प्रक्रिया

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा

---

215 नेपालको संविधान धारा ३४ (१) को स्पष्टीकरण

216 नेपालको संविधान धारा १८ (३) को प्रतिबन्धात्मक वाक्यांश

217 ऐ धारा ३४ (१)(२)(३)

218 ऐ धारा ४२

- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने
- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

### ४.७.४ प्रचलित कानूनमा श्रमिकको हक अधिकार सम्बन्धी व्यवस्था

**(क) श्रम ऐन,२०४८**

- पीडित वा सरोकारवाला व्यक्ति वा सम्बन्धित ट्रेड यूनियनको उजुरीबाट मुद्दा दायर हुन सक्ने[219]
- श्रमसम्बन्धी विवाद हेर्न छुट्टै श्रम अदालतको व्यवस्था गरिने[220]
- सामूहिक विवाद समाधानको लागि दावी पेश गर्न पाउने[221]
- सामूहिक सझौता गरी विवाद मिलाउन सकिने[222]
- विवाद समाधानका लागि त्रिपक्षीय समिति गठन हुन सक्ने[223]

**(ख) कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८**

- कमैया श्रमिकको रुपमा काम गरेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट स्वतः मुक्त हुने[224]
- कसैले पनि यो ऐन प्रारम्भ भएपछि कसैलाई कमैया श्रमिकको रुपमा राख्न वा काममा लगाउन नहुने[225]

---

[219] श्रम ऐन, २०४८ दफा ५९

[220] ऐ दफा ७२

[221] ऐ दफा ७४

[222] ऐ दफा ७९

[223] ऐ दफा ८३

[224] कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ दफा ३

- कसैले ऋण तिर्न नपर्ने कमैया श्रमिकले ऋणदातासँग लिएको ऋण यो ऐन प्रारम्भ भएपछि ऋणदातालाई तिर्नु नपर्ने[226]
- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणदाता र कमैया श्रमिक बीच कमैया ऋण लिने दिने सम्बन्धमा भएको लिखत वा लिखित वा अलिखित सम्झौ ता यो ऐन प्रारम्भ भएपछि स्वतः रद्द हुने[227]
- ऋणदाताले कमैया श्रमिकलाई कमैया ऋण दिंदा कुनै सम्पत्ति बन्धक वा जमानतमा लिएको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र बन्धक वा जमानत लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्ने[228]
- नेपाल सरकारले मुक्त कमैयालाइ तोकिएबमोजिम बसोबास रोजगार तथा अन्य आय आर्जनका व्यवस्था गर्नुपर्ने[229]

**कसैले कसैलाई कमैया श्रमिकको रुपमा राखेमा कहाँ उजुरी दिनु पर्छ?**

कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वयंले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी प्रमूख जिल्ला अधिकारी समक्ष लिखित वा मौखिक उजुरी दिनु पर्ने।[230]

**बन्धक वा जमानत लिएको रकम फिर्ता नगरेमा कस्तो सजाय हुन्छ?**

बन्धक वा जमानत लिएको रकम फिर्ता नगर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैसम्म जरिवाना गरी सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गराई दिनुपर्ने231

---

225 ऐ. दफा ४

226 ऐ. दफा ५

227 ऐ. दफा ६

228 ऐ. दफा ७

229 ऐ. दफा १४

230 ऐ दफा १५ र १७

231 ऐ. दफा १६(२)

**कसैले कसैलाई कमैया श्रमिकमा राखेमा कस्तो सजाय हुन्छ?**

कसैलाई कमैया श्रमिक रुपमा काममा लगाएमा त्यस्तो व्यक्तिलाई पन्ध्र हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरीवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको यस ऐनबमोजिम निर्धारित न्यूनतम ज्यालादरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिवाट काम गर्ने व्यक्तिलाई पराइ दिने[232]

**कसैले कसैलाई ज्याला नदिई वा न्यूनतम भन्दा कम ज्याला दिई काममा लगाएमा कस्तो सजाय हुन्छ?**

त्यस्तो व्यक्तिलाई एक हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको यस ऐनबमोजिम निर्धारित न्यूनतम ज्यालादरको दोब्बर रकम त्यस्तो व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराई दिनुपर्ने[233]

**यस ऐन अन्तर्गतको मुद्दामा कस्तो कार्यविधी अपनाइन्छ?**

मुद्दाको कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्ने[234]

**(ग) वैदेशिक रोजगार ऐन, २०६४**

बैदिशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा बैदेशिक रोजगारमा जाने कामदार र बैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्ने मुख्य उद्देश्यका साथ निर्माण गरिएको यस ऐनमा भएका मुख्य मुख्य व्यवस्थाहरु निम्न रहेका छनः

- अठार वर्ष उमेर पूरा नगरेको कुनैपनि नाबालिगलाई बैदेशिक रोजगारमा नपठाइने
- वैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक विभेद नगरिने

232 ऐ. दफा १६

233 ऐ. दफा १६(३)

234 ऐ. दफा १९

- वेदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी, जनताति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्ने सक्ने
- वैदेशिक रोजगारमा कामदार पठाउँदा संस्थाले नेपाल सरकारद्वारा तोकेबमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नु पर्ने
- रोजगारदाता संस्थाले सम्झौतामा तोकिएबमोजिमको शर्त अनुसार रोजगार उपलब्ध नगराएमा सोको प्रमाण सहित कामदार वा  निजको प्रतिनिधिले वैदेशिक रोजगार विभाग समक्ष क्षतिपूर्ति पाउनको लागि उजुरी गर्नु पर्ने
- वैदेशिक रोजगारसँग सम्बन्धित विवादको अनुसन्धान गरी दायर हुने मुद्दामा नेपाल सरकार वादी भई कारवाही गरिने
- यस्ता मुद्दाको कारवाही सङ्क्षिप्त कार्यविधि ऐनबमोजिम २०२८ बमोजमको कार्याविधि अपनाइने
- छुट्टै न्यायाधिकरणको स्थापना भै मुद्दामा कारवाही किनारा भैरहेको।
- सामान्यतः काम भए गरेको मितिले उजुरी गर्ने हदम्याद एक वर्षको हुने।

# ४.८ मधेशी, थारु, मुस्लिम, सिमान्तकृत, उत्पिडित तथा अल्पसंख्यक, किशान, लैंगिक तथा यौनिक अल्पसंख्यक, अशक्त वा असहाय, पीछ्डिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य व्यक्तिहरुको हक अधिकार र उपचार समबन्धी व्यवस्था

## ४.८.१ नेपालको संविधानमा मधेशी, थारु, मुस्लिम, सिमान्तकृत, उत्पिडित तथा अल्पसंख्यक, किशान, लैंगिक तथा यौनिक अल्पसंख्यक, अशक्त वा असहाय, पीछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्यहरुको हक अधिकारसम्बन्धी व्यवस्था

- संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र पाउन सक्ने।[235]
- मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किशान, लैंगिक तथा यौनिक अल्पसंख्यक, अशक्त वा असहाय, पीछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने।[236]
- आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका मधेशी, थारु, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, पीछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, किशान, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने।
- साथै आर्थकि रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने। 237

[235] नेपालको संविधान धारा १२

[236] नेपालको संविधान धारा १८ को प्रतिवन्धात्मक वाक्यांश

[237] ऐ धारा ४२ (१)(२)

- आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने।238

## ४.८.२ मौलिक हकको उल्लंघन भएको अवस्थमा उपचार प्रक्रिया

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा
- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने
- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

238 ऐ धारा ४३

### ४.८.३. प्रचलित कानूनमा मधेशी, थारु, मुस्लिम, सिमान्तकृत लगायतका नागरिकका अधिकारहरु

**(क) निजामती सेवा ऐन, २०४९**

- निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी मधेशीलाई बाइस प्रतिशत छुट्टाईएको।

# ४.९ यातना विरुद्धको अधिकार र उपचार सम्बन्धी व्यवस्था

### ४.९.१ नेपालको संविधानमा यातना विरुद्धको हक सम्बन्धी व्यवस्था

- पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने। यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने। [239]

**मौलिक हकको उल्लंघन भएको अवस्थमा उपचार प्रक्रिया**

- संविधानमा व्यवस्था गरिएका हकहरुको प्रचलनको लागि धारा ४६ र १३३ को प्रयोग गरी सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सर्वोच्च अदालतले त्यस्ता हकहरुको प्रलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गरी उचित उपचार प्रदान गर्ने वा
- धारा ४६ र १४४ को प्रयोग गरी उच्च अदालतमा निवेदन दिन सक्ने र उच्च अदालतले त्यस्ता अधिकारको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने
- रिट क्षेत्राधिकारको प्रयोगको लागि निस्चित हदम्यादको व्यवस्था हुदैन तर अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नु पनि हुदैन। धेरै ढिलाई गरी अर्थात सम्बन्धित विषयमा तेस्रो पक्षको हक स्थापित भैसकेको अवस्थामा विलम्बको कारण रिट ग्रहण योग्य हुदैन। तसर्थ मर्का पर्ने पक्ष जति सक्दो छिटो उपचारको लागि अदालत जानु पर्दछ।

---

239 नेपालको संविधान धारा २२

## प्रचलित कानूनमा यातना विरुद्धको अधिकारसम्बन्धी व्यवस्था

### ४.८.२ यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

**कस्तो व्यवहार गरेमा यातना मानिन्छ?**

अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना वा निजसंग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई यातना मानिन्छ।

**यातनासम्बन्धी कसूरको उजुरी कसले काहाँ र कहिले दिनु पर्छ?**

- पीडितले आफूलाई यातना दिएको मितिले वा थुनाबाट छुटेको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको मागदाबी गरी आफू थुनामा रहेको इलाकाको जिल्ला अदालतमा उजुरी निवेदन दिनुपर्ने ,
- थुनामा रहेको व्यक्तिलाई यातना दिएको कुरामा पीडित आफैंले उजुरी दिन नसक्ने भएमा वा निजको मृत्यु भएमा कारण खोली निजको परिवारको सदस्य वा निजको कानून व्यवसायीले पनि उजुरी दिन सक्ने,

**यातना सम्बन्धी कसूरको उजुरीमा के कस्ता कुराहरु खुलाउनु पर्छ?**

यातनासम्बन्धी कसूरको उजुरी दिदा यथासम्भव देहायका कुराहरु खुलाउनु पर्छः

- थुनामा परेको कारण र थुनामा विताएको अवधी
- थुनामा रहदा दिएको यातनाको बिवरण
- यातना दिएको कारणबाट पुग्न गएको क्षति
- दावी गरेको क्षतिपूर्तिको रकम
- दावी प्रमाणित गर्न सहायक हुने अन्य व्यहोरा

**यातना पीडितले के कस्तो सेवा सुविधा र कति क्षतिपूर्ती र पाउँछ?**

- जिल्ला अदालतले ३ दिनभित्र पीडितको शारीरिक वा मानसिक अवस्थाको जाँच गर्न आदेश दिन सक्ने ,
- पीडितको उपचार गर्नु पर्ने देखिएमा नेपाल सरकारले उपचार गराउनु पर्ने ,
- पीडितलाई यातना दिएको ठहरेमा नेपाल सरकारबाट एकलाख रुपैंयाँसम्म क्षतिपूर्ति भराइदिन सक्ने,

**पीडितले क्षतिपूर्ति भराईलिनको लागि काहाँ निवेदन दिनु पर्छ?**

- पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले १ वर्ष भित्र पीडित वा नजिकको हकवालाले थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निर्णयको प्रतिलिपि सहित निवेदन दिनु पर्छ। प्रमुख जिल्ला अधिकारीले निवेदन प्राप्त भएको मितिले ३५ दिनभित्र क्षतिपुर्तिको रकम उपलब्ध गराउनु पर्ने।

**यस ऐन अन्तर्गतको मुद्दामा के कस्तो कार्यविधि अपनाइन्छ र पीडकलाई कस्तो सजाय हुन्छ?**

- संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाई यातना दिने कार्यमा संलग्न व्यक्तिउपर विभागीय कारवाहीको लागि जिल्ला अदालतले लेखिपठाउनु पर्ने।

# भाग ५

# महिला, विपन्न, असहाय र असक्षमको अधिकारको सम्बन्धमा भएका नीतिगत व्यवस्था

# ५ महिला, विपन्न, असहाय र असक्षमको अधिकारको सम्बन्धमा भएका नीतिगत व्यवस्था

## ५.१ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

**नेपालको संविधानमा देहायका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको उल्लेख गरिएको छः**

- बालश्रम लगायत श्रम शोषणका सबैं रुपको अन्त्य गर्ने
- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने
- जोखिममा परेका, सामाजिकर पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने
- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने
- मुक्त कमैया, कम्लरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,
- आदीवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि बवशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरुमा सहभागी गराउने तथा आदिवासी जनताति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने,
- अल्पशंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,
- मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको

संरक्षण, उत्थान, सशक्तिकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

- उत्पीडित तथा पीछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

## ५.२ तेह्रौ योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

- ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि अनुकूल सेवा र सुविधाहरु विस्तार गर्ने।
- सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा स्वाभिमान र आत्मनिर्भर बनाउनका लागि समान अवसर तथा सेवा सुविधाहरुमा पहुँच बढाउँदै सशक्तिकरण गर्ने
- बालबालिकाको समग्र अधिकारहरुको संरक्षण र प्रवर्द्धन गर्ने
- बालबालिका तथा किशोरकिशोरी उपर हुने सवै प्रकारका हिंसा र दुर्व्यवहारहरुलाई उन्मूलन गर्ने
- सवै किसिमका बालश्रमको उन्मूलन गर्ने

## ५.३ श्रम तथा रोजगार नीति, २०६२

- बाँधा श्रम लगायत बाध्यकारी प्रकृतिका श्रम अभ्यासलाई उन्मुलन गर्ने
- रोजगारीमा महिला, दलित, जनजाति तथा विस्थापितहरुको समान पहुँच सुनिश्चित गर्ने
- बालश्रमलाई उन्भुलन गर्ने
- रोजगारीको क्षेत्रमा देखापर्ने लैङ्गिक, क्षेत्रगत, जातिगत वा अन्य कुनै पनि प्रकारको भेदभावलाई क्रमशः हटाउँदै लैजाने कार्यक्रमहरु सञ्चालन गर्ने

- सीप विकास तथा व्यावसायिक प्रशिक्षणका कार्यक्रमहरुमा युवा, दलित, निर्धन, महिला, जनजाति, विस्थापित तथा अपाङ्गहरु लगायत विशिष्ट आवश्यकतारु भएका समूहको पहुँचलाई बढाउने, उनीहरुमा बत्यावश्यक सीप एवं दक्षताको विकास गर्ने र रोजगारी उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिने
- युवा, महिला, जनजाति, दलित, प्रौढ, एवं अपाङ्ग तथा पिछडिएका वर्ग र समूहलाई रोजगारी र स्वरोजगारीका अवसरहरु वृद्धि गर्नका लागि कार्यक्रमहरु सञ्चालन गरिने
- सम्मानजनक रोजगारीको अवसरबाट आञ्चित रहेका महिला, दलित, जनजाति, अपाङ्ग, असहाय तथा निर्धन समूह वा परिवारका सदस्यहरुलाई रोजगारीको अवसर प्रदान गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिने
- लैङ्गिक समानता र प्रबर्द्धनसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डहरुलाई अनुमोदन गर्दै तदनुरुपका प्रावधानहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने
- उत्पादनशील रोजगारीमा सबै वर्ग जातजाति तथा समूहका महिलाहरुको पहुँचलाई सुनिश्चित गर्न र महिलाहरुको सशक्तिकरणका लागि सबै तहमा उपयुक्त सकरात्मक विभेदलाई प्रोत्साहित गरिने
- अपाङ्गहरुलाई रोजगारीको अवसर प्रदान गर्नका लागि कार्यस्थलहरु अपाङ्गहरुको लागि सहज बनाउन आवश्यक पूर्वाधारहरुको विकास गर्दै लगिने र क्षमता सुहाउदो सुरक्षित रोजगारीका माध्यमबाट आत्मनिर्भर गराउँदै लैजाने प्रयास गरिने
- कार्य, कार्यस्थल र सामाजिक सहकर्मीहरुमा लैङ्गिक सचेतनाको अभिवृद्धि गर्नुका साथै श्रम शक्तिलाई लैङ्गिक दृष्टिकोणबाट सुन्तुलित गर्दै लैजाने
- महिलाहरु लगायत अन्य विशिष्ट आवश्यकता भएका कामदारहरु र श्रमशक्तिको विविधतालाई दृष्टिगत गर्दै कार्यस्थल र काम गर्ने वातावरण उनीहरुको लागि अनुकूल र सहज बनाउँदै लैजाने

- कार्यस्थलमा यौन दुरुत्साहन विरुद्ध प्रभावकारी कानूनी प्रावधानलाई कार्यान्वयन गर्ने
- सकरात्मक विभेद, मातृत्व संरक्षण, सुरक्षा तथा विदाका उपयुक्त प्रावधानहरुको व्यवस्थाबाट कार्यस्थलको वातावरणलाई महिला र परिवारप्रति मैत्रिपूर्ण बनाउदै महिला रोजगारी अभिवृद्धि गर्ने
- सकरात्मक विभेद र मैत्रीपूर्ण कार्यस्थलको अवधारणा अनुरुप कार्यस्थलहरुको विकास गर्दै योग्य विकलाङ्ग र अपाङ्गहरुलाई उपयुक्त रोजगारीको अवसरहरु सिर्जना गर्ने
- औपचारिक तथा अनौपचारिक क्षेत्रका सामान्य प्रकृतिका, जोखिमयुक्त र निकृष्ट प्रकृतिका बालश्रमरहरुलाई सूचिकृत गरी प्राथमिकताका आधारमा तिनको निवारण गर्दै जाने परिपाटी अवलम्बन गरिने
- बालश्रम सम्बन्धी कानूनी प्रावधानहरु तथा संस्थागत संरचानाहरुको पर्याप्तता, सक्षमता र प्रभावकारीताको मूल्याङ्कन गरी समयानुकूल परिमार्जन तथा सुदृढीकरण गरिने
- बालश्रमका मूल कारक तत्वहरुलाई सम्बोधन गर्ने, बालबालिका तथा जोखिममा रहेका परिवारलाई प्रत्यक्ष एवं दिगो रुपमा फाइदा पुग्ने र निरोधात्मक प्रकृतिका कार्यक्रमहरुलाई बढी प्राथमिकता दिई बालश्रम निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने
- अत्यन्त जोखिमयुक्त र निकृष्ट प्रकृतिका काममा संलग्न बालबालिकाहरुको उद्दार, पुनर्स्थापन र परिवारसँग पुनर्मिलनको अवसर सिर्जनाका लागि विभिन्न सहकर्मीहरुसँग समन्वय गरी स्थानीय स्तरमा आवश्यक पूर्वाधारहरुको व्यवस्था गर्दै जाने

## ५.४ राष्ट्रिय कृषि नीति, २०६१

- सीप भएका भूमिहीन, सीमान्त एवं साना कृषकहरुलाई भूमिमा पहुँच पुऱ्याउन कायम रहेको कानूनी हदबन्दीको प्रभावकारी कार्यान्वयन, हदबन्दी छुटको प्रभावकारी अनुगमन, प्रगतिशील कर व्यवस्था, खेती भूमिको लागि करार सम्बन्धी कानूनी व्यवस्था जस्ता विभिन्न विकल्पहरुको पहिचान गरी भूमिमा पहुँचका अवसरहरुको सिर्जना गरिने

- साना सिंचाई जस्तै ढिकीपम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रप, पानी संकल गर्ने पोखरी आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइने
- तत्कालीन सरकारले उपलब्ध गराउने खद्यवस्तु, ढुवानी, सामाग्रीको मूल्य, व्याज आदी सुविधाहरु खाद्य सुरक्षाको दृष्टिबाट जोखिम क्षेत्र र लक्षित समूह पहिचान गरी प्राथमिकतासाथ उपलब्ध गराइने
- महिला, दलित एवं पिछडिएका वर्ग सम्बन्धी सूचना तथा तथ्यांकहरुलाई पनि सूचना प्रणालीमा ल्याइने

## ५.५ विशेष शिक्षा नीति, २०५३

- विभिन्न किसिमका अपांग बालबालिकाहरुलाई दिइने प्राथमिक शिक्षा सबैका लागि शिक्षाको अभिन्न अंगको रुपमा विकसित गर्ने
- अपांगहरुको आवागमनलाई समेत विचार गरी विशेष भौतिक सुविधा भएको विद्यालय भवनको निर्माण गर्ने व्यवस्था मिलाउने
- अपांग बालबालिकाहरुलाई प्राथमिक तहदेखि माध्यामिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने। यस उद्देश्यका लागि निजी क्षेत्रका सबै तहका विद्यालयहरुले समेत अपांगहरुलाई निःशुल्क शिक्षा दिनका लागि आवश्यक व्यवस्था मिलाउने
- विश्वविद्यालयहरुमा विशेष शिक्षा सम्बन्धी विषयको पठनपाठनको व्यवस्था गर्ने
- अपांग बालबालिकाहरुलाई दिईने विशेष शक्षाको लागि पाठ्यक्रम, पाठ्यपुस्तिका र अन्य शैक्षिक सामाग्रीहरु एवं उपकरणको निर्धारण तथा उत्पादन गर्ने गराउने र आवश्यकतानुसार निःशुल्क उपलब्ध गराउने सम्बन्धमा समेत आवश्यक व्यवस्था गर्ने
- जेहेन्दार अपांग विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गर्नलाई छात्रवृत्ति लगायत अन्य प्रोत्साहनको व्यवस्था गर्ने
- अपांग विद्यार्थीलाई आवश्यकतानुसार आवासीय सुविधा उपलब्ध गराउने
- अपांग विद्यार्थी बालबालिकाले दैनिक रुपमा प्रयोग गर्ने सामाग्रीहरु जस्तै ह्वील चेयर, बैशाखी, ह्वाइटकेन, श्रवण यन्त्र, ब्रेल स्लेटस्टाइलस, स्पेशल चेयर र कृतिम अंग आदि यात गर्दा यथासम्भव विशेष सहुलियत दिने व्यवस्था गर्ने

- अपांगबालबालिकाको व्यक्तित्व तथा शारीरिक विकासका लागि सांस्कृतिक एवं खेलकूद कार्यक्रम र शारीरिक व्यायामको विशेष व्यवस्था गर्ने। यसका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्प्रधात्मक कार्यक्रममा भाग लिने अवसर प्रदान गर्ने र सोको लागि आवश्यक जनशक्ति तयार गर्ने
- प्रौढ अपांगहरुको लागि सीपमूलक अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने

## ५.६ महिला जागृति तथा आय आर्जन कार्यक्र निर्देशिका, २०५६

- गाउँका विपन्न तथा पिछडिएका महिलाहरुको आवश्यकता पहिचान गरी उनीहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने।

## ५.७ नेपाल सरकारको राज्य प्रणालिमा अग्रगामी सुधार सम्बन्धी अवधारणा

- जाति, लिङ्ग, धर्म, वर्णको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गरी प्रत्येक नेपालीले आत्मोन्नति गर्न सक्ने समान अवसरको सिर्जना गर्ने।
- केही क्षेत्रबाहेक मूल रुपमा समानुपातिक निर्वाचन प्रणाली कायम गर्ने
- जनसंख्याको अनुपातमा जनजाति, आदिवासी एवं दलितको प्रतिनिधित्व गर्ने गरी संसदको माथिल्लो सदनको संरचनामा आमूल परिवर्तन गर्ने।
- निश्चित अवधिका लागि आदिवासी/जनजाति र दलित समुदायका लागि जनप्रतिनिधित्व, शिक्षा, स्वास्थ्य, प्रशासनिक सेवा र अन्य रोजगारीको क्षेत्रमा आरक्षण सहितको विशेष व्यवस्था गर्ने

## ५.८ प्रतिनिधि सभाको घोषणा, २०६३

- दलित समुदायलाई राष्ट्रको मुलधारमा समाव्श गरी समतामुलक समाज निर्माण गर्न तथ्याङ्क संकलन गरी गरिबीको र्खामुनि रहेकालाई शिक्षा, स्वास्थ्य र रोजगारको उचित प्रबन्ध गर्नवे विशेष आर्थिक कार्यक्रम समेत सञ्चालन गरी छुवाछुत र भ्दभाव मुक्त राष्ट्र घोषित गरेको।

## ५.९ राष्ट्रिय सहकारी नीति, २०६९

- महिला, गरीब, सीमान्तकृत, अपाङ्ग, भूमिहिन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिबृद्धि गर्ने लगायतका उद्देश्यहरु रहेको।

# भाग ६

# सर्वोच्च अदालतबाट महिला, विपन्न, असहाय र असक्षमको अधिकारको सम्बन्धमा भएका मुख्य मुख्य फैसलाहरु र आदेशहरु

## ६. सर्वोच्च अदालतबाट महिला, विपन्न, असहाय र असक्षमको अधिकारको सम्बन्धमा भएका मुख्य मुख्य फैसलाहरु र आदेशहरु

अभिलेख अदालतको रुपमा रहेको सर्वोच्च अदालतत न्यायपालिकाको सर्वैभन्दा माथिल्लो तहको अदालत हो। संविधानमा अन्यथा भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत मातहत हुने र संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई प्रदान गरिएको छ। मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नु पर्ने हुन्छ। सर्वोच्च अदालतले न्यायीक कार्य सम्पादन गर्दा साधारण र असाधारण क्षेत्राधिकार गरी दुई प्रकारको क्षेत्राधिकार ग्रहण गर्ने गर्दछ। सर्वोच्च अदालतले आफ्नो स्थापना कालदेखिनै असाधारण क्षेत्राधिकार अन्तर्गतको रिटको अधिकार क्षेत्र प्रयोग गरी नागरिकका अधिकारहरुको बहालिको लागि उल्लेख्य कार्यहरु गर्दै आएको छ। छोरीलाई पैतृक सम्पत्तिमा हक दिलाउने, वैवाहिक बलात्कारलाई अपराध घोषणा गर्ने, महिलालाई न्यूनतम प्रसुति विदा दिनुपर्ने, यौनजन्य व्यवहारसम्बन्धी सबै पक्षलाई समेटी कानून बनाउने, गर्भपतनको अपराधमा महिला र पुरूषलाई समान सजाय गर्ने, घरेलु हिंसाको परिभाषालाई व्यापक बनाउने, जवर्जस्ती करणीसम्बन्धी हदम्याद सुधार गर्ने जस्ता विषयमा सरकारलाई आवश्यक कानून बनाउन सर्वोच्च अदालतले सरकारको नाममा निर्देशत्मक आदेश जारी गरेको छ। त्यसै गरी थुना वा कैदमा रहेका महिलाहरूको गर्भावस्था र स्तनपान गर्ने बच्चाहरूको स्वास्थ्य, पोषण र संरक्षणसम्बन्धी नीति तथा कार्यक्रम बनाई लागू गर्न तथा महिलाहरूको विकास र सशक्तिकरणलाई प्रभावकारी बनाउन योजना, कार्यक्रम र बजेट तर्जुमा गरी लागु गर्न अपराधबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने जिम्मेवारी राज्यको भएकोले प्रतिवादीको सम्पत्ति नभएमा त्यस्तो क्षतिपूर्ति राज्यले भराइदिनु पर्ने पर्ने गरी

सरकारको नाममा निर्देशात्मक आदेश जारी गरी महिला, विपन्न, असहाय र असक्षमलगायतको अधिकारको संरक्षण र सम्बर्द्धनको लागि महत्वपूर्ण कार्य गरेको पाउन सकिन्छ। जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

### ६.१ लैङ्गिक विभेदसम्बन्धी

**मीरा कुमारी ढुंगानासमेत विरुद्ध श्री ५ को सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत (ने.का.प. २०५२ नि.नं.६०१३ पृष्ठ ४६२ अंक २)**

- अंशवण्डाको १६ नं. लाई असंवैधानिक भनी छोरीले छोरा सरह अंश पाउने व्यवस्था गर्दा विवाह भएकी छोरीले आफ्नो पिता तथा लोग्ने दुवैको सम्पत्तिबाट अंश प्राप्त गर्ने अधिकार हुन जाने र छोराले पिताको सम्पत्तिबाट मात्र अंश प्राप्त गर्ने अधिकार राख्ने भई अंश प्राप्त हुने अधिकारको सम्बन्धमा छोरीमा छोरा भन्दा बढी अंश प्राप्त गर्ने अधिकारको सृजना भई छोरालाई भेदभाव हुन जाने अवस्थाको सृजना हुन जान्छ । सम्पत्तिको अधिकारको सम्बन्धमा बनेका राज्यका सम्पूर्ण कानूनमा यसले असर पुऱ्याउछ । तसर्थ अंशवण्डाको १६ नं. लाई अमान्य घोषित गरी छोरीले छोरा सरह अंश पाउने व्यवस्था गर्नु नै समस्याको समाधान होइन ।

- लामो समयदेखि समाजले अबलम्बन गर्दै आएको परम्परागत सामाजिक व्यवहार र सामाजिक मान्यताका कुराहरु एकाएक परिवर्तन गर्दा समाजले कतिपय कुराहरु आत्मसाथ गर्न नसक्ने हुन जान्छ र यस्तो भएमा विचार गर्न नसक्ने भिन्नै स्थिति उत्पन्न हुन जान्छ । तसर्थ एकाएक निर्णयमा पुग्नु अघि समानता सम्बन्धी संवैधानिक व्यवस्थालाई समेत विचार गरी व्यापक छलफल र विचार विमर्श गरी न्यायोचित व्यवस्था हुनु पर्दछ । सम्पत्ति सम्बन्धी पारिवारिक कानूनलाइ समष्टिगत रुपमा विचार गर्नु पर्ने हुँदा यस सम्बन्धमा मान्यता प्राप्त महिला संगठन, समाजशास्त्रीहरु, सम्बन्धित सामाजिक संगठन तथा कानूनविदहरु समेतसँग आवश्यक परामर्श गरी अन्य देशहरुमा यस सम्बन्धमा भएको कानूनी व्यवस्थालाई समेत अध्ययन र मनन गरी यो आदेश प्राप्त भएको मितिले एक

वर्ष भित्रमा संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशन दिने भनी यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

**अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत (ने.का.प. २०६१ नि.नं. ७३५८ पृष्ठ ३८७)**

- संविधान र मानव अधिकार सम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसंग वाझिएको ऐन नियमहरुको पहिचान गरी सो सम्बन्धमा अध्ययन गरी गराई विद्यमान ऐन कानूनमा संशोधन गर्ने वा संविधान र मानव अधिकार सम्बन्धी महासन्धि अनुकूलको नयां कानून यथोचित समयमा लागू गर्न आवश्यक व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

**अधिवक्ता प्रकाशमणि शर्मा समेत विरुद्ध श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरवार समेत(ने.का.प.२०६० नि.नं. ७२६८ पृष्ठ ७२६ अंक ९/१०)**

- महिलाहरुलाई गर्भावस्था देखि लिएर सुत्केरी भै सकेको निश्चित समयसम्म विशेष सुरक्षित वातावरणको आवश्यकता पर्ने हुंदा उनीहरुको पोषण,स्याहार संभार तथा स्वास्थ्यको विशेष व्यवस्था गर्नु राज्यको दायित्व भित्र पर्ने ।
- शिशु स्वास्थ्य मातृत्व संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको परिप्रेक्ष्य र मातृत्व संरक्षण सम्बन्धमा प्रसूति बिदा लगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरु समेतलाई बिचार गरी उपयुक्त मापदण्ड बनाई सोका आधारमा महिला कामदार कर्मचारीहरुका हकमा तोकिए भन्दा कम गर्न नपाइने गरी न्यूनतम प्रसूति बिदाको अवधि निर्धारण गरी तोकी मातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी श्री ५ को सरकारका नाउंमा निर्देशनात्मक आदेश जारी हुने।

**अधिवक्ता मीरा ढुंगाना विरुद्ध मन्त्रिपरिषद सचिवालय समेत (ने.का.प.२०६१ नि.नं. ७३५७ पृष्ठ ३७७ अंक ४)**

- मानव भएको नाताले प्राप्त गरेको यस्तो न्यूनतम् नैसर्गिक मानव अधिकारका कुरा अन्तर्गत रही गरिएको विवाहका कारणबाट विवाह पूर्व अपुतालीको रुपबाट प्राप्त गरेको सम्पत्ति छोरी वा दिदीवहिनीले फिर्ता गर्नुपर्दछ भन्ने व्यवस्था अन्तर्राष्ट्रिय दस्तावेजमा उल्लेख भएका छैनन् । त्यसैले विवाह पूर्व प्राप्त गरेको अपुताली विवाह पश्चात फिर्ता गर्नुपर्ने भन्ने व्यवस्था नेपालले अनुमोदन सम्मिलन समेत गरी पक्ष राष्ट्रका हैशियतले पालना गर्नुपर्ने सन्धि सम्झौताको प्रावधान समेत विपरीत हुन जाने ।
- विवाह भइसकेपछि छोरी वा दिदी बहिनीले पाएको अपुताली चाहि फिर्ता गर्न नपर्ने र त्यही छोरी वा दिदी बहिनीले विवाह पूर्व अपुताली पाई विवाह गरेमा भने त्यस्तो संपत्ति माइती पट्टीका हकवालालाई फिर्ता गर्नुपर्ने व्यवस्थामा कुनै औचित्य समेत देखिन नआउने ।
- अरु कसैले फिर्ता गर्नु नपर्ने विवाहित छोरी वा दिदी बहिनी समेतले फिर्ता गर्नु नपर्ने तर अविवाहिता छोरीले विवाहको कारणले पाइसकेको अपुताली फिर्ता गर्नुपर्ने भन्ने व्यवस्था सामाजिक रुपमा छोरा र छोरीका बीचको मात्र विभेद नभई छोरी छोरीका बीच समेत स्पष्ट रुपले विभेदजन्य रहेको देखिन आउने ।
- मुलुकी ऐन एघारौं संशोधन पूर्वको अपुतालीको २ न. ले समेत विवाहिता र अविवाहित छोरीले पाएको अपुताली फिर्ता गर्नुपर्ने व्यवस्था गरेको नपाइएको, अपुतालीबाट प्राप्त सम्पत्ति अंशियारका बीच वण्डा समेत नलाग्ने अंशवण्डाको महलको १८ नं. मा व्यवस्था भएको देखिएको अवस्थामा समेत मानवअधिकार स्वरुप विवाह गरी जीवनयापन गर्न पाउने नैसर्गिक अधिकारको आधारमा भएको विवाहको कारणले अपुतालीबाट प्राप्त गरेको सम्पत्ति फिर्ता गर्नुपर्ने वा गुमाउनु पर्ने व्यवस्था मानव अधिकार सम्बन्धी मान्य सिद्धान्तको विपरीत भई अपुतालीको महलको १२क. को व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को समानताको सिद्धान्त प्रतिकूल भई वाझिन गएकोले धारा ८८(१) बमोजिम आजको मिति देखि लागू हुने गरी सो अपुतालीको महलको १२क. नम्बर अमान्य घोषित हुने ।

**अधिवक्ता शर्मिला पराजुली समेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय, सिंहदरवार, काठमाडौ समेत (ने.का.प. २०६१ नि.नं. ७४४९ पृष्ठ १३१२ अंक १०)**

- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार भन्नाले आफ्नो काम गर्ने कार्यालय वा प्रतिष्ठानमा आफूभन्दा माथिल्लो अधिकृत वा आफ्नो सहकर्मी साथी वा प्रतिष्ठानमा आएका ग्राहकवाट हुन सक्ने यौनजन्य दुर्व्यवहार भन्ने बुझिन्छ । कार्यालयको हाकिम वा माथिल्लो कर्मचारीले महिला कामदार कर्मचारीवाट यौनजन्य लाभ नदिएमा जागीर जोखिममा पार्ने धम्की दिने वा पुरस्कार वा कार्यक्षमताको उच्च मूल्याकन वा पदोन्नति आदिको अनुचित प्रलोभन देखाई कार्यस्थलमानै यौनजन्य दुर्व्यवहार हुन सक्ने अवस्था र स्थिति रहेको पाइने ।
- यौनजन्य दुर्व्यवहार सम्वन्धमा यसका सवै पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानून निर्माणको लागि आवश्यक व्यवस्था एवं पहल गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

**ज्योती पौडेलसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, (ने.का.प.२०६६ नि.नं.८२८२ अंक १२)**

- घरेलु हिंसा समबन्धी अपराधको परिभाषा व्यापक गरी प्रभावकारी सजायको व्यवस्था गरेर घरेलु हिंसा सम्बन्धी अपराधलाई सरकार वादी पनि बनाई **Private Prosecution** लाई पनि **Option** दिने कानूनी व्यवस्था गरी सकभर उपलब्ध भएसम्म तालिम प्राप्त महिला प्रहरी अनुसन्धानकर्ता द्वारा र उपलब्ध नभए महिला प्रहरीद्वारा अपराधको अनुसन्धान गराउने।
- घरेलु हिंसा सम्बन्धी अपराधबाट पीडित व्यक्ति महिला हुने हुंदा पीडित महिलाले चाहेमा उपलब्ध भएसम्म महिला कानून व्यवसायी र उपलब्ध

नभएमा अन्य लिङ्गिय कानून व्यवसायीको सेवा राज्यले निःशुल्क र निरन्तर उपलब्ध गराउने व्यवस्था गर्ने

- घरेलु हिंसा सम्बन्धी मुद्दाको लागि उपलब्ध भएसम्म महिला न्यायाधीशबाट सुनुवाई गर्ने व्यवस्था गरी शुरु तहमा छुट्टै **Fast Track Court** गठन गर्न वान्छनीय हुने।

**सपना प्रधान मल्ल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिँहदरबार समेत (ने.का.प. २०६६ नि.नं. ८१८७ अंक ७ पृष्ठ १०९८)**

- सम्बन्धित पेशाको प्रकृतिले अनिवार्य रुपमा निषेध गरेको अवस्थामा बाहेक राज्यको सार्वजनिक सेवामा प्रवेश गर्नको लागि लिङ्ग समेतको आधारमा कुनै विभेद सिर्जना गरिएको छ भने त्यस्तो कार्य समानताको सिद्धान्त सापेक्ष हुन्छ भन्न सकिने आधार कमै हुन्छ । परम्पराको विरासतको रुपमा कुनै क्षेत्रमा त्यस्ता कानून र प्रचलनहरू जीवित रहेका छन् भने पनि राज्यले क्रमशः सुधार गर्दै जानु श्रेयष्कर हुने ।

- गर्भधारण गरेकी महिलालाई कठिन शारीरिक श्रम आवश्यक पर्ने सैनिक प्रहरीको आधारभूत तालीममा सहभागी हुन दिँदा प्रजनन स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भै त्यस अवस्थामा समेत राज्यलाई संविधानको प्रावधान उल्लंघन गरेको आरोप लाग्नसक्ने देखिँदा उक्त दुवै विषयलाई उचित तवरले समायोजन गरी विवादित कानूनमा समसामयिक सुधारको आवश्यकता पर्ने ।

- मानव अधिकार र लैङ्गिक न्यायको पक्षमा संबेदनशील ठानिने केही मुलुकहरूको कानूनी व्यवस्था एवं अभ्यास समेतको तुलनात्मक अध्ययन, देशको सामाजिक र साँस्कृतिक अवस्था समेतको समग्र अध्ययन, महिलाहरूको रोजगारीको अवस्था समेतको समग्र विषयहरूमा अध्ययन अनुसन्धान गरी सैनिक प्रहरीसम्बन्धी विवादित नियमावलीमा समसामयिक संशोधन वा सुधार गर्न आवश्यक पर्ने ।

**अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं (ने.का.प. २०६६ नि.नं. ८१३८ पृष्ठ ७१०)**

- महिलाविरुद्धको हिंसालाई दण्डनीय बनाएको र त्यसलाई सम्बन्धित कानूनले पनि दण्डनीय नै बनाएको अवस्थामा सजायको मात्राका आधारमा मात्र संविधान प्रतिकूल भन्ने संज्ञा दिँदै जाने हो भने के कुन कसूरका लागि के कति सजाय गर्ने भन्ने निश्चित मापदण्ड नै बन्न नसक्ने अवस्था उत्पन्न हुन जाने ।
- दण्डनीय कानूनअन्तर्गत अमुक कसूरका लागि कम सजायको व्यवस्था गरिएको भन्ने मात्र आधारमा त्यस्तो कानूनी व्यवस्थालाई विभेदजन्य कानूनी व्यवस्थाका रुपमा वा महिला हिंसालाई प्रोत्साहित गर्ने कानूनी व्यवस्थाका रुपमा व्याख्या गर्न नमिल्ने ।

- कानूनी व्यवस्था संविधानसँग बाझिएको भन्ने कुरा कसैको मनोगत बुझाइमा निर्भर रहने विषय होइन, त्यसका वस्तुनिष्ठ आधारहरू हुनुपर्ने ।
- के कस्तो कार्यलाई कसूर मान्ने, के कस्तो कसूरका लागि के कति सजायको व्यवस्था गर्ने, मुलुकमा के कस्तो दण्ड प्रणाली कायम गर्ने भन्ने जस्ता विषयहरू विधायिकी प्रज्ञा (Legislative wisdom) भित्रका विषय हुन्, त्यसमा प्रभाव पर्ने अदालती कार्य उपयुक्त नमानिने ।

**अधिवक्ता अच्यूतप्रसाद खरेल विरूद्ध विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत (ने.का.प. २०६८ नि.नं. ८६७७ अंक ९ पृष्ठ १४४२)**

- कुनै पनि सेवामा रहेर गर्नुपर्ने कार्यसँग सम्बन्ध नै नराख्ने विषयलाई सेवाको शर्त बनाइनु न्यायिक र व्यावहारिक कुनै पनि दृष्टिकोणबाट उचित र विवेकसम्मत् मान्न नमिल्ने ।
- हरेक सार्वजनिक सेवाका शर्तहरू परस्पर भिन्नता राख्ने हुन सक्छन् । कामको प्रकृतिअनुरूप अलग-अलग सेवाका शर्तहरू माग गर्नु पनि स्वाभाविकै मान्नु पर्दछ । तर हरेक सेवाको लागि निर्धारण गरिएका सेवाका शर्तहरू त्यस्ता सेवा समूहभित्र रही सम्पादन गरिने कामसँग वस्तुनिष्ट रुपमा सम्बन्धित देखिनु पर्दछ । यदि त्यस्ता सेवाका

शर्तहरू सम्बन्धित सेवाको कुनै पनि पदमा रही सम्पादन गर्नुपर्ने कार्यसँग सम्बन्ध राख्ने प्रकृतिका देखिन नआई कुनै वर्ग वा समुदायका मानिसहरूको आत्मसम्मान वा भावनामा प्रत्यक्ष रुपमा चोट पुऱ्याउने,जातीय वा लैङ्गिक आधार समेतबाट भेदभावपूर्ण हुने प्रकृतिका देखिन आउँछन् भने त्यस्ता विषयहरूले संविधानको धारा १२ को उपधारा (१) द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुण्ठित गरेको मान्नुपर्ने ।

- सैनिक सेवाभित्र सबै कामहरू एकै प्रकृतिका नहुन सक्दछन्। युद्धको अग्रीम मोर्चामा रही सैनिक कारवाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यलाई एउटै मापदण्डभित्र समावेश गर्नु उचित हुन सक्दैन। त्यसमा पनि एउटै कार्यसम्पादन गर्नको लागि महिला र पुरुषको लागि फरक-फरक योग्यता र अयोग्यताका शर्तहरू निर्धारण गरिन्छ भने त्यसको आधार समेत स्पष्ट र बोधगम्य हुनु अपेक्षित हुने ।
- लिङ्ग भनेको प्राकृतिक कुरा भएकोले कुनै खास लिङ्गमा जन्मनु नै कसैको दोष वा अयोग्यताको मूलभूत मापदण्ड हुन नसक्ने ।
- महिला वर्गलगायतका पिछडिएका वर्गको विकास वा सशक्तीकरण गर्ने नाममा सामान्य रोजगारी प्राप्त गर्ने विषयमा नै अनावश्यक र अनुचित शर्त वा बन्देज लगाइन्छ भने त्यस्तो कार्यलाई संवैधानिक व्यवस्थाअनुरूप मान्न नमिल्ने ।

- संविधानले प्रजनन् तथा प्रजनन् स्वास्थ्यको हकलाई मौलिक हकको रुपमा व्यवस्था गर्ने,तर कानूनले उमेर पुगेका महिलालाई पाँच वर्षसम्म विवाह गर्न नपाउने व्यवस्था गर्नु संविधानसम्मत् हुन नसक्ने ।

**प्रेमबहादुर खड्का समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सिहंदरवार समेत (ने.का.प. २०६६ नि.नं.८२०३ अंक ८ पृष्ठ १२९४)**

- महिला हकको संरक्षणको लागि पुरुषसरह रोजगारीको अवसरमा समान र सहज पहुँचका साथै रोजगारीका शर्त र कार्य वातावरण महिलामैत्री बनाउने र उनीहरूलाई रोजगार प्राप्तिको लागि सशक्तीकरण गराउँदै लानेतर्फ राज्यको ध्यान केन्द्रित हुनुपर्ने ।

- सार्वजनिक क्षेत्रमा पिछडिएका वर्ग, क्षेत्र वा लिङ्गका नागरिकहरूको उपस्थिति न्यून रहेको परिप्रेक्ष्यमा तिनीहरूको संख्यात्मक र गुणात्मक उपस्थितिलाई अभिवृद्धि गर्नेतर्फ राज्यको रोजगारसम्बन्धी नीति र कार्यक्रम केन्द्रित हुनुपर्ने ।

- रोजगारीको हक आर्थिक र सामाजिक अधिकारमध्ये महत्त्वपूर्ण हक रहेको र नागरिक एवं राजनैतीक अधिकारको सार्थक उपयोग गर्न समेत महत्त्वपूर्ण हुने हुनाले यसलाई अनिश्चितकालसम्म राज्यले आफ्नो स्रोत र साधन हेरी क्रमिक रुपमा व्यवस्थित गर्दै जाने वर्गमा राखेर यसको महत्वलाई घटाउन दिन नमिल्ने।

- हरेक देशलाई रोजगारीको हकको व्यवस्था गर्ने क्रममा आफ्नो देशको विशिष्ठ परिस्थितिअनुकूल हुने गरी कानूनी लगायत जुनसुकै उपायहरू अवलम्बन गर्ने तजवीजी अधिकार हुन्छ । तर तजवीजको नाउँमा रोजगारीको हक नै सुनिश्चित नगर्ने भन गर्नु हुदैन । हरेक व्यक्तिलाई बेरोजगारीको समस्याबाट मुक्त गर्ने र रोजगारीमा सुरक्षा दिने व्यवस्था अविलम्व गर्नेतर्फ राज्य सचेत रहनु पर्ने ।

- स्रोत साधनको अपर्याप्तताको आधार देखाई राज्य सधैं नै दायित्वबाट पन्छिइरहने हो भने अधिकारहरू कहिल्यै पनि सुरक्षित हुन सक्दैनन् । त्यसैले राज्यको स्रोत साधनको लेखाजोखा र त्यसको नागरिक हक अधिकार संरक्षणको हितमा भएको उपयोगिताको औचित्यता न्यायिक पुनरावलोकनको दायराभन्दा बाहिर पर्न नसक्ने ।

- मौलिक हकको भागमा कुनै हकलाई समावेश गर्नुको अर्थ त्यस्तो हकलाई तत्काल क्रियाशील बनाउनु हो र यसको उल्लंघन वा अप्रचलनको स्थिति खडा भएमा उपचारको हक प्राप्त हुन्छ भन्न पनि हुने ।

- मौलिक हकहरू जनताको प्रत्यक्ष र तत्काल प्रचलन गराउन पर्ने हकहरू हुन । त्यसैले तिनीहरू कुनै पनि निकाय चाहे त्यो विधायिका नै किन नहोस, उसको इच्छाधीन रहँदैनन् र साधन स्रोतको अभावको नाममा अनिश्चित बनाउन वा प्रचलन नगराउने आधार बनाउन नमिल्ने।

**नरबहादुर आचार्य समेत विरुद्ध रुकमेणीदेवी शाह (ने.का.प. २०६९ नि.नं. ८८२२ पृष्ठ ७०९ अंक ५)**

- सामान्यतयाः आफ्नो घर परिवारबाट मानवीय व्यवहार पाउँदापाउँदै मानाचामल माग गरी अड्डा अदालत धाउने कुरा मुद्दा गर्नकै लागि वा पति समेतका आफ्नो परिवारका सदस्यहरूलाई दुःख दिने उद्देश्यबाट गरिएको होला भनी अनुमान गर्नु स्वाभाविक हुन नसक्ने ।
- समाजमा विद्यमान रहेको लैङ्गिक र घरेलु हिंसाको कारणबाट खास गरी महिलाहरू र त्यसमा पनि बुहारीमाथि यस प्रकारका घटनाहरू घट्ने गरेको कुरा बराबर प्रकाशमा आउने गरेकै पाइँदा सामान्यतः दावीलाई अस्वाभाविक भनी अन्यथा अनुमान गर्न नमिल्ने ।

- आफूले विवाह गरी ल्याएकी पत्नी तथा बुहारीप्रति मानवीय व्यवहार गर्नु सम्बन्धित परिवारको कानूनी र नैतिक दुबै प्रकारको दायित्व हो। परिवारबाट सो दायित्व पूरा गरिदैंन र त्यस्ती महिलामाथि हिंसाजन्य ब्यवहार गरी घरमा बस्न नसक्ने अवस्था सिर्जना गरिन्छ भने निश्चित् रुपमा मुलुकी ऐन अंशबण्डाको १० नं. र लोग्नेस्वास्नीको ४ नं. बमोजिम खानलाउनको लागि मानाचामल भर्नुपर्ने ।
- कानूनविपरीतको अमानवीय र कठोर ब्यवहार गरी विवाहित महिलालाई घरमा बस्न नसक्ने वातावरण तयार पार्ने व्यक्ति वा परिवारले पछि आएर मानाचामल भर्न सक्ने आर्थिक हैसियत थिएन वा छैन भनी लिने जिकीर आधारहीन हुने ।

**अधिवक्ता हरिराम लवजू समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०६९ नि.नं. ८९३८ अंक १२ पृष्ठ १७८६)**

- भौतिक वस्तुमाथिको कानूनबमोजिमको कब्जाले स्वामित्वको हक उत्पन्न हुन्छ । सम्पत्तिको प्राप्ति चीरभोग (**Prescription**) का आधारमा पनि गरिन्छ । कानूनद्वारा निर्दिष्ट सम्झौता वा करारको माध्यमबाट पनि सम्पत्ति प्राप्त हुने सिद्धान्तलाई स्वीकार गरिएको छ । सम्पत्तिको प्राप्ति अपुताली वा उत्तराधिकार (**Inheritance**) का माध्यमबाट पनि हुन्छ । सम्पत्ति प्राप्तिका यस्ता कानूनी मान्यता र सिद्धान्त रहेकोमा

कानूनबमोजिम स्थापित परिवारमा जन्मेको व्यक्तिको सम्पत्ति प्राप्त गर्ने अधिकार सिर्जना हुने ।

- आफ्नो अंश हकको प्रयोग गर्ने अधिकार र जिम्मेवारीलाई निरपेक्ष रूपमा नभै व्यवहार चलाउनु पर्ने कर्तव्य पालनासँग सापेक्ष तुल्याइएकाले यसबाट अंशबण्डाको महलअन्तर्गत व्यवहार चलाउने भन्ने विषयलाई जुनसुकै कारोवार (**Transaction**) का रूपमा भन्दा पनि घर व्यवहार चलाउने अर्थमा लिनुपर्ने ।
- स्थापित परिवारमा जन्मेको व्यक्तिले अंश पाउने नैसर्गिक अधिकारलाई अंशबण्डाको १९ नं. को देहाय १ ले समाप्त नगर्ने स्थितिमा नेपालको कानून प्रणालीले लामो समयदेखि स्वीकारी अभ्यास गरी आएको कानूनी व्यवस्थालाई बदर घोषित गर्न नपर्ने ।

**अधिवक्ता कविता पाँडे समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०६९ नि.नं. ८९०१ अंक १० पृष्ठ १५३४)**

- महिला वर्गलाई पीडित बनाउने जुनसुकै प्रथा,परम्परा र सँस्कृति महिलाको विकास र महिला सशक्तिकरणको बाधकको रूपमा रहेको हुन्छ। त्यस्ता प्रथा,परम्परा र सँस्कृतिले महिला र पुरुषबीच असमानता र विभेदको परिस्थिति उत्पन्न गर्ने हुँदा असमान र विभेदकारी प्रथा र परम्परालाई समाजमा हुर्कने अवस्थालाई कतैबाट समर्थन गरिन नहुने ।
- वैकल्या प्रथा तराई क्षेत्रका केही जिल्लाहरूमा विद्यमान विशेष किसिमको समस्याको रूपमा रहेको देखिन्छ। यस्तो प्रथाको कारण माइती घरमै विधवा भएका वा पतिले नलगी छाडिएका महिलाहरूको अंश हक सम्बन्धमा विवाह भैसकेकी छोरीलाई अंश दिने कानूनमा व्यवस्था नभएको र नावालक अवस्थामै भएको विवाहको कानूनी अभिलेख नहुनुको साथै लोग्ने पक्षकाले स्वीकार गरी घर नलगेको अवस्थामा त्यस्ता पीडितहरूको पारिवारिक हैसियत र अंश हकको समस्या उत्पन्न हुने भै वैयक्तिक हैसियत र सम्पत्तिक अधिकारको लागि विभिन्न समस्या भोग्नुपर्ने अवस्था टड्कारो देखिन्छ। परन्तु,यस विषयमा आवश्यक र पर्याप्त अध्ययन र अनुसन्धान भएको देखिँदैन। जसको कारण समस्याको मात्रा र प्रकृति पर्याप्त मात्रामा निश्चित नभए पनि यस समस्याको विद्यमानतालाई इन्कार गर्न सकिने स्थिति पनि छैन। तराई क्षेत्रमा बालिकाहरूले व्यहोर्नु परेको खास किसिमको यस्तो समस्यालाई विशेष प्रकारले सम्बोधन गर्नुपर्ने ।

**अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत भएको मुद्दामा निम्न बमोजम बोलेको पाईन्छः (ने.का.प. २०४९ पृष्ठ १०१०)**

- मुलकी ऐन अंशबण्डाको १६ नं. ले छोरीलाई पैत्रिक सम्पत्ति प्राप्त गर्नमा भेदभाव गरेको देखिने
- यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्नु भनी सरकारका नाममा निर्देशात्मक आदेश जारी हुने।

**अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत (संवत ०५८ सालको रिट नं.५५)**

- वैवाहिक बलात्कार सम्बन्धमा आवश्यक कानुन संशोधन विधेयक संसदमा पेस गर्नु भनी निर्देशात्मक आदेश जारी हुने।

**अधिवक्ता राजुप्रसाद चापागाईसमेत विरुद्ध स्वास्थ्य मन्त्रालय समेत (०५९ सालको रिट नं. ८८)**

- महिला कामदार, कर्मचारीहरुका हकमा तोकिएभन्दा कम गर्न नपाइने गरी न्यूनतम् प्रसूति बिदाको अवधि निर्धारण गरी मातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन निर्देशनात्मक आदेश जारी हुने ।

**अधिवक्ता शर्मिला पराजुलीसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (ने.का.प. २०६१ नि.नं. २०६१ अंक १०)**

- यौनजन्य दुर्व्यबहारसम्बन्धी सबै पक्षलाई समेट्ने गरी उपयुक्त कानून निर्माण गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने।

**रेश्मा थापासमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत (ने.का.प. २०६२ नि.नं. ७४९८ अङ्क २)**

- बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवं सजाय गर्ने प्रभावकारी ऐनको अभाव रहेकाले सोको तर्जुमा गर्नु र
- रुढिवाद, अन्धविश्वास र अज्ञानता हटाउन सामाजिक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी हुने

**प्रद्योश क्षेत्री समेत विरुद्ध मन्त्रिपरिषद्को कार्यालय समेत (०५१ सालको रिट नं . ३०५९)**

- महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने।
- तर कानुनको निर्माण नै नगरी स्वेच्छाचारी निर्णयको आधारमा आरक्षण सिटहरुमा आवेदन गर्ने गरी जारी भएको सूचना नेपाल अधिराज्यको संविधान धारा ११ को प्रतिबन्धात्मक वाक्यांशको विपरीत देखिंदा (३) उत्प्रेषणको आदेशद्वारा बदर हुने।

**अधिवक्ता समपना प्रधान मल्लसमेत विरुद्ध मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६२ नि.नं. ७४७८ अङ्क १)**

- गर्भपतनसम्बन्धी कसुरमा गर्भवती महिला र सो कसुरमा संलग्न अन्य पुरुष वा महिलालाई गरिएको सजायमा विभिन्नता देखिएको हुँदा सो व्यवस्थासँग सामञ्जस्य हुने गरी ज्यानसम्बन्धीको २८क र ३२ नं. को कानूनी व्यवस्थालाई आवश्यक संशोधन गरी उपयुक्त कानुनी व्यवस्था गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने।

**डिलबहादुर विश्वकर्मासमेत विरुद्ध मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०६२ नि.नं. ७५३१ अङ्क ४)**

- एक महिनाभित्र छाउपडी प्रथालाई कुरीति घोषणा गर्नु।
- छाउपडी प्रथाको विरुद्ध सार्वजनिक चेतना जगाउन स्थानीय निकायहरुलाई परिचालित गर्न निर्देशन दिनु।
- विभेद रोक्न तीन महिनाभित्र निर्देशिका बनाई लागू गर्नु गराउनु।
- बृहत् रूपमा अध्ययन गरी आवश्यक परे कानुनसमेत तयार गर्नु गराउनु।

**अधिवक्ता टेक ताम्राकारसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (ने.का.प. २०६० नि.नं. ७५५० अङ्क ६)**

- वादी जातिको उत्थान र विकासको लागि जन्म दर्ता र नागरिकता लिने प्रक्रियामा सुधार गर्ने।

**डिलबहादुर विश्वकर्मासमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत ( ने.का.प. २०६२ नि.नं. ७६०३ अङ्क १०)**

- महिला र ब्रतबन्ध गर्ने संस्कार नभएका जाति जनजातिलाई तीनधारा संस्कृत छात्रावासमा प्रवेश गर्न नसक्ने गरी भएको कानूनी व्यवस्था सुधार गर्ने

**अधिवक्ता मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत (ने.का.प.२०६३ नि.नं. ७७४२ अङ्क ८)**

- सामाजिक व्यवहार ऐनको दफा ४(३) अनुसारको एकै कसुरमा केटापक्ष र केटी पक्ष बीच सजायमा भिन्नता हुने गरी भएको व्यवस्था परिमार्जन गर्न निर्देशनात्मक आदेश जारी हुने ।

**अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०६४ नि.नं. ७८८० अङ्क ९)**

- मुद्दा मामिलाको रोहमा पीडित वा पक्ष रहेका महिला, बालबालिका, एच . आई .भी. एड्स सङ्क्रमित व्यक्तिहरूको गोपनीयता संरक्षण गर्ने सम्बन्धमा आवश्यक कानून बनाउने।
- कानून नबनेसम्मको लागि अदालतबाटै निर्देशिका जारी हुने।

**सपना मल्ल प्रधान समेत विरुद्ध कानून तथा न्याय मन्त्रालय ( ने.का.प. २०६५ नि.नं.८०३८ अङ्क ११)**

- पीडितहरूको सामाजिक मनोविज्ञान, अनुसन्धानमा लाग्ने समय र न्यायमा पहुँचको अवस्थालाई ध्यानमा राखी जबर्जस्ती करणीको ११ नं. मा व्यवस्था भएको हदम्दबढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने।

**सुनीलबाबु पन्त विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत(ने.का.प. २०६५ नि.नं. ७९५८ अङ्क ४)**

- फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरुले विना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून बनाउनु भनी निर्देशनात्मक आदेश जारी हुने ।

**प्रकाशमणि शर्मासमेत विरुद्ध महिला, बालबालिका मन्त्रालय समेत(ने.का.प. २०६५ नि.नं. ८००५ अङ्क ८)**

- डान्स रेस्टुरेन्ट, क्याबिन रेष्टुरेन्ट, डान्स बार र मसाज पार्लरमा काम गर्ने महिला कर्मचारीमाथि हुनसक्ने यौनजन्य हिंसा सम्बन्धमा कानून बनाउनु भन्ने निर्देशनात्मक आदेश जारी हुने ।
- त्यस्तो कानून नबनुञ्जेलसम्मको लागि निवेदकको माग बमोजिम निर्देशिका समेत जारी हुने ।

**प्रकाशमणि शर्मा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत (ने.का.प. २०६५ निर्णय नं. ८००१ अङ्क ८)**

- प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ एवं समाजका प्रतिनिधिहरूसँग परामर्श गरी पर्याप्त व्यवस्थासहितको विधेयक तर्जुमा गरी शीघ्र व्यवस्थापिका संसदसमक्ष पेस गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने।
- महिलाको प्रजनन् स्वास्थ्यको हक एवं पाठेघरसम्बन्धी समस्याको निराकरणको सम्बन्धमा जनचेतना जगाउने र प्रभावकारी स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्नु गराउनु भनी  परमादेश जारी हुने।

**प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत(२०६३–WS–००२८)**

- थुना वा कैदमा रहेका महिलाहरूको गर्भावस्था र स्तनपान गर्ने बच्चाहरुको स्वास्थ्य, पोषण र संरक्षणलगायत उपयुक्त सुविधाको व्यवस्था मिलाउन नीति तथा कार्यक्रम बनाई लागू गर्नु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

**मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत(२०६४ सालको रिट नं१००२ .)**

- महिलाहरूको विकास र सशक्तीकरणलाई प्रभावकारी बनाउनको लागि योजना, कार्यक्रम, बजेट तर्जुमा गरी लागू गर्नु भनी राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र राष्ट्रिय महिला आयोगका नाममा निर्देशनात्मक आदेश जारी हुने।

**लक्ष्मीदेवी धिक्त समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०६७ नि.नं. ८४६४ अङ्क ९)**

- स्वास्थ्य संस्थाबाट गर्भपतन सेवा लिएका व्यक्तिहरूको परिचयात्मक अभिलेख एवं निजहरूले न्यायिक सेवा लिँदाको परिचयात्मक विवरणहरूको गोपनीयता कायम राख्न जो चाहिने व्यवस्था गर्ने ।
- गर्भपतनसम्बन्धी व्यापक रूपमा जनचेतना जगाउने हिसाबले प्रचार प्रसार गर्ने।
- गर्भपतनसम्बन्धी छुट्टै र पर्याप्त कानून बनाउन पहल गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने।

**अधिवक्ता कविता पाण्डे समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (ने.का.प. २०६७ नि.नं. ८४११ अङ्क ७)**

- ६० वर्ष भन्दा कम उमेरका एकल महिलालाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने र वास्तविक तथ्याङ्क यकिन गर्दै उनीहरूको उत्थान र विकासको लागि आवश्यक कार्यक्रम र नीति बनाउने ।

**नेपाल सरकार विरुद्ध राधिका श्रेष्ठ (०७०–CR-०११२)**

- महिलाउपर पीडकले विभिन्न हिंसा र यातनाजन्य व्यवहार गरेको कारणबाट प्रताडित महिलाबाट अपराध घट्न पुग्दछ भने त्यस्ती महिलाले गरेको कसुरलाई सोही सन्दर्भमा लिनुपर्ने ।

## ६.२ बालअधिकारसम्बन्धी

सर्वोच्च अदालतबाट विभिन्न मुद्दा तथा रिट निवेदनहरुको फैसला तथा आदेश गर्दा बालबालिकाको अधिकारको संरक्षण तथा सम्बर्द्धनको विषयमा व्यापक पहल कदमी भएको पाईन्छ। विशेष गरेर बालबालिकामाथि हुने क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा दुर्व्यवहार रोक्न, बाल अदालत स्थापना गर्ने कार्य अगाडि बढाउन, घरेलु नोकर सम्बन्धी कानून बनाउन, बाल श्रम निषेधलगायत बालअधिकारसम्बन्धी अन्य महत्त्वपूर्ण विषयहरू बालबालिकाको पाठ्यक्रममा समावेश

गर्नको लागि सर्वोच्च अदालतले सरकार तथा अन्य सम्बद्ध निकायहरुको नाममा निर्देशात्मक आदेश जारी गरेको पाईन्छ जसलाई तल उल्लेख गरिएको छः

**बब्लुगोडियाको हकमा अधिवक्ता आशिस अधिकारी विरुद्ध बाँके जिल्ला अदालत नेपालगंज समेत विषयः बन्दी प्रत्यक्षीकरण (सम्बत २०५७ सालको रिट नं. ३३९० आदेश मिति २०५७।१२।२।५)**

- बालबालिकासम्बन्धी ऐन, २०४८ मा भएको व्यवस्था अनुसार १६ वर्ष उमेर नपुगेका नाबालकको हकमा सोही ऐन लागु हुने स्पष्ट कानूनी व्यवस्था भएको पाइन्छ। बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ को उपदफा २ (क) ले कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पूर्पक्षको निमित्त प्रचलित कानून बमोजिम थुनामा बस्नु पर्ने बालकलाई बालसुधार गृहमा राखिने स्पष्ट व्यवस्था भैरहेको देखिएकोले मुलुकी ऐन अ.वं. ११९(२) बमोजिम पुर्पक्षका लागि कारागार शाखामा थुनामा राखेको कानूनसंगत देखिन नआउने।

**देवेन्द्र आलेसमेत विरुद्ध मन्त्रिपरिषद्को कार्यालय समेत (०६१ सालको रिट नं५७ .)**

- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित बाबु, आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले वालकको हितको लागि हप्काएको वा सामान्य पिटाई गरिएकामा यस दफाको उल्लङ्घन गरेको मानिने छैन भनी उल्लेख गरेको प्रावधानमध्ये "...वा सामान्य पिटाई गरको..." भन्ने अंश अमान्य र बदर घोषित हुने ।
- बालबालिकामाथि भइरहेका र हुन सक्ने शारीरिक सजाय एवं अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा दुर्व्यवहार रोक्न

उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

**सन्तोषकुमार महतो विरुद्ध मन्त्रिपरिषद्को कार्यालय समेत (२०६१सालको रिट नं . ०६०)**

- बाल अदालत स्थापना गर्ने कार्य शीघ्र अगाडि बढाउने।

**सोमप्रसाद पनेरु विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (संवत २०६१ सालको रिट नं. ३२१५)**

- घरेलु नोकरसम्बन्धी कानून बनाई प्रभावकारी कार्यान्वयन गर्ने।
- बाल श्रम निषेधलगायत बाल अधिकारसम्बन्धी अन्य महत्त्वपूर्ण विषयहरू बालबालिकाको पाठ्यक्रममा समावेश गर्ने ।

**सरोज राईको हकमा कल्याण केसी.. विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत (०६६-WO-००२५)**

- बालबालिका मात्र सम्मिलित मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्न नपाउने ।
- विचाराधीन रहेका मुद्दा सम्बन्धित जिल्ला अदालतमा सारी बाँकी काम कारवाही र किनारा गर्ने ।

**राजुप्रसाद चापागाँई विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत (ने.का.प. २०६५ नि.नं. ८०११ अङ्क १०)**

- ज्यान सम्बन्धी महलको ६ (३) नं. ले रक्षा शिक्षाको नाममा कुटपिट गर्न पाउने अधिकारलाई मान्यता दिएको समेत देखिएकाले अमान्य र बदर घोषित हुने।

**प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (२०६३-WS-००२८)**

- थुना वा कैदमा रहेका महिलाहरूको गर्भावस्था र स्तनपान गर्ने बच्चाहरुको स्वास्थ्य, पोषण र संरक्षणलगायत उपयुक्त सुविधाको व्यवस्था

मिलाउन नीति तथा कार्यक्रम बनाई लागू गर्नु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

**६.३ स्वच्छ सुनुवाइको अधिकारसम्बन्धीः**

जसरी कुनै पनि कसूरबाट पीडित व्यक्तिले स्वच्छ र निष्पक्ष न्यायलयबाट प्रभावकारी रुपमा न्याय प्राप्त गर्ने अधिकार रहेको हुन्छ त्यसैगरी कसूरको अभियोग लागेको व्यक्तिलाई पनि त्यस्ता निकायहरुबाट फौजदारी न्यायको मान्य सिद्धान्तबमोजिम स्वच्छ सुनुवाईको अधिकार हुन्छ। सो सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न मुद्दाहरुमा स्वच्छ सुनुवाईको सम्बन्धमा विभिन्न फैसलाहरु गरेको छ जसमा हिरासतमा लिई यातना दिई हत्या गर्ने विरुद्ध अभियोजन गर्न, द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्न, द्वन्द्व पीडितहरूलाई अन्तरिम राहत स्वरूप क्षतिपूर्ति दिन, विद्यमान थुनछेकसम्बन्धी कानूनमा सुधार गर्नेतर्फ आवश्यक अध्ययन अनुसन्धान गर्न, यातनालाई प्रोत्साहन दिने प्रकृतिको कानूनमा न्यायोचित सुधार गर्न, मुद्दा हेर्ने अधिकारीको आदेश बेगर २४ घण्टा भन्दा बढी हिरासतमा राख्ने कानून संशोधन गर्न, स्वच्छ सुनुवाइको हक प्रतिकूल देखिएको सैनिक ऐन, २०६३ का केही व्यवस्थाहरू अमान्य घोषित गर्न सर्वोच्च अदालतले विभिन्न मुद्दामा आदेश दिएको देखिन्छ। जसलाई तल उल्लेख गरिएको छः

**अधिवक्ता राजाराम ढकाल विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत (२०५९ सालको रिट नं२९४२ .)**

- जेनेभा महासन्धिको उल्लङ्घनको कसुरमा मुद्दा हेर्ने निकाय, कार्यविधि तथा दण्ड सजायजस्ता विविध विषय समावेश गरी राष्ट्रियस्तरमा प्रभावकारी कानुनी व्यवस्थाको निर्माणको लागि कारवाही चलाउनु भनी निर्देशनात्मक आदेश जारी हुने ।

**सिद्धेश्वरकुमार सिंह विरुद्ध महान्यायाधिवक्ताको कार्यालय समेत (२०५८ सालको रिट नं२८४१ .)**

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९, बीमा ऐन, २०४९ मा पीडित पक्षले तत्काल क्षतिपूर्ति रकम पाउने गरी सरल र सहज कार्यविधिको तर्जुमा गरी लागू गर्न निर्देशनात्मक आदेश जारी हुने ।

**रत्नबहादुर वागचन्दसमेत विरुद्ध कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत (२०६१ सालको रिट नं४६ .)**

- मुलुकी ऐन, अदलको महलको १० क नम्बरअन्तर्गत परेका मुद्दाहरुको अध्ययनबाट पीडित पक्षको अनुसन्धान प्रक्रियामा सरल र प्रभावकारी पहुँच, दण्ड सजाय र पीडितलाई क्षतिपूर्ति भराउनेसम्बन्धमा तथ्याङ्क सङ्कलन र अध्ययन गरी उपयुक्त कानुन निर्माण गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

**मन्जु अग्रवाल विरुद्ध काठमाडौ जिल्ला अदालत समेत(२०६२ सालको रिट नं . २५९९)**

- म्याद तामेल सम्बन्धमा गल्ती पुनरावृत्ति नहुने व्यवस्थाको निमित्त कर्मचारीको दक्षता अभिवृद्धि गर्ने र म्याद तामेल कार्य अझ बढी प्रभावकारी बनाउन आवश्यक कदम उठाउने

**राजेन्द्र घिमिरे विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (२०६२ सालको रिट नं२९४० .)**

- यातना दिने कार्यलाई अपराध घोषित गरी यातना पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्न आवश्यक कानून बनाउनु भनी निर्देशनात्मक आदेश जारी हुने ।
-

**अधिवक्ता राजीव बास्तोला समेत विरुद्ध जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय काठमाडौं समेत (०६४-ws-०००२)**

- विद्यमान थुनछेकसम्बन्धी कानूनमा सुधार गर्नेतर्फ आवश्यक अध्ययन अनुसन्धान हुन प्रत्यर्थीको ध्यानाकर्षण हुने।

**आरती श्रेष्ठ  समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (२०६५-ws-०००९)**

- धरौट वा जरिवाना तिर्न नसकेवापत सीधै कैद ठेक्ने गरी भएका कानूनी व्यवस्थाहरूको तुलनात्मक अध्ययन गरी यथाशीघ्र उपयुक्त कानूनी व्यवस्था गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी हुने।

**अच्युत प्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत (२०६३ सालको रिट नं००२९ .)**

- यातनालाई प्रोत्साहन दिने प्रकृतिको कारागार ऐन, २०१९ को दफा २२ (२)न्यायोचित सुधार गर्नेतर्फ पहल गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

**सपना मल्ल प्रधान विरुद्ध कानून तथा न्याय मन्त्रालय (२०६१ सालको रिट नं . ३३९३)**

- पीडितहरूको सामाजिक मनोविज्ञान, अनुसन्धानमा लाग्ने समय र न्यायमा पहुँचको अवस्थालाई ध्यानमा राखी जबर्जस्ती करणीको ११ नंमा . व्यवस्था भएको हदम्यादबढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

**मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (२०६५ सालको रिट नं००४३ .)**

- पीडित साक्षी संरक्षण र सहायता सम्बन्धमा उपयुक्त छुट्टै कानून निर्माण गर्न पहल गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

- सरकारी साक्षीले कानूनबमोजिम प्राप्त गर्ने खर्चको व्यवस्था मिलाउनु भनी परमादेश जारी हुने।

**अधिवक्ता माधवकुमार बस्नेत समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (०६४-WS-००२८)**

- मुद्दा हेर्ने अधिकारीको आदेश बेगर २४ घण्टा भन्दा बढी हिरासतमा राख्न नहुने स्वच्छ सुनुवाइको हक प्रतिकूल देखिएको सैनिक ऐन, २०६३ को दफा ७५ को उपदफा  को व्यवस्था (५) र (४)(३)(२)(१)अमान्य घोषित हुने ।
- आनुषङ्गिक रुपमा पर्न जाने असर समेतलाई दृष्टिगत गरी कानूनी सुधार अविलम्व गर्नु भनी निर्देशन हुने ।

**नाईजेरियन नागरिक OBUNNEME MICHAEL OZOR (ओवुनमी माइकल ओजोर) विरुद्ध नेपाल सरकार (०६७-CR-०५३८)**

- दोभाषे सेवा प्रवाह गर्न निर्देशिकासहितको आवश्यक व्यवस्था गर्नू।

## ६.४ जातीय छुवाछुत र विभेदसम्बन्धी

कानूनले जातको आधारमा हुने छुवाछुतको व्यवहारलाई गैर कानूनी बनाए तापनि जातको आधारमा हुने छुवाछुतको व्यहवार समाजबाट पूर्ण रुपमा हट्न सकेको छैन। सर्वोच्च अदालतले विभिन्न मुद्दा तथा रिट निवेदनहरुको माध्यमबाट यस खाले व्यवहारलाई समाजबाट पूर्ण रुपमा हटाउनको लागि विभिन्न आदेशहरु जारी गरेको छ जसलाई तल उल्लेख गरिएको छः

**मनबहादुर विश्वकर्मा विरुद्ध कानून न्याय तथा संसदीय मन्त्रालय समेत (नेकाप २०४९ पृष्ठ १०१०)**

- अदलतको १०क मा भएको छुवाछुतबारेको दण्डसम्बन्धी व्यवस्थालाई स्पष्टीकरणले संकुचित पार्न नसक्ने।
- संविधानको धारा ११बमोजिम अमान्य हुने (४)

**दुर्गा सोव विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (०५७ सालको रिट नं३६४३ .)**

- मुलुकी ऐन अदलको १० .नं (क)ले जातिपातिका आधारमा छुवाछुतको व्यवहार गरेमा सजायको व्यवस्था गरेको ।
- समाजलाई चेतनशील बनाई यस्ता विकृति हटाउँदै जानुपर्ने।

**अधिवक्ता मोहन साशंकर विरुद्ध शिक्षा तथा खेलकुद मन्त्रालय समेत (२०६३ सालको रिट नं . ३४१६)**

- वेद विद्याश्रमबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूमा जातजातिको आधारमा भेदभाव नगरी समानताको सिद्धान्त र आवश्यक योग्यताको आधारमा स्वच्छ तरिकाले छनौट गरी प्रवेश दिनु भनी परमादेश जारी हुने।

**६.५ फरक तरिकाले सक्षम (अपाङ्ग) व्यक्तिसम्बन्धी**

फरक किसिमले सक्षम व्यक्तिहरु जस्तो दृष्टिविहिन, श्रवण शक्ति गुमेका, सुस्त मनस्थिति भएका अपाङ्ग लगायतका व्यक्तिहरु समाज र राज्यबाट विभिन्न माध्यमबाट विभेदमा परिरहेका छन। सो विभेदलाई अन्त्य गरी उनिहरुको अधिकार संरक्षण र सम्बर्द्धन गर्नको लागि सर्वोच्च अदालतबाट सकारात्मक भूमिका खेलेको पाइन्छ। जसलाई तल उल्लेख गरिएको छः

**सुदर्शन सुवेदी विरुद्ध मन्त्रिपरिषद् सचिवालय (०५७ सालको रिट नं३५८६ .)**

- अन्धा, अपाङ्ग, बहिरा तथा सुस्त मनःस्थिति भएका व्यक्तिहरुलाई नेपालभरिका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरूमा निःशुल्क भर्ना गरी गराई कुनै सेवा शुल्क समेत नलिनु भनी निर्देशात्मक आदेश जारी हुने ।
-

**अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (२०६३ सालको रिट नं०२८३ .)**

- बहिरा विद्यार्थीहरूका लागि विशेष पाठ्यपुस्तिकाको व्यवस्थाको साथै साङ्केतिक भाषाको माध्यमबाट पढाई हुने गरी देशभर निशुल्क स्कुल तथा उच्च शिक्षालयको स्थापना गर्ने ।

**अधिवक्ता ऋषिराम घिमिरेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (२०६३ सालको रिट नं०२८७ .)**

- HIV/AIDS को विविध पक्षहरू समेटिएको पर्याप्त कानूनी व्यवस्थाको तर्जुमा गरी प्राथमिकताका साथ व्यवस्थापिका संसदसमक्ष पेस गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने।

# भाग ७

# अधिकार हननको उपचारमा संलग्न निकायहरु

# ७. अधिकार हननको उपचारमा संलग्न निकायहरु

## ७.१ औपचारिक निकाय

### ७.१.२ न्यायपालिका

**जिल्ला अदालत**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ अनुसार कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षत्रभित्रको सबै मुद्दामा शुरु कारवाही र किनारा गर्ने अधिकार हुन्छ। न्याय प्रशासनसम्बन्धी केही नेला ऐनलाई संशोधन गर्न बनेको ऐन २०६७ ले बन्दीप्रत्यक्षीकरण र निषेद्याज्ञा परमादेशको निवेदन सहित क्षेत्राधिकारमा विस्तार गरेको छ। जिल्ला अदालतलत मुलतः मुद्दाको शुरु कारवाही र किनारा गर्ने अदालत हो। प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतले आफ्नो क्षेत्रभित्रको सवै मुद्दामा शुरु कारवाही र किनारा गर्छ। जिल्ला अदालतले आफ्नो र माथिल्लो अदालतको फैसला कार्यान्वयन गर्ने कार्य समेत गर्दछ।

**पुनरावेदन अदालत**

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) अनुसार पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गर्को शुरु फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार रहेको छ। त्यसै गरी सोही ऐनको दफा ८(२) बमोजिम पुनरावेदन अदालतलाई आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त

हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकतानुसा उत्प्रेषण, प्रतिषेध, बन्दीप्रत्यक्षीकरण, परमादेश र अधिकारपृच्छाको रिट निवेदन हेर्ने अधिकारसमेत यस अदालतलाई प्रदान गरिएको छ।

त्यसैगरी सोही ऐनको दफा १०(१) अनुसार सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा पुनरावेदन अदालतमा साधक जाहेर हुन्छ। त्यसै गरी केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६ (१) को प्रतिबन्धात्क बाक्यांशअनुसार जरीवानाको सजायले मात्र पर्याप्त नभई कैदको समेत सजाय गर्नु पर्ने देखिएका सार्वजनिक अपराधसम्बन्धी मुद्दामा पनि पुनरावेदन अदालतमा साधक जाहेर गर्नु पर्ने व्यवस्था गरेको छ।

**सर्वोच्च अदालत**

सर्वोच्च अदालतले आफ्नो न्यायीक कार्य सम्पादन गर्दा साधारण र असाधारण क्षेत्राधिकार गरी दुइ प्रकारको क्षेत्राधिकार ग्रहण गर्दछ।जसमध्ये साधारण अधिकार क्षेत्रअन्तर्गत निम्न अधिकार क्षेत्रहरु पर्दछन:

**(क) शुरु मुद्दा हेर्नेः**

नेपालको संविधानको धारा १३३(४) अनुसार सर्वोच्च अदालतलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मुद्दाको शुरु मुद्दा हेर्ने अधिकार प्राप्त छ। संविधानको धारा १३३ (४) र सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ अनुसार सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायीक निकायहरुको अवहेलनामा कारवाइ चलाई सजाय गर्न सक्ने व्यवस्था छ।

न्याय प्रशासन ऐन, २०४८ को दफा १५ अनुसार मातहत अदालतमा दायर रहेका कुनै मुद्दामा संविधान वा कानूनको व्याख्यासम्बन्धी जटिल प्रश्न समावेश भएको रहेछ भने त्यस्तो मुद्दाको मिसिल झिकाई सर्वोच्च अदालतबाटै किनारा गर्न सकिने व्यवस्था रहेको छ।

**(ख) पुनरावेदन सुन्नेः**

संविधानको धारा १३४ (४) अनुसार सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम पुनरावेदन सुन्ने अधिकार प्रदान गरिएको छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम सर्वोच्च अदालतमा देहायका मुद्दाहरु उपर पुनरावेदन लाग्ने व्यवस्था छः

(१) पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दाः

(२) दश वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको

(३) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय, पच्चीस हजार रुपैयाँ वा सोभन्दा बढी जरीवाना, पचास हजार रुपैयाँ वा सोभन्दा बढी विगो भएको वा विगो नखुलेको मुद्दामा शुरु अदालत, निकाय, वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्यय गर्दा केही वा पुरै उल्टी भएको मुद्दा

(४) विशेष अदालतले शुरु कारवाही र किनार गरेको मुद्दा

(५) कानूनमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएका मुद्दाहरु

**(ग) पुनरावलोकन गर्नेः**

नेपालको संविधानको धारा १३४(४) अनुसार संघीय कानूनमा व्यवस्था भए बमोजिम आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने अधिकार प्राप्त छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ११ तथा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६ को उपनियम १, २ र नियम ५३ को उपनियम ३ को अधिनमा रही सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश देहायको अवस्थामा पुनरावलोकन गर्न सक्दछः

(१) मुद्दाको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तत्थ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा

(२) सर्वोच्च अदालतबाट स्थापित वा कानूनी सिद्धान्तको प्रतिकूत निर्णय भएको देखिएमा

**(घ) मुद्दा दोहोऱ्याइ हेर्नेः**

नेपालको संविधानको धारा १३४(४) अनुसार संघीय कानूनमा व्यवस्था भए बमोजिम मुद्दा दोहोऱ्याउने अधिकार प्रदान गरेको छ।न्याय प्रशासन ऐन, २०४८ वा प्रचलित कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरुमा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याइ हेर्न सक्ने व्यवस्था गरेको छ। न्याय प्रशासन ऐन, २०४८ को दफा १२ मा उल्लेख भएअनुसार देहायको अवस्थामा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याइ हेऱ्ने आदेश गर्दछः

(१) पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानूनी त्रुटि भएको वा

(२) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालना नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको वा

(३) सार्वजनिक सम्पत्तिसम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सार्वजनिक सम्पत्ति हिनामिन भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको वा

(४) बालक, महिला, वृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको।साथै, सर्वोच्च अदालतले राजस्व न्यायाधीकरणहरुबाट निर्ण भएका मुद्दाहरुमा कानूना व्यवस्था भएबमोजिम पुनरावेदनको अनुमति दिने नदिने सम्बन्धमा समेत अदालतको साधारण अधिकार क्षेत्र अन्तर्गत रही आदेश गर्ने गर्दछ।

**(ङ) साधक जाँच्नेः**

नेपालको संविधानको धारा १३४(४) अनुसार संघीय कानूनमा व्यवस्था भए बमोजिम साधक जाँच्ने अधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०४८ को दफा १० मा सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा पुनरावेदन अदालतले सो सजाय गर्ने ठहऱ्याएकोमा सर्वोच्च अदालतमा साधक जाहेर गर्नु पर्ने व्यवस्था छ।

**(च) निवेदन प्रतिवेदन सुन्नेः**

नेपालको संविधानको धारा १३४(४) अनुसार संघीय कानूनमा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतलाई निवेदन सुन्ने अधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०४८ को दफा १६ मा प्रचलित कानूनमा जुनसुकै कुरा

लेखिएको भए तापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारेख, जमानत, वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारवाइको सिलसिलामा भएको अन्य कुनै अन्तरकालिन आदेश उपर एक तह निवेदन गर्न सकिने तर पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पूर्पक्षको लागि तारेख जमानत वा थुनामा राख्न÷ गरी भएको आदेश उपर कानूनी त्रुटि वा कार्यविधिसम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिन सकिने व्यवस्था छ। यस अन्तर्गत मुलुकी ऐन अ. वं. १७ नं. अन्तर्गतका निवेदनहरु पनि पर्दछन।

**असाधारण अधिकार क्षेत्र अन्तर्गत निम्नबमोजिमका अधिकारहरु रहन्छनः**

**(क) न्यायीक पुनरावलोकनको अधिकार क्षेत्रः**

संविधान देशको मूल कानून रहेको सन्दर्भमा संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुन्छ। संविधानको यो मौलिक विशेषताको संरक्षण गर्ने जिम्वेवारी सर्वोच्च अदालतलाई प्रदान गरिएको छ। विधायिका द्वारा निर्मित कानूनहरु संविधानसम्मत छन् छैनन् भनी संवंधानिकताको परिक्षण गर्ने कार्य न्यायीक पुनरावलोकन हो। नेपालको संविधानको धारा १३४ (१) अनुसार कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कुनै कानूसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी

पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई रहेको छ।

**(ख) रिटको अधिकार क्षेत्रः**

संविधानबाट प्रदान गरिएको मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी  हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएककोकुनै संवैधानिक वा कानूनी प्रशनेको नररुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई संविधानको धारा १३४(२) ले प्रदान गरेको छ। यस अन्तर्गत सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरुण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायतका अन्य उपयुक्त आदेश जारी गर्न सक्दछ।

**(ग) सार्वजनिक सरोकारको विवाद हेर्न अधिकार क्षेत्रः**

कुनै वर्ग वा समुहदायको हित र सरोकार निहित गरेको मुद्दालाई सार्वजनिक सरोकारको विवाद मानिन्छ। मुद्दा गर्ने हकदैयासम्बन्धी सामान्य सिद्धान्तअनुसार जसको जुन कुरामा हक पुग्छ सो कुरामा उसैले मात्र मुद्दा गर्न पाउँछ। तर सार्वजनिक हित र सरोकार निहित रहेको विषयमा भने सरोकारवाला जोसुकैले पनि मुद्दा गर्न पाउँने गरी हकदैयाको दायराको उदार व्याख्या गर्ने गरिएको हुन्छ। नेपालको संविधानको धारा १३४(२)  बमोजिम सर्वोच्च अदालतलाई सार्वजनिक

हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ।

नोटः वर्तमान नेपालको संविधानले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने गरी गरेको व्यवस्था हाल कार्यान्वयन भैसकेको नहुँदा यहाँ चर्चा गरिएको छैन।

### ७.१.२ सम्बैधानिक तथा अन्य कानूनी निकाय

### राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने मुख्य कर्तव्य तोकि नेपालको संविधानको धारा २४८ देखि २४९ सम्म राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गरिएको छ। उक्त कर्तव्य पुरा गर्न राष्ट्रिय मानव अधिकार आयोगले निम्नबमोजिमको काम गर्दछः

- कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष दिएको निवेदनमा वा आयोगको जानकारीमा आएको विषयमा छानविन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने।

- (ख)मानव अधिकारको उलंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी परा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमात्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने
- मान अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गरेन सिफारिस गर्ने
- मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने
- मानव अधिकार उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने
- मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा सैशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने
- मानव  अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने

- मान अधिकारको उल्लंईनका सम्बनधमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वियन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख राख्ने।

**राष्ट्रिय महिला आयोग**

महिलाहरुको हक अधिकारको प्रभावकारी कार्यान्वयनको लागि नेपालको संविधानको धारा २५२ देखि २५४ मा राष्ट्रिय महिला आयोगको स्थापना गरिएको छ। धारा २५३ अनुसार राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख गरिएको छः

- महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,
- महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझा वदिने,
- महिलालाई राष्ट्।य विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

- लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधार सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुमगन गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएकव व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकालाई सुझाव दिने,
- महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

**राष्ट्रिय दलित आयोग**

दलितहरुको समग्र हक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यका साथ नेपालको संविधानको धारा २५५ देखि धारा २५७ मा  स्थापना भएको राष्ट्रिय दलित आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

- दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बनधमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

- जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,
- दलित समुदायको उत्थान तथा हितमा भउका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,
- दिलित समुदायको अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भउको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएका कानून बमोजमि अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

**राष्ट्रिय समावेशी आयोग**

नेपालको संविधानको धारा २५८ देखि धारा २६० सम्म राष्ट्रिय समावेशी आयोगको स्थापना गरी धारा २५९ मा यस आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख गरेको छः

- खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको गर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने,
- माथि उल्लिखित समुदाय, वर्ग, र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदायय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,
- त्यस्ता समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लाग समयानुकूल परिमार्जनका लागि सिफारिस गर्ने,

- अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समायानुकूल परिमार्जवनका लागि सिफारिस गर्ने,
- अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रुपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनावलोकन गरी परिमार्जनका लाग सिफारिस गर्ने।

**आदीवासी जनजाति आयोग/मधेशी आयोग/थारु आयोग/मुस्लिम आयोग**

आदीवासी जनजाति, मधेशी, थारु र मुस्लमहरुको अधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि नेपालको संविधानको धारा २६१, २६२, २६३ र २६४ मा यी आयोगहरुको स्थापना गरिएको छ र यी आयोगहरुको काम कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने उल्लेख गरिएको छ।

### ७.१.३ अर्ध न्यायीक निकाय

- जिल्ला प्रशासन कार्यालय
- मालपोत कार्यालय
- भूमि सुधार कार्यालय
- गा. वि. स.
- नगर पालिका

## ७.२ अनौपचारिक निकाय

### ७.२.१ मेलमिलाप

मेलमिला सम्बन्धि ऐन २०६८ **तथा** जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालत नियमावलीहरुमा मेलमिलाप सम्बन्धी व्यवस्था गरिएको छ।

- मेलमिलाप परिषद्को गठन
- मेलमिलाप कर्ताको सूची सूचीकृत गर्ने
- सूचीबाट मेलमिलापकर्ताको नाम हटाउने
- मेलमिलाप सम्बन्धी कार्यको सुपरीवेक्षण र अनुगमन गर्ने
- मेलमिलाप सम्बन्धी अन्य नीतिगत व्यवस्था गर्ने
- मेलमिलापकर्ताको सूची तयार गर्दा तालिम, अनुभव, आचरण, निश्पक्षता तथा निष्ठालाई विचार गरिने
- पूर्व न्यायाधीश, कानून व्यवसायी, स्थानीय निकायका पदाधिकारी, समाज सेवी, बहालवाला वा सेवानिवृत सरकारी अधिकृत, प्राद्यापक वा शिक्षक जोसुकै पनि मेलमिलाकर्ता हुन सक्ने
- व्यक्ति वा संस्था दुवै हुन सक्ने
- **मेलमिलापमा पठाउन सकिने मुद्दाहरुः**
- (क)प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दा
- (ख) मेलमिलाप गराउन उपयुक्त छ भन्ने सम्बन्धित इजलासलाई लागेमा
- (ग) मेलमिलापको प्रकृया अपनाउन मुद्दाको दवै पक्षहरुको सहमति भएमा

### ७.२.२ सामुदायिक मेलमिलाप केन्द्र

- कुनै विषयमा विवाद भै अदालतमा मुद्दा दायर हुनु भन्दा अगावै समुदायमा नै छलफल गराई मेलमिलाप गराउन सामुदायिक मेलमिलाप केन्द्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ।
- विवाद समाधानलाई सहज बनाउन सम्बन्धित समुलायले विवाद उत्पन्न भएपछि वा विवाद उत्पन्न हुनु अघिनै मेलमिलाप कर्ताको समूह तयार गर्न सक्छ।
- मेलमिलापकर्ताको समूहमा देहायका व्यक्तिहरु रहन सक्छन

  (क)स्थानीय समुदायका प्रतिष्ठित व्यक्तिहरु

  (ख)स्थानीय स्तरमा कार्यरत सामुदायिक संस्थाले तोकेका व्यक्तिहरु

  (ग)स्थानीय समाज सेवीहरु

  (घ)स्थानीयस्तरका विद्यालय वा महाविद्यालयमा कार्यरत शिक्षक वा प्राध्यापक

- समुदायमा आधारित मेलमिलाप कर्तालाई सम्बन्धित जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिकाले आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने।

### ७.२.३ परम्परागत मेलमिलाप प्रणाली

- मुखिया प्रणालीः मुस्ताङ जिल्लामा प्रचलित
- खादा याङजी प्रणालीः खोलुखुम्बुको शेर्पाजातिमा प्रचलित
- बडघर प्रणालीः बर्दीया जिल्लामा प्रचलित (थारु जातिमा)
- तमुधीः कास्की जिल्लाका गुरुङ समुदायमा प्रचलित
- पञ्चेतीः सप्तरी जिल्लाका खत्ने, मण्डल, चमार, कोइरी जातिमा प्रचलित
- शिर उठाउनेः धनकुटाको राई जातिमा प्रचलित

- बाह्राबस्ने चलनः बाँकेको मगन्ता जातिमा प्रचलित

### ७.२.४.आमा समुह तथा महिला समुह

बिभिन्न जिल्लाहरुमा गठन गरिएका आमा समुह तथा महिला समुहबाट समाजमा घट्ने घटनाहरुबाट पीडितह महिला, विपन्न, असहाय तथा असक्षमसमेतको हक अधिकारको संरक्षणको लागि विभिन्न प्रयास तथा पहलहरु गरिदै आएको छ। विशेष गरी मिलापत्र गर्न हुने खालका घटनाहरुलाई गाउँ घरमानै पीडितको हितार्थ पीडित र पीडकबीच मिलापत्र गराएर मुद्दा मामिलाहरुलाई स्थानीय स्तरबाटै निपटरा गराइने गरिएको छ।

### ७.२.५. स्थानीय क्लब

स्थानीय कल्बहरुबाट पनि स्थानीय स्तरमा हुने विवादहरुलाई स्थानीय स्तरमा मेलमिलापको माध्यमबाट मिलापत्र गराएर पीडितको हक अधिकारको संरक्षण तथा सम्बर्द्धनमा आफ्नो भूमिका निर्वाह गर्दै आएका छन।

### ७.२.६. मानव अधिकारसंग सबन्धित विभिन्न गैर सरकारी संघ सस्थाहरु

मानव अधिकारसंग सम्बन्धित विभिन्न जिल्लाहरुमा महिला, विपन्न, असहाय तथा असक्षमको क्षेत्रमा स्थापित संघ संस्थाहरुले पनि त्यस्ता व्यक्तिहरुको हक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि घटनाहरुको अनुगमन गर्ने, मिलापत्र गराउन हुने घटनाहरुको पीडित र पीडकबीच मेलमिलाप गराउने र मेलमिलाप हुन नसक्ने र गर्न नहुने घटनाहरुमा न्यायका लागि कानूनी सहायत उपलब्ध गराउने तथा त्यस्ता पीडितहरुको लागि अल्पकालिन आश्रयस्थलको रुपमा सेवा केन्द्रहरुको स्थापना गरेको पाईन्छ।

### ७.२.७.विभिन्न धार्मिक संस्थाहरु

विभिन्न धार्मिक संघ संस्थाहरुले पनि महिला, विपन्न, असहाय तथा असक्षमलगायतको हक अधिकारको संरक्षण तथा सम्बर्द्धनमा विभिन्न भूमिका निर्वाह गर्दै आएको पाईन्छ।

## ७.३ अन्तर्राष्ट्रि निकाय

**मानव अधिकारसम्न्धी प्रमूख अन्तर्राष्ट्रिय सन्धिहरुको अनुगमन तथा उजुरी सुन्ने निकायहरु**

- मानव अधिकार परिषद
- मानव अधिकार समिति
- आर्थिक, सामाजिक, तथा साँस्कृतिक समिति
- महिला विरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी समिति
- जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति
- बाल अधिकारसम्बन्धी समिति
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी समित
- यातना विरुद्धको समिति

# भाग ८

# कानूनी उपचार प्राप्त गर्दा राज्यबाट उपलब्ध हुन सक्ने सुविधा र सहायता

## ८. कानूनी उपचार प्राप्त गर्दा राज्यबाट उपलब्ध हुन सक्ने सुविधा र सहायता

उपचार विनाको अधिकारको कुनै महत्व नहुने हुँदा संविधान र कानूनले प्रदान गरेका अधिकारको प्रत्याभुतिको निमित्त अधिकार हननको स्थितिमा प्रभावकारी उपचारको व्यवस्था गरिनु अनिवार्य हुन्छ। साथै कानून बमोजिमको उपचार गर्ने क्रममा महिला, विपन्न, असहाय र असक्षमलगायतका व्यक्तिहरुको सम्बन्धमा राज्य विशेष रुपले संवेदनशील हुनु पर्दछ। आफ्नो हक अधिकारको प्रचलन गराउने सम्बन्धमा सक्षम र सम्पन्न व्यक्तिहरुको तुलनामा यस्ता वर्गका व्यक्तिहरु न्यायको पहुँचबाट टाढा रहन सक्ने सम्भावना ज्याद हुने हुँदा राज्यबाट केही निश्चित सुविधा र सहायताको प्रवन्ध गरिनु पर्दछ। हाम्रो सम्बन्धमा कानूनी उपचारको सिलसिलामा पीडितलाई उपलब्ध हुने सुविधा तथा सहयतालाई दुई भागमा विभाजन गर्न सकिन्छः-

- **राज्यबाट वा सरकारी स्तरबाट उपलब्ध हुने सुविधा तथा सहायता**
- **गैरसरकारी स्तरबाट उपलब्ध हुने सहायता**

### १. राज्यबाट वा सरकारी स्तरबाट उपलब्ध हुने सुविधा तथा सहायता

### १.१. संवैधानिक व्यवस्था

- प्रत्येक व्यक्तिलाई स्वतन्त्र निश्पक्ष र सक्षम अदालत वा न्यायीक निकायबाट स्वच्छ सुनुवाईको हक हुने
- असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुने

- कानून बमोजिम सामाजिक पुनर्सथापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने[240]

## १.२. कानूनी व्यवस्था

१.२.१ निम्न अवस्थामा केही वा सबै कोर्ट फि पछि लिने गरी नालेश, उजुर, पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउने निवेदन दर्ता गर्न सकिने

क) कोर्ट फि तिर्नु पर्ने व्यक्ति नितान्त गरीव भई लाग्ने कोर्ट फि सबै वा केही कोर्ट फि बुझाउन असमर्थ छ भन्ने मुद्दा हेर्ने अधिकारी वा न्यायधीश विश्वस्त हुने आधार भएमा।

ख) कोर्ट फि तिर्नुपर्ने व्यक्तिको झगडा परेको वस्तु बाहेक अन्य जायजेथा केही नभई कोर्ट फि दाखिल गर्न असमर्थ छ भनि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सिफारिस भई आएमा। कोर्ट फि ऐन २०१७ को दफा २३

**१.२.२** वेवारिसी सोह्र वर्ष मुनिको नावालकको मुद्दा, तारेखमा रहेको पचहत्तर वर्ष माथिको बुढाबुढीको मुद्दा, शारीरिक अशक्त भएको व्यक्तिको मुद्दा, महिला वादी वा पुनरावेदक भएको न्वारान गर्न पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा र विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दालाई प्राथमिकता दिई कारवाही किनारा गर्नु पर्ने (मुलुकी ऐन अ.वं ११ नं., बालबालिका सम्बन्धी ऐ, २०४८ को दफा ५७, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १० (ख), जिल्ला अदालत नियमावली, २०५२ नियम ३१, पुनरावेदन अदालत नियमावली, २०४८ नियम ५१, सर्वोच्च अदालत नियमावली,२०४९ नियम ६३)

---

240 नेपालको संविधानको धारा २० र २१

**१.२.३** सोह्र वर्ष नपुगेका नाबालकको र उमेर पुगेको भएपनि कुनै किसिमको रोगले होस ठेगानामा नभएका वा बौलाएका मानिसको कागज गराउनु पर्दा उसको संरक्षक वा हकवाला रोहवरमा राख्नु पर्ने । (अ.वं.२४ नं.)

**१.२.४** अन्धा अन्धी र वक्क लाटा लाटीको काजग गरिदिनु पर्दा उनीहरुको संरक्षक वा हकवाला भए निजको रोहवरमा र नभए निजै अन्धा अन्धी, लाटा लाटीले रोजेको सर्जमीनका मानिस रोहवरमा राख्नु पर्ने ।(अ.वं. २५ नं.)

**१.२.५** निम्न वमोजिमको व्यक्तिको हकमा एकाघर संग बसेका सोह्र वर्ष नाघेका हकवालाले वा त्यस्तो हकवाला नभएको व्यक्तिको हकमा निजलाई रेखदेख वा संरक्षण गर्ने व्यक्तिले अदालतको अनुमति लिई नालिस, प्रतिउत्तर, पुनरावेदन, निवेदन वा मुद्दा मामिला सम्बन्धी काम कारवाही गर्न सक्ने। (अ.वं.८३ नं.)

क) सोह्र वर्ष नपुगेको बालक

ख) उमेर पुगेको भए पनि बृद्धावस्था वा कुनै किसिमको कडा रोगले गर्दा होश ठेगानामा नभएको व्यक्ति।

ग) बौलाएको।

घ) दुवै आँखा नदेख्ने अन्धा अन्धी

ङ) वक्क लाटा लाटी

**१.२.६** महिलालाई केही कुराको अभियोग लागि आउदा वेमनासिव ठट्टा मस्करी गर्न नहुने ।(अ.वं. १३४ नं.)

**१.२.७** कुनै बालकको विरुद्ध लगाइएको फौज्दारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले मुद्दाको कारवाही र किनारा गर्ने छैन र यस्तो

अवस्थामा सम्बन्धित अदालतले नै नेपाल सरकारको तर्फबाट वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराई दिनु पर्छ ।(बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १९)

**१.२.८** कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाई गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नु पर्छ ।(ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १०(२))

**१.२.९** मानव बेच विखन तथा ओसार पसार अन्तरगतको कसूर सम्बन्धी मुद्दाको सुनुवाई हुँदा पीडितले चाहेमा छुट्टै कानून व्यवसायी मार्फत प्रतिनिधित्व गराउन सक्ने । (मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १०)

**१.२.१०** मानव बेचविखन तथा ओसार पसार कसूर सम्बन्धी मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्ने ।(मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ११)

**१.२.११** पीडितको स्वीकृति नलिई कसैले पनि निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकुल हुने गरी विवरण पत्र पत्रिकामा छाप्न वा अन्य संचार माध्यमबाट प्रचार प्रसार गर्न नहुने ।(मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा २५)

**१.२.१२** प्रहरीमा उजुर गर्ने वा अदालतमा बयान गर्ने वा साक्षीको रुपमा वकपत्र गर्ने व्यक्तिले सोही कारणबाट आफु असुरक्षित भएको मनासिव कारण देखाई सुरक्षाको

लागि प्रहरी कार्यालयमा अनुरोध गरेमा निम्न बमोजिमको सुरक्षाको व्यवस्था गरिदिनु पर्ने ।

क) मुद्दाको कारवाहीको सिलसिलामा अड्डा अदालत आउदा जादा सुरक्षा दिने।

ख) निश्चित अवधि सम्म प्रहरी सुरक्षामा राख्ने।

ग) पुनर्स्थापना केन्द्रमा राख्ने ।(मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा २६)

**१.२.१३** ज्येष्ठ नागरिक संग सम्बन्धित काममा सम्बन्धित निकायले प्राथमिकता दिई काम कारवाही सम्पादन गर्नु पर्ने ।(ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ११)

**१.२.१४ गोपनियता कायम गर्ने सम्बन्धि व्यवस्थाः-**

बलत्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचविखन, हाडनाता करणी एवं महिला विरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रुपमा महिला भएका फौजदारी मुद्दाहरु, बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरु, एच आइ भी एड्सबाट प्रभावित वा सक्रमित व्यक्तिहरुसंग सम्बन्धित मुद्दाहरुको अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाई, फैसला, फैसला कार्यान्वयन लगायतका सम्पूर्ण काम कारवाहीका क्रममा र फैसला कार्यान्वयन पश्चात पनि पीडित पक्षको रुपमा प्रस्तुत भएका व्यक्तिको परिचयात्मक विविरणहरु गोप्य राख्नु पर्ने गरी विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ ले व्यवस्था गरेको छ।

### १.२.१५ बन्द इजलाश सम्बन्धी व्यवस्था

बालबालिका, जवरजस्ती करणी, मानव वेचविखन तथा औसारपसार, नाता कायम, सम्बन्ध विच्छेद, बोक्सीको आरोप, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी मुद्दाहरु र पीडितको अनुरोधमा घरेलु हिंसा सम्बन्धी मुद्दाको सुनुवाई बन्ध इजलासबाट गरिने व्यवस्था रहेको।

### १.२.१६ वैतनिक वकिल सम्बन्धी व्यवस्था

कानूनी सहायता प्राप्त गर्न नसकेका असहाय, असक्त, नाबालक वा आर्थिक रुपमा विपन्न वा थुनुवा मानिस मुद्दाको पक्ष भएबाट कानूनी सहायता उपलब्ध गराउन आवश्यक देखेमा कानूनी लिखत तयार गर्न, बहस पैरवी गर्न जस्ता कानूनी सहायता पुर्याउन सवै तहको अदालतबाट वैतनिक कानन व्यवसायी गरिने व्यवस्था रहेको छ।

### १.२.१७ मेलमिलापका लागि पठाउने

कानून बमोजिम मिलापत्र हुन सक्ने कुनै मुद्दामा पक्षहरुका बीच मेलमिलाप गराउन उपयुक्त छ भन्ने सम्बन्धित इजलासलाई लागेमा र मेलमिलाप प्रक्रिया अपनाउन पक्षहरुको सहमति भएमा त्यस्तो मुद्दा मेलमिलाप कर्ताको रुपमा सुचिकृत भएका व्यक्ति वा सस्थासमक्ष मेलमिलापका लागि पठाउने व्यवस्था गरेको छ।

### १.२.१८ निरन्तर सुनुवाईको व्यवस्था

अपहरण तथा शरीर बन्धक, घरेलु हिंसा सम्बन्धी, जबरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार लगायतका मुद्दाहरु निरन्तर सुनुवाई गरि कारवाही किनार गरिने व्यवस्था गरेको

## १.२.१९ कानूनी सहायत सम्बन्धी ऐन, २०५४

कानूनी राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक कानूनी सहायत उपलब्ध गराउने उद्देश्यका साथ कानूनी सहायत सम्बन्धी ऐन, २०५४ तथा कानूनी सहायत सम्बन्धी नियमावली, २०५५ को निर्माण गरिएको हो। यस ऐनमा भएका मुख्य व्यवस्थाहरु निम्न बमोजिमका छनः

**कानूनी सहायत भन्नाले के बुझिन्छ?**

कानूनी सहायत भन्नाले असमर्थ व्यक्तिलाई राज्यको तर्फबाट दिईने कानूनी राय सल्लाह र त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारवाही सम्बन्धमा गरिने अन्य सेवासमेतलाई जनाउँदछ

**कस्तो व्यक्तिलाई कानूनी सहायत उपलब्ध गराईन्छ र यस्को निर्णय कस्ले गर्छ?**

तोकिएको वार्षिक आयभन्दा कम आय भएको (वार्षिक चालीस हजार भन्दा कम आय भएको), लैङ्गक हिंसा वा सशस्त्र द्वन्दबाट पीडित व्यक्तिले मात्र कानूनी सहायत प्राप्त गर्न सक्ने। कुनै व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने वा नगराउने कुराको निर्णय गर्ने अधिकार सम्बन्धित जिल्ला कानूनी सहायता समितिलाई हुने। सम्बन्धित समतिले कानूनी सहायता उपलब्ध गराउने विषयमा निर्णय गर्दा अरुलाई अनावश्यक रुपमा दःख दिने र आधारहिन मुद्दा गर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्न नहुने[241]

---

[241] कानूनी सहायत सम्बन्धी ऐन, २०५४ दफा ३

**कानूनी सहायता प्राप्त गर्न के गर्नु पर्छ?**

कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्तिले सम्बन्धित जिल्ला कानूनी सहायता समितिमा निम्न बमोजिमको विवरण तथा सिफारिस संलग्न गरी दरखास्त दिनु पर्छः

- कानूनी सहायता उपलब्ध गराइनु पर्ने विषयबस्तुको संक्षिप्त बिवरण
- आफ्नो पारिवारिक तथा आर्थिक स्थितिको बिवरण
- गाउँ विकास समितिको हकमा गाउँ विकास समितिको अध्यक्ष वा सदस्य वा सचिवको र नगरपालिकाको हकमा सम्बन्धित वडा अध्यक्षको सिफारिस
- कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्तिले दरखास्त फारम भर्न नजान्ने वा समितिको कार्यालयमा आई दरखास्त फारम भर्न नसक्ने अवस्थाका रहेछन भने निजले पत्याएको अन्य व्यक्तिले समितिमा दरखास्त दिन सक्ने
- कुनै व्यक्तिले कानूनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले कानूनी सहायता प्राप्त गरे वापत तोकिए बमोजिम सम्बन्धित समितिले गरेको खर्च समितिलाई सोधभर्ना गर्नु पर्ने। तर त्यस्तो व्यक्तिबाट कानूनी सहायता वापतको खर्च सोधभर्ना लिंदा सो व्यक्तिलाई मर्का पर्ने देखिएमा सम्बन्धित समितिले त्यसरी आफूले गरेको खर्च आंशीक वा पूर्ण रुपमा नलिने गरी छूट दिन सक्ने।[242]

---

[242] ऐ दफा ४

## २. गैरसरकारी स्तरबाट उपलब्ध हुने सहायताः

### २.१ नेपाल बार एसोशियसन बाट गरिने व्यवस्था

नेपाल बार एसोशियसनबाट जिल्लाहरुमा कानूनी सहायता कार्यक्रम अन्तर्गत महिला, विपन्न, असक्षम तथा असहायसमेतको न्यायको लागि कानूनी सहायत प्रदान गरेर हक अधिकारको संरक्षण तथा सम्बर्द्धनमा योगदान पुऱ्याएको पाईन्छ।

### २.२ अन्य गैरसरकारी संस्थाहरु

महिला, विपन्न, असहाय तथा असक्षमलगायतको हक अधिकारको संरक्षणको लागि यस क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संघ संस्थाहरुले मुद्दा मामिलामा कानूनी सहायता देखि लिएर अड्डा अदालतमा बहस पैरवी समेतका काम कारवाहीहरु गर्दै आएका छुन। जसको माध्यमबाट त्यस्ता वर्गका मानिसहरुको हक अधिकार संरक्षण गर्ने कार्यमा मद्दत पुगेको पाईन्छ।

# भाग ९

# अधिकारको प्रचलन सम्बन्धमा कानून र व्यवहारमा देखिएका समस्या र समाधानको उपाय

# ९. अधिकारको प्रचलन सम्बन्धमा कानून र व्यवहारमा देखिएका समस्या र समाधानको उपाय

**समस्या**

महिला, विपन्न, असहाय र अशक्त व्यक्तिहरुको अधिकार सम्बन्धमा प्रचलित कानूनमा भए गरिएका कानूनी व्यवस्थाहरु सम्बन्धित कानूनले समेटेको मर्म भावना र उद्देश्य अनुरुप प्रभावकारी रुपमा व्यवहारमा लागु गर्ने सम्बन्धमा केही समस्याहरु देखिएका छन्। उदाहरणस्वरुप केही समस्याहरुको चर्चा तल गरिएको छ। जसको समाधान वा निराकरणको लागि आवश्यक संयन्त्र, विधि र प्रकृया निर्धारण हुनु जरुरी छ।

- घरेलु हिंसा सम्बन्धी कसूर अपराधको पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अदालतले उजुरीको अन्तिम निर्णय नभए सम्मको लागि पीडितको नाममा निम्न बमोजिमको अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने व्यवस्था गरेको छ ।

क) पीडितलाई निज बसी आएको घरमा बसोवास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न।

ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन।

ग) पीडक र पीडितलाई अलग अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग वस्दा पीडितको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न

घ) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न/नगराउन। घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा

तर उपर्युक्त अन्तरिम संरक्षणात्मक आदेश सम्बन्धी व्यवस्था पीडकको सहयोगात्मक भावनाको अभावमा र आदेश कार्यान्वयन र अनुगमन गर्ने प्रष्ट व्यवस्थाको अभावमा समुचित एवं प्रभावकारी रुपमा लागु हुनु सकेको भने पाइदैन।

- घरेलु हिंसा कसूर र सजाय ऐन, २०६६ को दफा ६ मा प्रारम्भिक छानविनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले अन्तिम निर्णय नभएसम्मको लागि अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने व्यवस्था गरिएको छ। तर प्रारम्भिक छानविन अदालत आफैले गर्ने वा कसले गर्ने, कहिले गर्ने? संरक्षणात्मक आदेशको माग गर्नु पर्ने नपर्ने? सम्बन्धमा ऐनको व्यवस्था मौन छ।
- घरेलु हिंसा सम्बन्धी मुद्दा हेर्न शुरु तहमा छुट्टै Fast Track Court गठन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट मिति २०६६।४।२८ मा निर्देशनात्मक आदेश भए तापिन सो अनुरुप Fast Track Court गठन भएको छैन, जसले गर्दा मुद्दाको शिघ्र कारवाही हुन नसकेको अवस्था विद्यमान रहेको छ।
- कतिपय समुदाय वा समाजमा घरेलु हिंसाको कार्यलाई अपराध नमान्ने सामाजिक मान्यता/संस्कार रहेबाट पीडितको उजुरी परेपछि पनि पीडकलाई ल्याएर सम्झाई बुझाईसम्म गरी वा सामान्य हप्काएर छोड्ने प्रवृति रहेबाट पीडित महिलाले उजुर गर्न नै हिचकिचाउने वा उजुर नै नगरी पीडा सहेर बस्नु पर्ने स्थित रहेको पाइन्छ

- गंभिर प्रकृतिका घरेलु हिंसाका मुद्दामा पनि पीडकलाई थुनामा राखी कारवाही गर्ने व्यवस्था नभएकोले उजुरी पश्चात पीडकको अनुचित दभाव र प्रभावको कारण पीडितहरु पीडकको पक्षपोषण हुनेगरी अदालतमा उपस्थित (Hostile)हुने, मुद्दा फिर्ता लिने, जवरजस्ती मेलमिलाप गर्ने जस्ता अभ्यासहरु पनि रहेको पाईन्छ।
- घरेलु हिंसा कसूर र सजाय ऐन, २०६६ बमोजिम स्थापन गर्नु पर्ने सेवा कोष र सेवा केन्द्र सवै जिल्लाहरुमा स्थापना नएको कारणले सो ऐन अनुसारको सेवा सुविधा पीडितले प्रभावकारी रुपमा प्राप्त गर्न नसकेको।
- मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा २६ बमोजिम मानव वेच विखन तथा ओसारपसार सम्बन्धी मुद्दाको उजुर कर्ता, पीडित र साक्षीलाई निजकै अनुरोधमा प्रहरी कार्यालयले मुद्दाको कारवाहीको सिलसिलामा अड्डा अदालत आउँदा जाँदा सुरक्षा दिने, निश्चित अवधि सम्म प्रहरी सुरक्षामा राख्ने र पुनर्रस्थापना केन्द्रमा राख्नै पर्ने जस्ता व्यवस्थाहरु आर्थिक, सामाजिक एवं व्यक्तिगत दवाव/प्रभावका कारण पीडित वा साक्षी स्वयंको असयोगको कारण व्यवहारमा पूर्णरुमा लागु भएको अवस्था देखिदैन।
- मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३(१) मा पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्ने छ भन्ने व्यवस्था भए अनुसार सुविधाजनक रुपमा उपलब्ध हुन सक्ने गरी पर्याप्त/आवश्यक संख्यामा पुनर्स्थापना

केन्द्रको व्यवस्था नभएको कारण उक्त ऐनमा भएको सुविधा सबै पीडितलाई उपलब्ध हुन नसकेको अवस्था रहेको छ।

- बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ बमोजिम कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानून बमोजिम थुनामा बस्नुपर्ने बालक, प्रचलित कानून बमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानु पर्ने बालक, लागू औषधको कुलतमा लागेको बालक, बाबु आमा वा घर परिवारबाट भागी हिड्ने गरेको बालक र अनैतिक वा अवाञ्छनीय कृयाकलापमा संलग्न व्यक्तिहरुसंग वा निजहरुको कृयाकलापसंग कुनै प्रकारको संलग्न रहेको बालकलाई बाल सुधार गृहमा राख्नुपर्ने गरी भएको कानूनी प्रावधान लागु गर्न पर्याप्त संख्यामा बालसुधार गृह नभएको हुँदा हउक्त कानून व्यवहारमा कार्यान्वयन गर्न कठिनाई रहेको।
- प्रचलित कानून बमोजिम कैदको सजाय भएको बालकलाई बालसुधार गृहमा राख्नु पर्ने गरी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ (२)(ख) मा व्यवस्था भएको र सर्वोच्च अदालतबाटसमेत सोही अनुरुप बालसुधार गृहमा राख्नु पर्ने गरी फैसला भै रहेको पाईन्छ। सो व्यवस्था बमोजिम बालसुधार गृहमा पठाइएको बालबालिका बालसुधार गृहमा रहेकै अवस्थामा वयस्क भयो भने के गर्ने? बाल सुधार गृहमा रहने गरी निश्चित गरिएको अवधिभर सुधार गृहमा नै रहने वा साबालक भएपछि बाँकी रहेको कैदको अवधी भुक्तान गर्न कारागार पठाउने? भन्ने सम्बन्धमा विधायीकी प्रवन्ध मौन रहेको छ।

- बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ मा बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार बाल अदालतलाई हुने गरी मुद्दा सुन्ने अधिकार र कार्यविधि सम्बन्धमा विशेष व्यवस्था गर्ने उल्लेख भए तापनि व्यवहारमा सो उद्देश्य सफलरुपमा कार्यान्वयन हुन सकेको पाईदैन।
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ७ मा यातना दिने कार्यमा संलग्न सरकारी कर्मचारीलाई जिल्ला अदालतले प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्ने व्यवस्था गरे तापनि अदालतबाट भएको त्यस प्रकारको आदेश कार्यान्वयन गर्न सम्बन्धित निकायको तत्परता भने सन्तोषजनक पाइदैन।
- कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा ३ मा यो ऐन प्रारम्भ हुँदा कमैया श्रमिकको रुपमा काम गरेको व्यक्ति ऐन लागु भएपछि कमैया श्रमिकबाट स्वतः मुक्त हुने व्यवस्था गरे अनुरुप मुक्त कमैया श्रमिकहरुको पुनर्स्थापनाको लागि आवास, शिक्षा, रोजगारमूलक तालिम एवं आय आर्जन सम्बन्धी व्यवसाय आदिको प्रभावकारी व्यवस्थापनको अभाव हुदा मुक्त कमैया सम्बन्धी समस्या विद्यमान रहेको।
- पीडित महिला, बालबालिका, दलितसमेतका उजुरीहरु सम्बन्धित निकायमा दर्ता गर्ने क्रममा त्यस्ता निकायहरुबाट उचित सम्बोधन नहुँदा निजहरुको अधिकार बहालीमा समस्या देखिएको भन्ने गुनासो रहेको पाइएको।

- प्रथाजन्य हिंसा (जस्तो छाउपडी प्रथा उन्मुलन गर्ने वा यस्तो प्रथालाई दण्डनिय बनाउने सम्बन्धमा आश्यक कानूनको अभाव रहेको।

**समस्या समाधानका उपाययहरु**

- महिला, विपन्न, असहाय र असक्षमहरुलाई आर्थिक तथा सामाजिक रुपमा सक्षम बनाउनु पर्ने,
- अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको काम कारवाहीहरुलाई समन्वयात्मक रुपमा अगाडी बढाउनु पर्ने,
- संविधान तथा प्रचलित ऐन कानूनहरुमा महिला, विपन्न, असहाय र असक्षम समेतको अधिकारहरुको बारेमा निजहरुलाई विशेष अभियानको साथ सचेतिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने,
- महिला, विपन्न, असहाय र असक्षम समेतको अधिकारहरुको बारेमा कर्तव्यवालाहरुलाई (सरकारी कर्मचारी) विशेष अभियानका साथ अन्तक्रिया गर्ने,
- महिला, विपन्न, असहाय र असक्षमहरुलाई आर्थिक, सामाजिक तथा राजनीतिक रुपमा सक्षम बनाउनु पर्ने,
- अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको काम कारवाहीहरुलाई समन्वयात्मक रुपमा अगाडी बढाउनु पर्ने,
- पर्याप्त सख्यामा बाल सुधार गृहहरुको स्थापना गर्नु पर्ने,
- बालबालिका सम्बन्धी कसूर अपराधमा बालबालिकालाई बालसुधार गृहमा पठाउने उद्देश्य नै भविश्यमा बालबालिकाको समाजमा पुनर्सथापन हुन सकोस भन्ने नै रहेको हुँदा सावालक भएपछि कारागार पठाइएमा पहिले बाल सुधार

गृहमा पठाइएको व्यवस्थापनि सार्थक नहुन सक्ने हुंदा बाँकी रहेको कैदको अवधी पनि सुधार गृहमानै रहने व्यवस्था हुनु पर्ने,

- बालबालिका सम्बन्धी ऐनले राखेको उद्देश्य अनुरुप बालबालिका वादी वा प्रतिवादी  भएको मुद्दाको सुनुवाईको निम्ति छुट्टै बाल अदालत स्थापना गर्ने सम्बन्धमा अग्रसर हुनपर्ने
- अदालतबाट भएका आदेश तथा फैसलाको सिघ्र कार्यान्वयनको लागि सम्बन्धित निकायहरुले सिघ्रता दिनु पर्ने,
- मुक्त कमैया श्रमिकहरुको पुनर्स्थापनाको लागि आवास, शिक्षा, रोजगारमूलक तालिम एवं आय आर्जन सम्बन्धी काम कारवाहीहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने,
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ६ बमोजिम जारी भएको अन्तरिम संरक्षणात्मक आदेश कार्यान्वयन र अनुगमनको व्यवस्था प्रष्ट हुनु पर्ने र आदेश उल्लंघनको कार्यलाई अपराध घोषित गरी कडा सजाय हुने व्यवस्था गरिनु पर्ने,
- घरेलु हिंसा सम्बन्धी अपराधलाई गम्भीर अपराध र साधारण अपराध गरी २ वटा सूचीमा समावेश गर्ने र गम्भीर प्रकृतिको अपराध र साधारण अपराधको सम्बन्धमा अलग अलग कार्यविधि अपनाउनु उपयुक्त हुने,
- पुनर्स्थापना केन्द्राहरुलाई प्रत्येक जिल्लामा एउटा रहने गरी व्यवस्था गर्नु पर्ने र सोलाई आर्थिक तथा भौतिक रुपले सक्षम बनाउनु पर्ने

# भाग १०

# निष्कर्ष र सुझाव

# १० निष्कर्ष र सुझाव

प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण, सम्वर्द्धन, सम्मान तथा प्रवर्द्धनको सुनिश्चितता गर्नु नै राज्यको प्रमुख दायित्व हुने हुँदा केही विशेष अवस्थामा रहेका व्यक्तिहरुको हकमा राज्य विशेषरुपले संवेदनशील हुनु आवश्यक हुन्छ। हाम्रो संविधानले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवाशी, आदिवासी जनताती, मधेशी, थारु, मुश्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किशान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त र असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने मान्यतालाई आत्मसात गरेको पाईन्छ।

महिला, विपन्न, असहाय र असक्षम समेतको अधिकार सम्बन्धमा हाम्रा विभिन्न कानूनहरुमा स्पष्ट एवं किटानी व्यवस्था गरिएको छ। हाम्रा कानूनमा भए गरेका व्यवस्थाहरुले मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, अनुवन्ध तथा इच्छाधिन आलेखहरुमा उल्लेख गरिएका मान्यतालाई अंगिकार गरिएको छ। कानूनको निर्माणद्वारा अधिकारको सुनिश्चितता गर्नु एउटा पाटो हो भने सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयन अर्को महत्वपूर्ण पक्ष हो। कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विभिन्न प्रकारका योजना तथा कार्ययोजनाहरु तयार गरेर लागू गरिनु पर्ने सन्दर्भमा महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरुको न्यायमा पहुँच वृद्धि गर्ने प्रयोजनको लागि के कस्ता कार्यक्रमहरु संचालन गरिएका छन? त्यस्ता कार्यक्रमहरुको प्रभावकारीता कस्तो रहेको छ? कानून कार्यान्यनको सिलिसलामा के कस्ता बाधा अडचनहरु देखा परेका छन? न्यायमा पहुँच अभिवृद्धि गर्न कुन कुन क्षेत्रमा के कस्ता सुधारहरुको आवश्यकता छ? भैरहेको कानूनी व्यवस्थाको पुनरावलोकन जरुरी छ छैन? कानूद्वारा प्रदान गरिएको अधिकारको प्रत्याभूतिको निमित्त प्रशासकीय वा व्यवस्थापकीय पक्ष तथा न्यायीक प्रकृयामा समेत **सुदृढीकरण** एवं सुधारको

आवश्यकता छ छैन? आदि विषयमा विवेचना हुनु जरुरी छ यस  सम्बन्धमा हाम्रा केही कानूनहरुमा र केही व्यवस्थापकीय एवं न्यायीक प्रकृयामा परिमार्जन र सुधार गरिनु पर्ने अवस्था रहेकोले निम्न बमोजिमको सुझाव प्रस्तुत गरिएको छः

**सुझावः**

(१) कानून सवैले जानेको हुनु पर्छ र कानूनको अज्ञानता क्षम्य नहुने भन्ने सिद्धान्त रहेको छ। तर हाम्रो सन्दर्भमा महिला, विपन्न, असहाय र असक्षम वर्गहरुमा सिमित मात्रामा मात्र कानूनको ज्ञान राख्ने व्यक्तिहरु रहेको पाईन्छ। अधिकांशलाई आफूसंग सम्बन्धित कानूनको पनि ज्ञान नरहेको अवस्था विद्यमान रहेको छ। लक्षित बर्गलाईनै सम्बन्धित कानूनको ज्ञान छैन भने त्यस्तो कानूनको उपादेयता वा प्रतिफल सकारात्मक हुन सक्दैन। कुन कानूनले के कस्ता अधिकार दिएको छ? उजुरी गर्न कहाँ जानै? कहिले जाने? कसरी जाने? कति शुल्क लाग्ने? कानूनी सेवा पाउने वा नपाउने? के कस्तो कानूनी उपचार पाईन्छ वा पाइदैन? भन्ने सम्बन्धमा कानूनी ज्ञानको अभावमा कतिपय अवस्थामा पीडितले उपचार पाउन नसकी न्यायको पहुँच भन्दा टाढा नै रहनु पर्ने स्थिति रहेको समेत पाईन्छ। तसर्थ सम्बन्धित वर्गमा कानूनको व्यवस्था बारे ज्ञान, सूचना र जनचेतना जागरण गराउनको लागि चेतनामूलक कार्यक्रमहरु सरकारी तथा गैर सरकारीस्तरबाट संचालन गरिनु पर्दछ।

(२) कानून कार्यन्वयन गर्ने अधिकारीहरुलाई पनि महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरुको सम्बन्धमा बनेका नयाँ नयाँ कानूनहरुको सम्बन्धमा जानकारी गराउनसमेतका लागि पुनर्ताजगी तालिमहरु (Refresher Training) सञ्चालन गर्नु उपयुक्त हुन्छ।

(३) पुरातनवादी सोच, व्यवहार र मान्यताको कारण छुवाछुत, छाउपडी तथा बोक्सा बोक्सीको आरोप जस्ता विभेदजन्य व्यवहार उन्मूलन गर्न र सो सम्बन्धी कानून कार्यान्वयन गर्न चुनौतिपूर्ण रहेको हुँदा समाजिक जागरण सम्बन्धमा पनि सरकारीस्तरबाट कार्यक्रम संचालन गरिनु पर्दछ।

(४) महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरुको कमजोर आर्थिक अवस्थाका कारण पनि न्यायमा पहुँच कमजोर रहेको देखिंदा त्यस्ता वर्गहरुको आर्थिक अवस्था सवल गराउनको लागि राज्यको तर्फबाट विशेष पहल गर्नु पर्दछ।

(५) अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको काम कारवाहीलाई समन्वयात्मक तथा एकिकृत रुपमा अगाडी बढाउनु पर्दछ।

(६) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ६ मा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अदालतले उजुरीको अन्तिम निर्णय नभए सम्मको लागि पीडितको नाममा अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने व्यवस्था गरिएको छ। तर उक्त अन्तरिम संरक्षणात्मक आदेश पूर्णरुपमा कार्यान्वयन हुन नसकी निश्प्रभावी प्राय रहेको अनुभव गरिएको छ। साथै पीडितले अन्तरिम संरक्षणात्मक देशको माग गर्नु पर्ने नपर्नेमा पनि द्विविधाजनक स्थिति रहेको पाईएको छ। अतः अन्तरिम संरक्षणात्मक आदेशको प्रभावकारी कार्यान्वयनको लागि निम्न बमोजिमको कानूनी व्यवस्था हुनु आवश्यक छः

(क) पीडितले आफूलाई तत्काल संरक्षणको आवश्यकता छ भनी अन्तरिम संरक्षणात्मक आदेशको माग गर्नु पर्ने।

(ख) अन्तरिम संरक्षणात्मक आदेशको कार्यान्वयन र अनुगमन सम्बन्धमा कानूमानै स्पष्ट व्यवस्था गर्नु पर्ने।

(ग) अन्तरिम संरक्षणात्मक आदेशको उलंघनको कार्यलाई अपराध घोषित गर्ने र दण्डनीय बनाउने गरी कानूनी व्यवस्था हुनु पर्ने।

(७) घरेलु हिंसा सम्बन्धी अपराधलाई गम्भीर प्रकृतिको अपराध र साधारण अपराध गरी २ (दुई) वटा सूचीमा वर्गिकरण गर्ने र गम्भीर प्रकृतिको अपराध र साधारण अपराधको सम्बन्धमा अलग अलग कार्यविधि अपनाउने गरी कानूनी व्यवस्था गर्नु पर्ने।

(८) घरेलु हिंसा सम्बन्धी मुद्दा हेर्न शुरु तहमा छुट्टै Fast Track Court को व्यवस्था नहुदा मुद्दाको कारवाहीमा विलम्व भै न्यायमा पहुँचको उद्धेश्य प्राप्तिमा वाधा पुग्ने भएकोले शुरु तहमा छुट्टै Fast Track Court को व्यवस्था हुनु पर्ने।

(९) घरेलु हिंसा लगायतका महिला विरुद्ध हुने अपराधको विरुद्धमा गरिने कारवाहीको सहजिकरणको लागि सम्पर्क विन्दुको रुपमा काम गर्ने "महिला संरक्षण अधिकृत" को कानूनमा व्यवस्था भए बमोजिम प्रत्येक जिल्लामा छुट्टै "महिला संरक्षण अधिकृत" को व्यवस्था गरी सो बारे स्थानीय स्तरमा पर्याप्त जानकारी गराउन सकेमा पीडित महिलाको न्यायमा पहुँच बृद्धि हुन सक्ने हुँदा यस सम्बन्धी व्यवस्था यथाशिघ्र कार्यान्वयन हुन जरुरी छ।

(१०) घरेलु हिंसा द्वारा पीडित महिलाको सहयोगको लागि "सेवा कोष" र "सेवा केन्द्र" स्थापना गर्नु पर्ने कानूनी व्यवस्था अनुरुप सवै जिल्लामा घरेलु हिंसा (कसूर र सजाय) नियम, २०६७ को नियम १० बमोजिमको मापदण्ड अनुसारको सेवा केन्द्रको स्थापना गरिनु पर्ने।

(११) मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३(१) मा व्यवस्था भए बमोजिम पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि पर्याप्त र आवश्यक संख्यामा "पुनर्स्थापना केन्द्र" को व्यवस्था हुनु पर्ने।

(१२) बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ (ख) मा प्रचलित कानून बमोजिम कैदको सजाय भएको बालक लाई बाल सुधार गृहमा राख्नु पर्ने व्यवस्था बमोजिम बाल सुधार गृहमा पठाइएको बालबालिका बालसुधार गृहमा रहेकै अवस्थामा वयस्क भयो भने के गर्ने? बाल सुधार गृहमा रहने गरी तोकिएको अवधीभर सुधार गृहमा नै राख्ने? वा साबालक भए पछि वाँकी रहेको कैदको अवधी भुक्तान गर्न कारागार पठाउने? भन्ने सम्बन्धमा विधायीकी प्रवन्ध मौन रहेको पाईएकोले सो सम्बन्धमा कानूनमानै स्पष्ट व्यवस्था हुन पर्दछ।

(१३) बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ बमोजिम बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार बाल अदालतलाई हुने व्यवस्था गरिए अनुरुप बाल अदालत गठन गरिनु पर्ने।

(१४) बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२ बमोजिम पऱ्याप्त बाल सुधार गृहको स्थापना नहुदा सोही दफामा उल्लेख भए बमोजिम थुना वा कैदमा बस्नुपर्ने बालबालिकालाई बालसुधार गृहमा नभै प्रहरी हिरासत वा कारागारमा राख्नुपर्ने बाध्यता हुंदा पऱ्याप्त संख्यामा बालसुधार गृहको स्थापना गर्नु पर्ने।

(१५) मुक्त कमैया श्रमिकहरुको पुनर्स्थापनाको लागि आवास, शिक्षा, रोजगारमूलक तालिम एवं आय आर्जन सम्बन्धी काम कारवाहीहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने।

(१६) अपाङ्गता भएका व्यक्तिहरुको सहज न्यायमा पहुँचको लागि अदालतका भवनहरुलाई अपाङ्गमैत्री बनाईनु पर्ने।

(१७) अपहरण तथा शरीर बन्धक, घरेलु हिंसा सम्बन्धी, जबरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार लगायतका मुद्दाहरु निरन्तर सुनुवाई गरी कारवाही किनार गरिने व्यवस्था भए बमोजिम त्यस प्रकृतिका मुद्दाहरुलाई यति दिनभित्र छिन्नु पर्ने गरी समयावधी तोकिनु पर्ने।

(१८) छाउपडी जस्तो प्रथाजन्य हिंसालाई सम्वोधन गर्नको लागि हाल निर्देशिका जारी भएको छ तर उक्त निर्देशिकालेमात्र छाउपडी जस्तो जटील समस्यालाई सम्वोधन गर्न नसक्ने हुँदा यस सम्बन्धमा छुट्टै कानूनको निर्माण हुनु पर्ने।

(१९) आर्थिक रुपले विपन्न व्यक्तिको हकमा अदालतबाट वैतनिक कानून व्यवसायी राख्ने सुविधा प्रदान गरिए तापनि वैतनिक कानून व्यवसायीले थुनाको मुद्दामा मात्र बढी ध्यान केन्द्रीत गर्नु पर्ने भएकोले मिहिला आदिको मुद्दामा प्रतिनिधित्व हुन नसकेको यथार्थ रहेबाट सोको निराकरण सम्बन्धमा आवश्क व्यवस्था हुनु पर्ने।

# सन्दर्भ सामग्री

(१) मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८

(२) दासत्व महासन्धि, १९२६

(३) सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

(४) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६

(५) आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

(६) महिला विरुद्ध हुने सवै प्रकारको भेदभाभ उन्मुलनसम्बन्धी महासन्धि, १९७९

(७) अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६

(८) बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

(१०) नेपालको संविधान

(११) तेह्रौ योगना ( आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

(१२) सर्वोच्च अदातलको वार्षिक प्रतिवेदन (२०७०/०७१)

(१३) न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२-०७५/७६)

(१४) न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७२/०७३

(१५) सर्वोच्च अदालतबाट प्रकाशित विभिन्न वर्षका नेपाल कानून पत्रिकाहरु

(१६) विद्यालयका शिक्षकहरुका लागि मानव अधिकार श्रोत-पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन ललितपुर, नेपाल

(१७) सुरक्षाकर्मीहरुका लागि मानव अधिकार स्रोत-पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन ललितपुर, नेपाल

(१८) दलितसम्बन्धी कानूनी प्रावधानहरुको संगालो, राष्ट्रिय दलित आयोग, कानून, मानव अधिकार तथा अन्तर्राष्ट्रिय क्षेत्र

(१९) मानव अधिकार प्रश्नउत्तर संगालो, २०७१ राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन ललितपुर, नेपाल

(२०) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

(२१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

(२२) गाली बेइज्जती ऐन, २०१६

(२३) निजामती सेवा ऐन, २०४९

(२४) स्थानीय स्वायत्त शासन ऐन, २०५५

(२५) शिक्षा नियमावली, २०५९

(२६) एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावल, २०७०

(२७) मुलुकी ऐन, २०20

(२८) बालबालिकासम्बन्धी ऐन, २०४८

(२९) स्थानीय स्वायत्त शासन ऐन, २०५५

(३०) बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

(३१) बाल न्याय सम्बन्धी कार्यविधी नियमावली, २०६४

(३२) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

(३३) आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९

(३४) आपतकालिन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७

(३५) गाली बेईजती ऐन, २०१६

(३६) स्थानीय स्वायत्त शासन ऐन, २०५५

(३७) शिक्षा नियमावली, २०५९

(३८) नागरिक अधिकार ऐन, २०१२

(३९) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८

(४०) चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ऐन,२०२६

(४१) महेन्द्र संस्कृत विश्विवद्यालय ऐन, २०४३

(४२) जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८

(४३) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९

(४४) शिक्षा नियमावली, २०५९

(४५) ज्येष्ठ नागरिक ऐन, २०६८

(४६) स्थानीय स्वायत्त शासन ऐन, २०५५

(४७) श्रम ऐन, २०४८

(४८) कमैया श्रम (निषेष गर्ने) सम्बन्धी ऐन, २०५८

(४९) बैदेशिक रोजगार ऐन, २०६४